# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यता र संस्कृतिको विकासका साथसाथै मानव समाज पनि अत्यन्तै जटिल बन्दै गइरहेको छ जसले एउटा निश्चित उद्देश्य परिपूर्तिका लागि समयानुकुल विभिन्न किसिमका सामाजिक संस्थाहरूको सृजना गर्दै तिनीहरूलाई व्यवहारिक रूप दिंदै आइरहेको छ । समयानुकुल ती सामाजिक संस्थाहरूको संरचना एवं कार्यक्षमतामा पनि परिवर्तन हुदै गइरहेको पाइन्छ । यी यस्ता सामाजिक संस्थाहरूमध्ये विवाह पनि एक संस्था हो । जुन मानव जीवनको लागि महत्त्वपूर्ण छ । जसको उत्पति विभिन्न सामाजिक आवश्यकता पूर्तिका लागि मानव सभ्यताको विकास सँगसगै भएको हो ।

विवाह एक आधारभूत सामाजिक संस्था हो । समाजका विभिन्न इकाइ हरू मध्ये विवाह एक त्यस्तो संस्था हो, जसले सामाजिक व्यवस्थालाई निरन्तरता दिनका साथै सृष्टि अगाडि बढाउनमा महत्वपूर्ण योगदान दिंदै आएको छ । विवाहबाट नै परिवार र नाता सम्वन्ध जस्ता सामाजिक संस्थाहरूको विकास हुन्छ जसको समाज विकासमा महत्वपूर्ण स्थान हुन्छ । विवाहबाट नै मानिसले यौन सन्तुष्टि प्राप्त गर्न, बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई निरन्तरता दिन सक्छ । विवाहले सामाजिक सुरक्षा प्रदान गर्न र सामाजिक एकतालाई सुदृढ तुल्याउँछ भने सामाजिक दायित्व र कर्तव्यको बोध गराउँछ (आचार्य, २०६२) ।

व्यक्तिको समुचित विकास र व्यक्तित्व निर्माणमा जीवन साथीको महत्त्व हून्छ । यसले समाजमा विभिन्न प्रकार्यात्मक भूमिका निभाउछ त्यसकारण विवाह मानव समाजको अनिवार्य सामाजिक कार्य हो तर समाजमा उमेर नपुग्दै पनि विवाह गरिदिने प्रचलन पाइन्छ ,जसलाई हामी बालविवाह भन्दछौं । शारीरिक, मानसिक र सामाजिक रूपमा सक्षम नहुँदै बाल्यकालमै भएको विवाहलाई बालविवाह भनिन्छ । यसको पृष्ठभूमि हेर्दा विगतदेखि आजको वैज्ञानिक समय सम्ममा पनि बालविवाह सामान्य देखिन्छ । विगतमा पनि बालविवाहको प्रचलन व्यापक थियो र आजपनि विविध स्थान जाति जनजातिमा यसले निरन्तरता पाइरहेको देख्न सकिन्छ । विश्वका विभिन्न राष्ट्रहरूमा बालविवाहले स्थान

पाइरहेको अवस्था छ भर्खरैको एक तथ्याङ्क अनुसार विश्वमा बालविवाह हुने विभिन्न क्षेत्र मध्ये दक्षिण एशिया र कतिपय अफ्रिकी मुलुक अग्रपंक्तिमा पर्दछन् । बालविवाह धेरै हुने राष्ट्रमा विशेष गरी नेपाल, माली, बगलादेश, भारत हुन । (युनिसेफ, २०१२)

बालविवाहको सन्दर्भ र पृष्ठभूमिलाई हेर्दा विभिन्न आवश्यकता पुरा गर्न विवाह संस्थाको जन्म भएता पनि समय काल खण्डसागै सामाजिक आएका विभिन्न धारणा, मान्यताको विकास पश्चात विवाहलाई ती विभिन्न अन्य  पक्षहरूसंग जोडेर गरिन थालियो । फलस्वरूप वैवाहिक स्वरूप र परिणाममा परिवर्तन हुन थाल्यो । तर फरक-फरक दृष्टिकोण, मान्यता र विश्वाससँग जोडेर विवाह गर्ने गर्नाले यसबाट समाजमा विभिन्न समस्याहरू पनि देखिएका छन् । जसमध्ये बालविवाह पनि एक हो । बालविवाह समाजको नौलो घटना  होइन । तर विभिन्न दुष्परिणामका बाबजुत पनि यसको निरन्तरतालाई हेर्दा यो विगत देखि वर्तमान सम्मको सामाजिक समस्या हो । बालविवाह कहिले देखि कसरी सुरु हुन थाल्यो भन्ने सम्बन्धमा एकिन गर्न सकिने श्रोतको फेला परेको छैन । बालविवाह प्रथाको प्रारम्भ चाँहि ब्राम्हणहरूबाट नै भएको कुरा केही ऐतिहासिक प्रसंगबाट थाहा हुन्छ । बालविवाह हिजो र आज (१९९६) का अनुसार भारतीय उपमहाद्वीपमा अझ विशेषत भारत वर्षका निश्चित भूखण्डहरूमा अनार्यहरूलाई विजेता आर्यहरूले आफ्ना नोकर चाकरका रूपमा राखेर काम लगाउन थालेपछि र सौन्दर्यबाट वशिभूत भएर आर्यहरूले अनार्य कन्याहरूसित पनि विवाह गर्न थालेपछि आर्य कन्याहरूको पारिवारिक सम्मान र मर्यादामा ह्रास हुदै जान  थाल्यो । आर्य पुरुषहरूले घरायसी काम र विलासिताको तृप्ति अनार्य सुन्दरीहरूबाट यथेष्ट मात्रामा उपलब्ध गर्न थालेपछि आर्य कन्याहरू जातीय रक्त संरक्षणका लागि मात्र प्रयोजनीय मानिन थाले । समाजमा आर्य युवतीहरूमा अनार्य रक्त सम्मिश्रण नहोस भन्ने नियतले अथवा बढ्दो विलासप्रियता र अनैतिक प्रवृत्तिबाट डराएर समाजमा बालविवाहको प्रथा चलाईयो । त्यस समयखण्डमा धर्माचार्यहरूले आफ्नो जातप्रतिको प्रतिवद्धता कठोरता र अन्तरजातीय विवाहमा प्रतिवन्धका लागि बालविवाहको विधान प्रस्तुत गरेका थिए । (बाल विवाह हिजो र आज, १९९६)

वैदिककालमा छोराछोरी दुवैलाई जातीय संस्कार प्रदान गरिने र तत्कालीन परिवेशमा उपलब्ध सम्पूर्ण ज्ञानहरू प्रदान गरिने चलन थियो । यो चलन निकै पछि सम्म कायम रहयो । तर ई.स को पहिलो शताब्दीबाट कन्याहरूको उपनयन संस्कार प्रथामा धर्माचार्यहरूले प्रतिबन्ध लगाए । ब्राम्हण कुमारीहरूलाई जातीय रूपमा शुद्रवत मान्ने कुरा

चलाईयो । स्त्री तथा शुद्रका लागि उपनयनको समकक्ष संस्कार मानिने नियम बनाइयो र ८ वर्षमा गरिने उपनयनका स्थानमा विवाह संस्कारलाई स्थापित गराइयो । यसप्रकारबाट बालविवाहका घटना समाजमा घट्न थाले ।

इ.पू. १०० देखि ४०० सम्मको हिन्दु धर्म ग्रन्थमा छोरीको सानै उमेरमा विवाह गरिनुपर्ने नियम लेखिएको छ । यो प्राचीन धर्म ग्रन्थका अनुसार छोरीको बिहे गरिदिने उत्तम उमेर ८, ९ र १० वर्ष हो र रजस्वला पश्चात तीन वर्षभन्दा बढी त पर्खनु हुँदैन, विवाह गरिहाल्नुपर्छ । त्यति सम्म पनि अभिभावकले विवाह नगरिदिए कन्या स्वयमले आफ्नो लागि उपयुक्त वर खोजेर विवाह गर्नुपर्छ । छोरी पर सरेको तीन हप्ता भित्र बुबालाई छोरीको विवाह गरिदिन कडा आदेश पनि दिएको छ । (विष्णु सुत्र र गौतम सूत्र) इ.पू. २०० तिर छोरीको विवाहसम्बन्धी धार्मिक नियम अझ कडा भएको पाइन्छ । मनुले आफ्नो धार्मिक ग्रन्थ “मनुस्मृति” मा उल्लेख गरेका छन् कि यदि पर सर्नुअघि छोरीको बिहे गरिदिएको छैन भने त्यो बाबु आफ्नो छोरीप्रतिको जिम्मेवारी निभाउनमा असफल मानिन्छ । त्यस्तै इ.पू. २०० तिर नै अर्का सन्त प्रासराले भनेका छन् कि जब विहे अघि छोरी रजस्वला भइसक्छ ती अभिभावकहरू स्वतः नर्क जानेछन् । रजस्वला अघि छोरीको विहे गरिदिएका छन् भने ती बाबुले प्रशस्त पुण्य कमाउछन् । यसकारण यहि भनाइबाट स्वर्ग जाने लोभले छोरीको बिहे बाल्याबस्थामै बाबुआमाले गरिदिन थालेका हुन । (श्रेष्ठ, सन २००४)

यसरी विविध सम्भावित प्रसङ्गहरू केलाउँदा बालविवाह कहिलेबाट सुरु भयो भने ठ्याक्कै भन्न सकिने प्रामाणिक आधार देखिदैन तर यी प्रसङ्गबाट बालविवाह सम्बन्धी धार्मिक ग्रन्थको कडा विधानका कारण बालविवाहका घटना घट्न थालेको थाहा पाउन सकिन्छ । किनकि धर्म समाज सञ्चालनको महत्त्वपूर्ण व्यवस्था तथा माध्यम हो । सुरुका समयमा चालचलन र धर्मशास्त्रमा उल्लेखित नियमअनुसार समाजको सम्पूर्ण व्यबस्था सञ्चालन हुन्थ्यो (शर्मा, २०५९) त्यसकारण ती समयमा बालविवाहका घटना व्यापक रूपमा घटेको जान्न सकिन्छ । अहिलेसम्म पनि छोरीको बिहेलाई कन्यादान भन्ने गरिन्छ अर्थात कुमारी छोरीको उपहार मान्ने गरिन्छ । विवाह सम्बन्धी उक्त धार्मिक नियमलाई विभिन्न विश्वास, मान्यता सँग गाँस्दै एक पुस्ताबाट अर्को पुस्ताले ग्रहण गर्दै जाँदा बालविवाह प्रथाको विकास भएको पाइन्छ ।

नेपालमा बालविवाह ठ्याक्क कहिलेबाट सुरु भयो भनेर किटान गर्न सक्ने प्रामाणिक आधार फेला परेको छैन । यद्यपि केही प्रमाणहरूको आधारमा नेपालमा बालविवाह धेरै समय अगाडिदेखि नै भएको थाहा पाउन सकिन्छ । विभिन्न पुराणहरू अध्ययन गर्दा स्वस्थानी ब्रत कथामा ७ वर्षकी गोमाको विवाह ८० वर्षको वृद्ध शिव शर्मा सँग गराइएको देखिन्छ, त्यसैले पौराणिक कालमा पनि यो प्रचलन रह्यो । मध्यकालमा राजल्लदेवीको जयस्थीति मल्ल राजासँग ८ वर्षको उमेरमा विहे भएको थियो । त्यतिखेरको समयमा छोरीको बिहे ८-९ वर्षको उमेरमा बिहे गर्ने परम्परा थियो । त्यतिखेरको समयमा बालविवाह हुने खाने उपल्लो वर्गको समाजमा मात्र नभएर आम जनसमुदायमा पनि सामान्य थियो । बिहे गर्ने उमेर केटाको भन्दा केटीको सानो हुने गर्दथ्यो (जोशी, वैद्य र मानन्धर, १९९६) । त्यसैले मध्यकालमा पनि बालविवाह प्रचलन थियो ।

यसरी प्रथाको रूपमा विकास हुने क्रममा  वैदिक काल, पौराणिक काल, मध्यकाल हुँदै आधुनिक कालमा पनि यस प्रचलनले नेपालका विभिन्न भेग, जातिहरूमा प्रशस्त स्थान ओगटिसकेको पाइन्छ । विभिन्न जाति, जनजाति हरूमा बालविवाहको स्थिती बारे आचार्य र वेनिटले सेडाको आयोजनामा ८ वटा गाउँहरूमा गरेको  अध्ययन विवरण अनुसार

**तालिका नं १ :जाति जनजाति अनुसार बालविवाहको विवरण**

| | | **पुरुष** | **प्रतिशत** | **उमेर** | **महिला** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| **उमेर** | **१-९** | **१०-१३** | **१४-१६** | **१-९** | **१०-१३** | **१४-१६** |
| जाति | | | | | | |
| वहरगाँउले -तिब्बत | - | २.८ | २२ | - | २.९ | ५.७ |
| लोहरडठ राई | - | - | ८.३ | - | ६ | ३० |
| खाम मगर | - | ४.८ | ७.१ | - | - | १४.३ |
| पर्वतीय वाहुन/क्षेत्री | २.१ | १२.५ | २५ | १४.२ | ९.३ | ५० |
| नेवार | - | ५.१ | २५.७ | ५.२ | २६.७ | २८.९ |
| तामाङ्ग | – | ११.१ | २२.२ | – | १२.८ | ३६.२ |
| थारू | – | ३.२ | १८.५ | – | ६.३ | ३१.२ |
| मैथिली | ७.८ | २०.३ | ४२.२ | २३ | ५६.७ | १६.२ |
| सबै जनजातिमा | १.५ | ७.९ | २२.४ | ५.८ | १६.७ | २७.३ |

स्रोत : (आचार्य र बेनिट, १९९६)

माथि प्रस्तुत तथ्याङ्कबाट नेपालका सवै जाति, जनजातिमा बालविवाहको प्रचलन भएको देखिन्छ भने सवै समुदायमा वालकभन्दा बालिकाको विहे प्रचलन, वढि भएको पनि पाइन्छ ।

केही समय यताको बालविवाहको स्थितीलाई हेर्दा सन् २००१ को Nepal Demographic and Health Survey प्रतिवेदन अनुसार १५-१९ वर्षमा विवाह हुने महिलाको संख्या ६० प्रतिशत थियो भने सन् २०११ मा ७१ प्रतिशत पुगेको छ । त्यस्तै सोही उमेरमा विवाह हुने पुरुषको संख्या सन् २००१ मा ८९% थियो भने २०११ मा ९३ प्रतिशत पुगेको छ । सन् २०११ मा १५ वर्षमुनि विवाह गर्ने महिला र पुरुषको संख्या २४ प्रतिशत देखिएको छ । यसरी बिभिन्न भेग,जाति,जनजातिमा कायमै देखिएको बालविवाह प्रथा दलित मानिने चिडीमार समुदायमा पनि कायम रहेको छ ।

## १.२ समस्याको कथन

सामाजिक रूपमा विभिन्न आवश्यकता परिपूर्तिका लागि विवाह अपरिहार्य छ तर उमेर नपुगी तथा विवाहको लागि शारीरिक, मानसिक र सामाजिक रूपमा परिपक्व नभइसकेको अवस्थामा विवाह गरिदिनु नराम्रो प्रथा हो । यसबाट व्यक्ति, परिवार र समाजलाई सकारात्मक मात्र नभइ नकारात्मक प्रभाव पनि परेको हुन्छ । तर त्यसमा पनि यसबाट नकारात्मक प्रभाव त झन् बढी परेको हुन्छ । किनकि उचित समयभन्दा अगाडि र पछाडिको कार्यले फाइदा भन्दा धेरै नोक्सान पुऱ्याउँछ । शिक्षित र स्वस्थ व्यक्तित्व वनाउने प्रमुख अवस्था बाल्यकालमा विवाह गरी गहन जिम्मेवारी बोक्नु पर्दा समाजमा विभिन्न नकरात्मक असर पर्दछ । उमेर नपुगीकनै विवाह गरिदिनाले बालबालिकाको व्यक्तित्त्व विकासका साथै बालविकास, स्वास्थ्य, शिक्षा, मनोरञ्जनमा रुकावट आउन सक्छ । बालिका अझै बढि शोषित र आक्रान्त हुन्छीन किनकि पुरुष प्रधान नेपाली समाजमा घर धन्दाका साना देखि जटिल व्यवहारहरू महिलाले खप्नु पर्ने हुन्छ । यी यस्ता समस्याबाट सम्बन्धको जालोमा फैलिएको सिङ्गो समाजलाई विभिन्न असर पारीरहेको हुन्छ । चिकित्सा, कानुनी, वैज्ञानिक आधारमा बालविवाह अनुचित मानिँदा मानिँदै पनि सामान्यतया यसले निरन्तरता पाएको देखिन्छ । त्यसैले यस्ता प्रकृतिका समस्याहरूको समाजशास्त्रीय ढङ्गबाट विश्लेषण गरी वास्तविक सत्य तथ्यमा आधारित रही अध्ययन गर्नु आजको आवश्यकता हो ।

आजको शिक्षित, परिष्कृत र बैज्ञानिक युगमा पनि बालविवाह जस्तो कुप्रथाले निरन्तरता पाउनुको कारणहरू केके हुन र यसले समाजमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा अध्ययन अनुसन्धान हुन आवश्यक छ । विश्वमा हरेक क्षेत्रमा पछाडि रहेको विकासोन्मुख राष्ट्र नेपालका विभिन्न समुदायमा बालविवाह कुप्रथाको निरन्तरता देखिनुले विकासोन्मूख नेपालको अगाडि बढ्ने कार्यमा अबरुद्ध पार्ने तत्व बालविवाहलाई पनि मान्न सकिन्छ किनकि बालविवाहले बालविकासमा रोकावट ल्याइ सिङ्गो राष्ट्रको स्वस्थ युवाशक्तिको उत्पादनमा वाधा पूऱ्याँउदछ ।

प्राचीन समाजमा जुनवेला बालविवाहका धार्मिक विधान वनेका थिए । त्यतिखेरको समाज सरल थियो । विकासका मापदण्ड र प्रविधिहरूको विकास भइसकेको पनि थिएन । त्यसैले बालविवाह गर्दा त्यसका असरको लेखाजोखा पनि गरिंदैनथ्यो तर वर्तमान परिष्कृत र विकासोन्मुख समाजमा बालविवाह हुनु निकै जटिल विषय हो । अतः बालविवाह रोक्न जनचेतनाका कार्यक्रम ल्याउन सत्यतथ्यमा आधारित रही वैज्ञानिक अनुसन्धान हुन आवश्यक छ । प्राचीन समाजमा व्यापक रहेको बालविवाह प्रचलन हाल विभिन्न समाज, गाँउ, ठाउँमा देख्न सकिन्छ । फरक सामाजिक साँस्कृतिक परम्परा वोकेका विविध गरिव, अशिक्षित समुदाय तथा जाति जनजातिमा बालविवाहका कारण, प्रभाव समान नहुने भएकाले विविध जनसमूदायको बेग्लावेग्लै अध्ययन हुन आबश्यक छ । अध्ययन क्षेत्र वाँके जिल्लाको वेलासपुर टोलका दलित भनिएका चिडीमार जातिमा पुस्तौपुस्तादेखि निरन्तर रूपमा बालविवाह हुदै आएको छ । अशिक्षित एवं शीक्षित परिवारमा समेत बालिका तथा वालक दुवैको बालविवाह गरिदिने चलन छ । त्यसकारण चिडीमार समुदायको विवाह संस्कार र बालविवाहको अवस्थालाई अध्ययन समस्याको रूपमा लिइ निम्न लिखित प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ

- चिडीमार समुदायमा प्रचलित विवाह पद्धति कस्तो छ ?
- बालविवाह प्रथाको अवस्था कस्तो छ ?
- बालविवाहका कारण के के छन् ?
- बालविवाहका असर के के छन् ?

## १.३ अध्ययनको उद्देश्य

चिडीमार समुदायको विवाह सम्बन्धी उपर्युक्त समस्याहरूको समाधान गर्नुका साथै यस विषयमा यथार्थ जानकारी प्रदान गर्नु यस अनुसन्धानको उद्देश्य हो । प्रस्तुत शोधको साधारण उद्देश्य नेपालगंज वेलासपूर टोलका चिडिमार जातिमा रहेको बालविवाह अवस्थाको समाजशास्त्रीय ढंगले अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् ।

- चिडीमार समुदायमा प्रचलित विवाह संस्कारको अध्ययन गर्नु
- चीडिमार समुदायमा हुने बालविवाह प्रथाको अवस्था विश्लेषण गर्नु
- बालविवाह निरन्तरताका कारण पत्ता लगाउनु
- बालविवाहको असर विश्लेषण गर्नु

## १.४ अध्ययनको औचित्य एवं महत्त्व

कुनै पनि विषयको अध्ययन गरिन्छ भने त्यसको आफ्नै महत्त्व हुन्छ । प्रारम्भमा धर्मबाट प्रभावित भएर थालनी भएको बालविवाहलाई नयाा पुस्ताले पनि निरन्तरता दिइरहेका छन् । यसका नकारात्मक परिणाम हादाहादै पनि आजको वैज्ञानिक युगमा पनि बालविवाह जन समुदायबाट हट्न सकेको छैन । शिक्षा, सञ्चार तथा चेतनामुलक कार्यक्रमको प्रभाव तथा पहुँच सबैतिर पुग्न नसकेको अवस्थामा यस विषयलाई शोध समस्याको कथनका रूपमा उठाइ त्यसको सामाधान खोज्नु नै यस अध्ययनको महत्त्व हो ।

चिडीमार समुदायमा बालविवाहका नकारात्मक परिणामहरू के के छन् र कति मात्रामा यस्तो विवाह हुँदै आएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सोको जानकारी स्वयं त्यहाँका चिडीमारहरूलाई गराउन आवश्यक भएकाले यो अध्ययनको महत्व रहेको छ । चिडीमार समुदायसँग सम्बन्धित अध्ययन निकै न्यून भएकाले र यस समुदायमा प्रचलित बालविवाह प्रथाको अध्ययन आजसम्म नभएकाले त्यसका कारण र प्रभावलाई ठोस रूपमा देखाइ सम्भव भएसम्म विस्तृत अध्ययन गर्ने प्रयास गरिएको हुनाले यो अध्ययन सीङ्गो चिडीमार समुदायको निमित्त महत्वपूर्ण हुनेछ । यसबाट चिडीमार तथा बालविवाहका वारेमा अध्ययन गर्न चाहने भावी पिंढिहरूका लागि पनि आधार हुनेछ भने सिङ्गो राष्ट्रका निमित्त पनि यस अध्ययनले केही हदसम्म भएपनि फाइदा पुऱ्याउने देखिन्छ ।

## १.५ शोधपत्रको संरचनात्मक रूपरेखा

यस शोधपत्रलाई नौ वटा परिच्छेदहरूमा विभाजन गरिएको छ । यसको पहिलो परिच्छेदमा अध्ययनको सामान्य परिचयलाई समेटिएको छ । यस अन्तर्गत शोत्रपत्रमा समेटिएका समस्याहरू, अध्ययनको उद्देश्यहरू, अनुसन्धानको शोधपत्रको संरचनात्मक रूपरेखा सामेल गरिएको छ ।

यसै गरी परिच्छेद दुईमा बालविवाह सम्बन्धी सन्दर्भ साहित्यको अध्ययन र सैद्धान्तिक समीक्षा गरिएको छ ।

यसको तेस्रो परिच्छेदमा अनुसन्धान पद्धति तथा प्रक्रियाहरूलाई समेटिएको छ । यस भित्र अध्ययनको ढाँचा, अध्ययन क्षेत्र, अध्ययनको समग्रता तथा नमूनाको आकार लगायत तथ्याङ्कको स्रोत तथा तथ्याङ्क सङ्कलनका साधन र प्रक्रिया एवम् तथ्याङ्क विश्लेषण प्रक्रियालाई पनि समाविष्ट गरिएको छ ।

चौथो परिच्छेदमा अध्ययन सँग सम्वन्धित विविध विषयको सामान्य परिचय समावेश गरिएको छ । यस क्रममा  बाँके जिल्ला तथा नेपालगंज नगरपालिका, बागेश्वरी मन्दिर, बेलासपुर टोल,चिडीमार जाति र सामाजिक संस्था आदिका बारेमा सामान्य विवरण दिइएको छ ।

पाँचौ परिच्छेदमा विवाह तथा बालविवाह सम्वन्धि विवेचना गरिएको छ । जसअन्तर्गत विवाहको परिचय, विवाहका आधारभूत कार्यहरू, चिडीमार जातिमा विवाह पद्धति, वालविाह सम्बन्धि कानुनी प्राबधान उल्लेख गरिएको छ ।

अनुसन्धानबाट प्राप्त तथ्याङ्ककहरूलाई विश्लेषण गर्ने जमर्को परिच्छेद छ देखि गरिएको छ । यस क्रममा अध्ययनको मुख्य सरोकारको बिषय बालविवाहका मुख्य कारण र असरहरूको विश्लेषणात्मक प्रस्तुतिलाई छैंठौ परिच्छेदमा राखिएको छ, जस अन्तर्गत विभन्न तथ्याङ्क हरूलाई छुट्टाछुट्टै शीर्षकहरूमा बर्गिकरण गरिएको छ । बालविवाहका मुख्य कारणहरूको विश्लेषणलाई परिच्छेद सात र यसका असरहरूको विश्लेषणात्मक प्रस्तुतिलाई आठौं  परिच्छेदमा उल्लेख गरिएको छ ।

अनुसन्धानको सारांश, निष्कर्ष तथा सुझावहरूलाई नवौं तथा अन्तिम परिच्छेदमा राखिएको छ ।

# परिच्छेद - दुई

## सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक समीक्षा

### २.१ सैद्धान्तिक समीक्षा

प्रकार्यात्मक अवधारणा (functionalist perspective) बाट हेर्दा सामाजिक संरचनाको मुलआधार नै सामाजिक सम्बन्ध हो । समाजभित्र रहेका विविध पक्षहरूको आपसी सम्बन्धले मात्र समाजको अस्तित्व सम्भव छ। समाजमा शान्ति र सुव्यवस्था कायम गर्न यिनै विभिन्न तत्वहरूको समन्वयको आवश्यकता पर्दछ । समाजले आफ्नो लक्ष्य प्राप्तिका लागि यी एकाइहरूबीच प्रकार्यात्मक सम्बन्ध हुनुपर्दछ । यदि यी पक्षहरूबीच एउटा पक्षमा गडवडी आउँदा सिंगो सामाजिक संरचनामा विचलन आउन सक्दछ । प्रकार्यात्मक अवधारणको सैद्धान्तिक पक्षमा रहि व्याख्या-विश्लेषण गर्ने सामाजशास्त्रीहरूमा Emile Durkheim , Radcliffe Brown, Malinowski Talcott Parsons, R.K. Merton आदि मुख्य हुन् । समाज विभिन्न पक्षहरूको संजाल भएकोले समाज संचालनार्थ यी सम्पूर्ण एकाइहरूको बीच आपसी अन्तर्सम्बन्ध, अन्तर्निभर र अन्तरक्रिया अनिवार्य हुन्छ । उदाहरणको लागि घडीको सिंगो संरचनाको लागि विभिन्न पूर्जाहरूको आपसि सम्बन्ध र कार्यले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । घडीको कुनै पूर्जामा गडबडी भयो भने घडीको संरचना र कार्यमा समेत पर्दछ । यस अवधारणमा केही फरक मत राख्ने R.K. Merton ले समाजका विविध एकाइहरूको संयोजनले समाज सञ्चालनमा निरन्तरता दिए पनि कुनै एक तत्वमा भएको खराबीले सिंगो समाजको संरचना र प्रकार्यमा वाधा पुग्दैन । त्यसको लागि वैकल्पिक उपाय अपनाई निरन्तरता दिन सकिन्छ भनेका छन् (गौतम, २०६१) ।

समाजभित्रका विभिन्न पक्षहरूमध्ये विवाह पनि एक महत्वपूर्ण सामाजिक संस्था हो । समाजमा विवाह प्रथा नरहेको अवस्थामा समाज जंगली अवस्थामा रूपान्तरण हुन गई सामाजिक अस्तव्यस्तताको सृजना भएर समाज सभ्य अवस्थामा पुग्न असम्भव हुन्छ । समाजको लागि विवाह संस्था आवश्यक पक्ष हो । यही पृष्ठमूमिमा सामाजिक एकाइका रूपमा रहेका मूल्य, मान्यता र अर्न्तसम्बन्धमा परिवर्तन आउँदा लोग्ने-स्वास्नीबीचको वैवाहिक सम्बन्ध तोडिन्छ र अन्य पक्ष परिवार, छिमेक र समाजमा विभिन्न खाले प्रभाव देखापर्दछ, जसको फलस्वरूप लोग्ने-स्वास्नीबीचको सम्बन्ध टुट्नु तिनीहरूको बालबच्चाको

पालनपोषण, शिक्षा आदिमा आइपर्ने समस्याहरू, नाता सम्बन्धमा नकारात्मक असर, परिवार र छिमेकमा सामाजिक र आर्थिक समस्याहरू सिर्जना हुन्छन् ।

अतः जुन समाजमा लोग्ने-स्वास्नीबीचको प्रकार्यात्मक सम्बन्ध जति नै बढी हुन्छ त्यति नै कम सम्बन्ध विच्छेदको स्थिति आउँछ । जति लोग्ने-स्वास्नीका बीचमा प्रकार्यात्मक सम्बन्ध घटी हुन्छ त्यति सामाजिक मूल्य तथा मान्यताको औपचारिकता कमजोर अवस्थामा पुग्दछ र सामाजिक एकाइहरूको महत्व घट्न गई सम्बन्ध विच्छेदको स्थिति देखिन्छ । यस अवधारणाअनुसार विवाहले सामाजिक एकता र सम्बन्ध कायम राख्न मद्दत गर्दछ । परस्पर अविश्वास, असहयोग र द्वन्द्वको कारणले सम्बन्ध विच्छेद हुन्छ । पछि पारिवारिक र सामाजिक सन्तुलन कायम हुन्छ । पारिवारिक विमेल र असहयोग आफैमा सामाजिक सन्तुलन कायम गराउने माध्यम बन्दछ । हिन्दू दर्शनमा विवाहलाई सामाजिक संस्कारका रूपमा लिइएकाले यसको सामाजिक मूल्य बढी मानिन्छ र सम्बन्ध विच्छेद कम हुन्छ । पश्चिमी मुलुकमा विवाहलाई एक सामान्य सम्झौताका रूपमा लिँदा यसको सामाजिक मूल्य कम हुन गई सम्बन्ध विच्छेद बढी भएका उदाहरणहरू पाइन्छन् ।

मार्क्सवादी अवधारणा (Marxist Perspective) अनुसार जब समाज विकासको क्रममा शहरीकरण, औद्योगिकीकरण तथा पूँजीवादको विकास हुँदै जाँदा आधुनिकीकरणको विकास हुन्छ तब सामाजिक मूल्य र मान्यताहरू कमजोर हुँदै जान्छन् भने समाजमा सम्पत्तिको महत्व बढेर जान्छ । विभिन्न वर्ग र महिलाहरू अधिकारप्रति सचेत हुँदै जान्छन् । जागिरका अवसरहरू सिर्जना हुन्छन् । रोजगारका लागि शहर र उद्योगमा केन्द्रित हुने प्रक्रिया बढ्दछ, जसले गर्दा लोग्ने-स्वास्नीको सम्बन्धमा आपसी सद्भाव र विश्वासमा कमी आउँदछ । सम्बन्ध विच्छेद बढ्दै जान्छ । पारिवारिक सम्बन्ध विग्रन सक्दछ । व्यक्तिको कमाई, क्षमता र फुर्सदका दृष्टिले पारिवारिक कार्यमा विभाजन हुन्छ र सम्बन्ध कायम हुन्छ ।

समाजमा उत्पन्न हुने आर्थिक कारणले विवाह सम्बन्ध निर्धारण गर्दछ । आर्थिक विषमताको कारणले लोग्ने-स्वास्नी र नातागत सम्बन्धलाई विग्रन मद्दत गर्दछ । विवाहमा लोग्ने-स्वास्नीको आपसी सद्भाव र मानवीय भावना सच्चा प्रेमले भन्दा पनि सम्पत्तिको कारण विवाहको निर्धारण गरिन्छ । दाइजो प्रथा आजको ज्वलन्त उदाहरण हो । आर्थिक तत्वको कारण समाजमा द्वन्द्व सिर्जना भै सम्बन्ध विच्छेद हुन्छ । पूँजीवादी समाजमा

व्यक्तिगत सम्पत्तिको मोह र त्यसले उत्पन्न गरेको आर्थिक विषमताका कारण परिवारमा अविश्वास र विमेल सिर्जना हुन्छ । परिवार र समाज बढी उपभोगमुखी, स्वच्छन्द र परनिर्भर बन्दै गएका हुन्छन् । पारिवारिक सम्बन्धमा परिवर्तन आई विवाह सम्बन्धमा प्रभाव पर्दछ । बुहारीलाई सासूले बढी नियन्त्रण र निर्देशन गर्न सक्दिनन् । लोग्ने-स्वास्नीको सम्बन्धमा परिवर्तन आउँदा पुरुषप्रधान समाजमा महिलाको हैसियत बढ्नुलाई पुरुषले उपयुक्त ठान्दैनन् । औद्योगिकीकरणले सिर्जना गरेको आर्थिक असमानता र विपन्नताले पारिवारिक सम्बन्धमा विखण्डन ल्याएको पाइन्छ । जब विवाह पछि एकले अर्काबाट बढी अपेच्छा राख्ने हुँदा विवाहको मान्यतामा भौतिक पक्षले निर्धारण गर्न पुग्दछ । जुनबेला विवाहको सामाजिक मूल्य, मान्यतामा कमी आउँदछ । विवाहको अर्थ औचित्य र स्थायीत्वमा भौतिक कुराको महत्वपूर्ण भूमिका हुन्छ । यस अवधारणामा सम्पूर्ण विग्रहको कारण आर्थिक अवस्थालाई मान्न सकिन्छ (ओझा, २०६३) ।

महिलावादी अवधारणा (Feminist Perspective) अनुसार जैविक रूपले मानिस एउटै हुन्छ तर सामाजिक तथा सांस्कृतिक रूपले मानिसले गर्ने भूमिकामा फरक ल्याउँदछ । महिला र पुरुषमा जन्मजात - प्राकृतिक शारीरिक अंगहरू बाहेक सामाजिक भूमिकाहरू परिवर्तन गर्न सकिन्छ । सामाजिक भूमिकाहरू समाज र संस्कृतिले निर्धारण गर्ने भएकोले महिला र पुरुषबीचको भूमिकामा समाज अनुरूप फरक-फरक हुन्छ । जात, धर्म र भौगोलिक परिवेशअनुसार सामाजिक भूमिकाहरूमा फरक पाइन्छन् । अतः आजभोलि सबै देशमा विकासको गतिमा महिलालाई संलग्न गरी योजना बनाइन्छ । समाजमा विकासको गतिलाई निरन्तरता दिन महिला-पुरुषको समान सहभागिता आवश्यक छ । महिला जागरण, शिक्षा, लैंगिक समानता आदिलाई हरेक देशले व्यवहारमा लागू गर्न थालेका छन् । राष्ट्र विकासमा महिलाको संलग्नता महसुस भएबाट क्रमिक रूपमा महिला सचेतताको विकास हुन पुगी आफ्नो पहिचान र हैसियत प्रदर्शन गर्दै अधिकारप्रति सचेत भएको पाइन्छ । सन् १९६० पछि हालसम्म महिला मुक्ति, स्वतन्त्रता र अधिकारका लागि विभिन्न आन्दोलन भएका छन् । महिलालाई आर्थिक, सामाजिक र राजनैतिक दृष्टिकोणले सशक्तिकरण गर्नुपर्दछ भन्ने मान्यताको विकास भएको छ । महिलामाथि गरिने नियन्त्रण र दमनहरू हट्दै गएको पाइन्छ ।

औद्योगिकीकरणको विकासले विभिन्न रोजगार सिर्जना गरी महिलामा आत्मनिर्भरता बढाएको छ । समाजमा पुरुषसरह महिलाहरूको न्यायिक हक स्थापित भएको छ । आफू

विरुद्धको शोषण, अन्याय र दमनमा आवाज उठाई राजनीतिक रूपमा नेतृत्व विकास भएको छ । यी विभिन्न कारणहरूले गर्दा एकातिर पारिवारिक सम्बन्ध गाढा बन्न पुगेको छ भने अर्कातिर कतिपय अवस्थामा पारिवारिक र वैवाहिक सम्बन्धमा असहज स्थितिको सिर्जना भै हानी हुन पुगेको पनि पाइन्छ । पश्चिमी मुलुकमा महिलाहरूको स्थिति स्वतन्त्रताका कारण सम्बन्ध विच्छेदको दर निकै बढी छ । उनीहरू आर्थिक, सामाजिक र राजनैतिक रूपले स्वतन्त्र छन् । हरेक कुरामा आफ्नो निर्णयलाई महत्व दिन्छन् । तर सामाजिक, आर्थिक र राजनीतिक रूपले परम्परागत समाजका महिलाहरू परम्परा र धर्मले गर्दा परनिर्भर हुनुपर्ने अवस्थाले सम्बन्ध विच्छेदको स्थिति कम देखिन्छ । नेपाल यसको उदाहरण हो ।

अन्तरक्रियायी अवधारणा (Interactionist Perspective) अनुसार आजको विश्व विज्ञान, प्रविधि, विकास र सूचनाको युग हो । विश्व जगत् नै एकआपसमा अन्तरक्रियायी बनेको छ । नयाँ परिवेश, अवस्था र अवसरहरूमा मानिस संलग्न हुँदा मानवीय अर्न्तसम्बन्ध फराकिलो बनेको छ । विभिन्न व्यक्ति समूह, संस्था र समाजसँग अन्तरक्रिया भैरहेको हुन्छ । हरेक कार्यमा महिला र पुरुषको बीच सहभागिता र अन्तरक्रिया बढेको छ । एकअर्काका बीचमा हुने समायोजन अन्तरक्रिया र छलफलका माध्यमबाट विवाह गर्ने प्रचलन बढेको छ । विभिन्न पृष्ठभूमि बोकेका महिला-पुरुषबीच अन्तरक्रियाबाट वैवाहिक सम्बन्ध गाँसेको पाइन्छ । सामाजिक मनोवैज्ञानिक अवधारणा (Socio-Psychological Perspective) अनुसार वर्तमान समाजमा परेको धनदौलतको महत्व, उपभोक्तावादी समाजको स्वरूप, आर्थिक मनोकांक्षा, साधन र स्रोतको अपर्याप्तता, यौन स्वच्छन्दता, खुला वातावरणको प्रभाव जस्ता परिस्थितिले मानव मनोविज्ञानमा अस्थिर, विचलन र कौतुहल ल्याएको छ । जसको फलस्वरूप पारिवारिक र वैवाहिक सम्बन्धमा गाढा र फिक्का बनेको छ । यसै अनुरूप सामाजिक व्यवहार र क्रियाकलाप निर्धारण भएका छन् । सामाजिक अपेच्छा र उत्तरदायित्वको विकास भएको छ ।

शास्त्रीय अवधारणा (Classical System Perspective) अनुसार विवाहमा जातभात हेर्ने, चिना हेराउने, ग्रह मिलाउने, जग्गे र होमको प्रयोग गर्ने आदि जस्ता पद्धति र संस्कार पनि विद्यमान छन् । यी शास्त्रीय संस्कारले पनि विवाह सम्बन्धमा प्रभाव पारेको छ ।

## २.२ सन्दर्भ साहित्यको अध्ययन

हरेक सामाजिक अध्ययनका विषयहरूमा वैज्ञानिक खोज अनुसन्धान गर्दा त्यस पूर्वका अध्ययन अनुसन्धानमा समेट्न नसकिएका पक्षहरूलाई विशेष महत्त्व दिदै नाया नाया तथ्यहरू निकालिन्छ । नेपाली सामाजिक जीवनका अनुसन्धान कृतिहरूमा विभिन्न जातजातिहरूका विवाह प्रक्रिया सामाजिक, सांस्कृतिक अवस्थाहरूको विवरणात्मक कृतिहरू त प्रशस्त मात्रामा पाइन्छन् तर बालविवाहले समाजमा पार्ने प्रभाव, असरको वारेमा भने अध्ययन अनुसन्धान भएका पाइदैनन । जनमानसमा सामान्यतया बालविवाहलाई समस्याको रूपमा लिएको नपाइए तापनि राजनीतिक कार्यकर्ता स्वास्थ्य कार्यकर्ता सामाजिक कार्यकर्ता समाजविचारक लगायत वौद्धिक व्यक्तित्व वर्गले बालविवाहलाई सधै सामाजिक समस्याको रूपमा औल्याउादै आइरहेका छन् । अन्तर्राष्ट्रिय जगतमा केही अध्ययन तथा अनुसन्धान पनि भएका छन् । तर नेपाली समाजशास्त्रीद्वारा ठोस रूपमा अध्ययन भएको पाईदैन । विविध जाति, जनजाति, ग्रामीण तथा दुर्गम भेगतिर निरन्तर हुदै गरेता पनि बालविवाहका धेरै पुस्तक र लेखरचना हरू प्रकाशित भएका छैनन् । यद्यपि केही लेख रचना, पुस्तक र शोधपत्रका रूपमा प्रकाशित रहेका छन् । पत्रपत्रिकाहरूमा पनि फाट्टफुट्ट आउने गरेका छन् । अशिक्षा, जातीय परम्परा आदिका कारण वाल विवाह हुने गरेका तथ्यहरू यो पत्रपत्रिका एवं लेखहरूमा पाइन्छन् ।

बालबालिकाको क्षेत्रमा काम गर्ने विभाग सिविनले बालविवाहलाई यसरी परिभाषित गरेको छ । शारीरिक मानसिक तथा वौद्धिक विकास नभइ सानै उमेरमा हुने विवाह बालविवाह हो । (बालविवाह, २०५९)

International South Asia (सन 2012) का अनुसार १५ वर्ष मूनिको बालबालिकाको विवाह बालविवाह हो ।

International Center for research on women का अनुसार १८ वर्ष भन्दा अघिको विवाह बालविवाह हो ।

(Civil/Code 1963) का अनुसार १८ वर्ष मुनिको विवाहलाई बालविवाह मानिन्छ ।

नेपाल वालअधिकार संरक्षण केन्द्र, (२०५९) का अनुसार विवाह गर्ने उपयुक्त उमेर पूरा नहुँदै वा कानुनद्वारा विवाहको लागि निर्दिष्ट गरिएको उमेर पूरा नगरीकन कुनै पनि केटा र केटी वीच विवाह गर्नु वा गरिदिनु बालविवाह हो ।

यसरी विभिन्न परिभाषलाई केलाउँदा १८ वर्ष मुनिको उमेरमा गरिएको विवाह बालविवाह हो । यस उमेरमा मानिसमा शारीरिक र मानसिक परिपक्वता आइसकेको हुंदैन ।

सुशीला शर्माले (०५९) बालविवाहका वारेमा भनेकी छीन धार्मिक नियम कठोर रूपमा पालना गर्दा बालविवाह प्रथाको विकास भएको हो । सुरुका समयमा चालचलन र धर्मशास्त्रमा उल्लेखित नियम अनुसार परिवार र समाजको सञ्चालन हुन्थ्यो । सतिप्रथा, बालविवाह, वहुविवाह, वंश र परम्परा जातिप्रथा, स्त्री र पुरुषको वेग्लै परिवेश, शिक्षित मनुष्यद्वारा वनाइएको धर्म (कानुन) हो जो कठोर रूपमा सञ्चालित भएर प्रथा बन्न पुग्यो । अशीक्षित देशको कानुन भनेको धर्मशास्त्र र रीतिरिवाज दण्ड र इनाम् पाप र पुण्य वन्न पुगे ।

Mabelle Arole (सन् १९९८) ले प्राचीन धार्मिक ग्रन्थले महिलाको चाँडै विवाह गर्नमा जोड दिएको वताएका छन् । लेखकका अनुसार धार्मिक पुस्तकमा महिलाको चाडै विवाह हुनुपर्छ भन्ने सन्देशको विगुल फुकिएको छ । रजस्वला भएको ३ वर्ष भित्र विवाह गर्नुपर्ने आदेश  छ ।

प्रभात (२०५३) ले हिन्दु संस्कृतिले नारीमाथि गरेको भेदभावको रूपमा बालविवाह देखिएको वताएका छन् । उनले भनेका छन् बालविवाहलाई स्वीकृति दिनु विधवा विवाह छुट नदिनु, नारी स्वतन्त्रतामा वन्देज लगाउनु र सम्पतिको अधिकार बाट वञ्चित गर्नु जस्ता कुराहरू पनि हिन्दु संस्कृतिले नारीमाथि थोपरेका वाधाहरू हुन ।

यसरी धार्मिक ग्रन्थमा बालविवाहका प्रावधान रहेको कुरा विभिन्न साहित्य हरूमा उल्लेख छ । यस्ता धार्मिक ग्रन्थमा बालविवाह हुनुपर्ने प्रावधान रहे पनि यी कुनै अनुसन्धानमा आधारित थिएनन् । समाजमा पर्न सक्ने असर र प्रभावलाई यी यस्ता धार्मिक ग्रन्थले ख्याल राखेका थिएनन् । यी विविध कृतिले हिन्दु धर्म तथा संस्कृतिको वेजोड प्रभाव नै बालविवाहको कारक तत्त्व भएको उल्लेख गरेका छन् भने अन्य केही कृतिहरूले समय सापेक्ष बालविवाहका कारण एक नभइ अनेक भएको स्पष्टीकरण दिएका छन् ।

हिन्दु कट्टर पन्थी समाजमा १२ वर्षसम्म कुनै पनि महिलाको विवाह नभएमा उसका दाजुभाइको आयु घट्दछ भन्ने जनविश्वास पनि रहेको छ । उमेर पुगेका छोरीलाई घरमा राख्दा गाँउलेले कुरा काट्छन् । यसैगरी छोरीको कामको दायरा भने प्रायः घरधन्दा, खेतीपाती, लगायत घरपरिवार सित सम्बन्धित कामहरू नै हो । महिलाले पढ्नु हुँदैन जागिर भई कार्यालयमा काम गर्नुहुँदैन । छोरी स्कुल पठाए विग्रन्छन् भन्ने जस्ता जन धारणाले छोरीको चाँडै विहे गरिन्छ । (बालविवाह हिजो र आज, 1996)

नेपाल वालअधिकार संरक्षण केन्द्र (CAP - CRON) ले सामाजिक शोषण, शिथिल र विचलन, राजनैतिक अवस्था, समाजमा बढ्दो उपभोक्तावाद आदिले बालविवाहका घटना हुने मत अभिव्यक्त गरेको छ । (बालविवाह सामाजिक समस्या र रोकथामका लागि कानुनी अवस्था, २०५९)

युनिसेफ (2011) काठमाडौं द्वारा बालविवाहका कारण र रोकथामका उपायबारे गरेको एसएमएस सर्वेक्षण अनुसार बालविवाहका कारणमा पारिवारिक र आर्थिक जिम्मेवारी, परम्परागत मान्यता आदि देखाइएको छ भने रोकथामका लागि सचेतना र शिक्षाको पहुँच हुनुपर्ने, बालविवाह विरुद्ध कडा कानुन निर्माण गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

यसरी बदलिदो समयसँगै विविध सामुदायिक परिवेशमा बालविवाहका कारण एक नभई अनेक भएको कुरा यी यस्ता साहित्यिक स्रोत हरूले देखाएका छन् ।

Santhya र Jejebhoy ले Early Marriage and HIV/AIDS (2007) शीर्षकको समीक्षामा चाँडो विवाहले एड्सको जोखिम बढ्न सक्ने बताएका छन् । सानै उमेरमा विवाह भएकाले महिलाहरू तुलनात्मक रूपमा Sexual क्रियामा बढी सक्रिय हुन्छन् । विवाह पश्चात ती महिलाहरू वारम्वार असुरक्षित तवरले Sexual सम्पर्कमा आउँदा यौन संक्रमण बढ्न सक्छ । लोग्ने र स्वास्नीमा उमेरको अन्तराल रहँदा पनि महिलाको इच्छा बिना पुरुषले जवरजस्ती गर्ने अवस्था हुन सक्छ । त्यस्तै वयस्क उमेरको पुरुष विवाह अघि नै धेरै पटक असुरक्षित सम्पर्कमा आइसकेको हुनसक्छ उनीहरूसँग प्रभावकारी सूचना, कार्यक्रम र पुनरुत्पादन स्वास्थ्य सेवाका माध्यम र पहुँचको अभाव रहेको पनि हुन्छ जसले गर्दा यौन संक्रमण भई विवाह पश्चात् एड्सको जोखिमता तिर धकेलिने प्रबल सम्भावना हुन्छ ।

Tuladhar, Fisher र Scoeckel ले कम उमेरमा हुने विवाहले प्रजनन दर उच्च बनाएको बताएका छन् । उनले गरेको अध्ययन Differential Fertility in Rural Nepal (1982) का अनुसार नेपालका पहाडि महिला र तराईका क्षेत्रका महिलामा प्रजनन दर धेरै फरक छ । तुलनात्मक रूपमा तराई भन्दा पहाडि महिलाको वैवाहिक उमेर कम छ भने यसले गर्दा पहाडी क्षेत्रका महिलाको प्रजननदर उच्च वनाएको छ ।

Azra Asghar Ali ले आफ्नो कृति The emergence of feminism among Indian  (2000) मा बालविवाहले पार्ने असरका वारेमा लेखेकीछीन् । "बालविवाहको परिणामस्वरूप स्वास्थ्यमा हानी पुग्छ र सिङ्गो राष्ट्रको प्रगतिमा वाधा पुग्दछ ।" लेखिका बालविवाहलाई खराब प्रथाको उपमा दिदै प्रस्तुत गर्छिन् बालविवाहले गर्दा परिपक्व उमेरमा पुगेपछि लोग्ने घर भन्दा धेरै बाहिर वस्ने घरमा पत्नीसँग झै झगडा गर्ने, बहुविवाह गर्ने जस्ता परिणाम बालविवाहले निम्त्याउने गर्दछ ।

बालविवाह हिजो र आज (१९९६) शीर्षकको अनुसन्धनात्मक कृतिमा बालविवाहबाट वालक भन्दा बालिका बढी पिडित भएको निष्कर्ष उल्लेख छ । जसका अनुसार विवाह पश्चात जव कुनै बालिका दुलही बनेर लोग्नेको घरमा जान्छिन् तब उनले घरको कामहरू खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, गाइबस्तु चराउने, घाँस काट्ने, खेतीपातीको हेरचाह गर्ने जस्ता कैयौं सजिला र अप्ठ्यारा कामहरू जबरजस्ती गर्नुपर्छ । विवाहित वालकले विवाह गरेको कारणले मात्र आफ्नो अध्ययन छोड्नु परेका घटनाहरू विरलै सुन्नमा आएका छन् । जवकि बालिकाको विवाह पश्चात पढाइलाई निरन्तरता दिएको या दिने कुरा असम्भव नै देखिन्छ । यसरी पढ्दै गरेको बालिकाको विवाह गरेर व्याक्तित्व विकासको हत्या नै गरिन्छ । यौन अंगहरू पूर्ण रूपमा विकसित नभइसकेको अवस्थामा गर्भवती भएर जीवन नै खतरामा पार्दछन् ।

एक अध्ययन Teenage Childbearing का अनुसार किशोरावस्थामा बच्चा जन्माउनाले आमा र बच्चा दुवैमा अनुचित परिणामहरू देखिन्छन् । कम तौलको, अपाङ्ग वच्चा जन्मिन सक्छ भने जन्मेको वर्ष भित्रमा सन्तानको मृत्यु हुने सम्भावना हुन्छ । किशोर आमालाई पनि धेरै समस्याहरू पर्ने सम्भावना हुन्छ । (Lewit, Eugene M. सन् 1992)

युनिसेफबाट गरिएको अध्ययन State of the Worlds Children (सन 2009) ले बालविवाहको कारणबाट बालबालिकाको शिक्षा दिक्षामा कमी आएको कुरा प्रकाश पारेको छ ।

जोशी, मानन्धर, पाण्डेले (सन 1993) बालविवाहका परिणामस्वरूप बालिकाको (जिन्दगी बर्वाद हुने कुरा गरेका छन् । लेखकहरूले नेपालको वैवाहिक इतिहासको पाटो अन्तर्गत राजादेखि रजौटासम्म भएका बालविवाहको सन्दर्भलाई कोट्याएका छन् । बालविवाहले एकातिर विवाह गरीदिनु पर्ने परिवारको वोझ हट्ने र अर्कोतिर बालबालिकाको जिन्दगी वर्वाद हुने कुरा व्यक्त गरेका छन् ।

Robert Jenson र Rebecca Thoronton (सन् 2003) ले विकासोन्मुख राष्ट्रहरूमा हुनेगरेको छिटो विवाह सम्बन्धी विश्लेषणात्मक अध्ययन गरेका छन् । यस अध्ययनका अनुसार विकासोन्मुख राष्ट्रमा चाँडै विवाह हुँदाको परिणामस्वरूप विशेषगरी महिलाको शिक्षा, अधिकार, शक्ति र स्वास्थ्यमा नकरात्मक प्रभाव देखिएको बताइएको छ ।

बालबालिकाको अधिकारका निमित्त काम गर्ने सिविनबाट प्रकाशित बालविवाह (२०५९) मा बालविवाहले पार्ने वेफाइदाहरू यसरी चर्चा गरिएको छ । आफु सरहका साथीले पढेर विकास गरेको देख्दा आफूप्रति नैराश्यता वढ्छ । सानै देखि मानसिक दबाबमा वस्नुपर्ने, दोधारमा जिन्दगी विताउनुपर्ने हादा आत्मवल कमजोर हुन्छ । मनमा लागेका कुरा व्यक्त गर्न नसक्ने हुन्छन् । आफ्नो इच्छा आकंक्षा पूरा नहुँदा जिन्दगी प्रति नै दिकदारी वढ्छ ।

बालविवाहले शिक्षा, स्वास्थ्य, प्रजनन अवस्था, आदि विभिन्न पक्षमा असर पुऱ्याउने कुरा यी विविध साहित्यि ग्रन्थले उल्लेख गरेका छन् । बालविवाहबाट पुरुष भन्दा विशेष गरी महिला पिडित भएको जिकिर गरेका छन् ।

केही पत्रपत्रिकाहरूले नेपाली जन समुदायमा बालविवाहका कारण र भोगेका समस्यालाई उल्लेख गरेका छन् । उक्त तथ्यलाई पनि समीक्षा गर्ने जमर्को गरिएको छ ।

रोजिता अधिकारीले वहुविवाहले सताएको जुम्ला शीर्षकको लेखमा जुम्लामा बालविवाहका कारण दोस्रो विवाह हुने गरेको तथ्य देखाएकी छन् । उनका अनुसार "जुम्लामा १४ देखि १८ वर्ष भित्र विवाह भइसक्छ र २०/२२ वर्षमा एक दुइ सन्तान

भइसक्छ अनि दुःखले महिला ३० वर्ष नकाटी ५० नाघे जस्ता देखिन थालेपछि पुरुषले आफु सुहाउदो केटी विहे गर्दा रहेछन् ।" (नागरिक, ८ मार्च, २०१२)

बालविवाह अन्त्यका लागि अभियान शीर्षकको एक लेखमा प्रस्तुत गरिएको छ "नेपालमा फिस्टुला र आङ खस्ने (पाठेघर खस्ने), र पाठेघरको मुखको क्यान्सर जस्ता समस्याको मुख्य कारण बालविवाह हो ।" (गोरखापत्र, २४ मार्च, २०१२)

रुद्र खड्काले मानव सूचाकंमा ७४ औं स्थानमा पर्ने वाजुरामा विहेका कारण धेरैले पढाइ छाडेका बताएका छन् । उनका अनुसार "यहाँ सानोमा विहे गर्नुहुदैन भनेर जानकारी दिने कोही नभएकाले बालबालिका ख्यालख्यालैमा पतिपत्नी केही समयपछि उमेर नपुगी फेरि आमाबुवा बन्नुपर्ने अवस्था छ ।" (नागरिक, अप्रील, २०११)

ललित वहादुर वुढाले बालविवाह गरेकोमा पछुताउँदै अधिकांश जोडी शीर्षकको लेखमा सुर्खेतमा बालविवाहले सम्बन्धविच्छेद वढाएको तथ्य उल्लेख गरेका छन् । लेखकका अनुसार "उमेर नपुग्दै विवाह भएकाले सुर्खेतमा सम्बन्ध विच्छेदका लागि अदालत धाउने र दोस्रो विवाह गर्नेको संख्या उल्लेखनीय छ ।" (राजधानी, २ डिसेम्बर, २०११)

प्रताप विष्टले चेपाङ समुदायमा "बालविवाह कायमै" शीर्षकमा लेखेको लेखमा सानै उमेरमा भन्दा आमा बन्दा महिलाको स्वास्थ्यमा असर परेको कुरा समावेश गरिएको छ । जसका अनुसार बालविवाहका कारण यस क्षेत्रका अधिकांश महिला रोगी जस्ता देखिन्छन् । (कान्तिपुर, २४ अक्टोबर, २०११)

बालविवाहले नेपालमा मातृमृत्युदर वढाएको कुरा देवेन्द्र शर्माले आफ्नो लेख "तेऱ्ह वर्ष नपुग्दै विहे चौधमा त सन्तान"मा उल्लेख गरेका छन् । (अन्नपूर्ण पोष्ट, ३० जुन, २०११)

यसरी विविध पत्रपत्रिकाहरूले पनि बालविवाहबाट नेपाली जनसमुदायले भोगेका समस्याहरूमा शिक्षा, स्वास्थ्य,सम्बन्धविच्छेद आदि क्षेत्रमा बढी प्रभाव परेको देखाएका छन् ।

रीता क्षेत्री (थापा) द्वारा अध्ययन गरी तयार पारीएको Early child marriage in rural Nepal in uttar Jhakaiy of Bara (2002) शीर्षकको मुख्य उद्देश्य बालविवाहका कारण र असरका बारेमा अध्ययन गरी सुझाव प्रस्तुत गर्नु हो । उक्त अध्ययनको निष्कर्ष

अनुसार अध्ययन क्षेत्रमा बालविवाहको प्रमुख कारण सामाजिक प्रथा हो । बालबालिकाले विहे अगाडि नै शारीरिक सम्बन्ध राख्ने र यसबाट विभिन्न घटना घट्न सक्ने, पारिवारिक दुर्नाम हुनसक्ने डरले अभिभावकबाट बालविवाह गरिदिने चलन छ । त्यस्तै वैवाहिक उमेर सम्बन्धि कानुनी व्यवस्था तथा जनचेतनाको अभाव, गरीबी, काम काजको लगि सघाउ र धार्मिक बिश्वास, छोरीलाई वोझ ठान्ने प्रवृति आदि अध्ययन क्षेत्रमा बालविवाहका अन्य कारक तत्त्वहरू हुन् । यस समाजशास्त्रीय अध्ययनमा बालविवाहका यी विविध कारणहरू देखाइएको छ तर शिक्षा, आय जस्ता समाज विकासका पक्षले बालविवाह हुनमा कस्तो प्रभाव पारिरहेको छ भन्ने सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छैन । १२ जातजातिको वसोवास रहेको ६७ घर धुरी मा फरक जातजाति अनुसार बालविवाहको स्थीति, कारण र असर कस्तो छ यसलाई वर्गीकरण नगरी समग्रमा अध्ययन तथा सामान्यीकरण गरिएको छ । तर विभिन्न जतजाजातिमा बालविवाह हुनमा फरक फरक मान्यता र विश्वासले प्रभाव पारिरहेको हुन्छ । जसलाई स्पष्ट देखाउन जरुरी हुन्छ । अतः उक्त अध्ययनमा यस्ता कमजोरी देखिन्छन् । उक्त कृतिमा बालविवाह भन्दा सामाजिक, आर्थिक स्थितिलाई वढि स्थान दिएको देखिन्छ । यी यस्ता कमजोरी वोकेका अध्ययन ले बालविवाहको यथार्थ स्थिती झल्काउन सकेको देखिदैन ।

चिडिमार समुदायका सामाजिक जनजीवनका पक्षमा निकै नै कम अध्ययन अनुसन्धान भएका छन् । त्यसमा पनि निरन्तर रूपमा देखिएको बालविवाह प्रथाको आजसम्म अध्ययन भएको छैन ।

रमेश कुमार सुनाम (२००२) द्वारा तयार पारिएको Social deprivation : a dimenson of poverty : a case study of disadvantage group childmar community शीर्षकको शोधमा चिडिमार समुदायमा बालविवाह प्रथा हुने गरेको मात्र उल्लेख गरिएको छ । सिङ्गो समुदायमा प्रथाका रूपमा प्रचलित बालविवाहले शोधको अध्ययन बिषयलाई कसरी प्रभाव पारिरहेको छ अर्थात बालविवाह प्रथा र गरीबीचको अर्न्तसम्बन्ध कस्तो छ यसलाई अध्ययनमा उजागर गरिएको छैन ।

राजेन्द्र रेग्मी (२००१) द्वारा तयार पारिएको safe motherhood practice among childmar community a case study from Nepalgunj शीर्षकको शोधमा बालविवाहको बाारेमा यसरी लेखिएको छ । "चिडिमार समुदायमा अझैसम्म बालविवाह हुने गर्दछ । यहाँ

औसत रूपमा ७/८ वर्षमै विवाह हुने गर्दछ ।" यस अध्ययनमा पनि बालविवाह प्रचलनको थप वर्णन र विष्लेषण गरिएको छैन उल्लेख गरिएको छैन ।

यस किसिमबाट विभिन्न अध्ययन, अनुसन्धान एवम् लेख, रचनाले विभिन्न तरिकाबाट बालविवाहलाई केलाउने प्रयास त गरेका छन् । तर बालविवाहका वास्तविक कारण र यसले समाजलाई पारेका असरका बारेमा गहन अध्ययन गर्न र ठोस निष्कर्ष दिन सकिरहेका छैनन् । त्यसकारण तिनै कमिकमजोरीलाई सुधारी, विभिन्न पत्रपत्रिकामा छापिएका लेख शोधपत्र आदिलाई समीक्षा गर्दै बालविवाहका समयसापेक्ष कस्ता कारण र प्रभाव विकसित भएका रहेछन् तुलनात्मक अध्ययन गरी यस अध्ययनलाई वैज्ञानिक र सत्यता नजिक पुऱ्याउने प्रयास गरिएको छ ।

# परिच्छेद - तीन

# अनुसन्धान पद्धति

कुनै पनि विषयमा अध्ययनको लागि निश्चित अनुसन्धान विधिहरूको आवश्यकता पर्दछ । यद्यपि सबै प्रकारका अनुसन्धान विधि प्रयोग गर्नुपर्ने आवश्यकता नहुन सक्छ । त्यसैले अध्ययनको विषय र प्रकृति अनुसार फरक फरक अनुसन्धान विधि अपनाउन सकिन्छ । यस अनुसन्धानको लक्ष्य प्राप्त गर्न केही प्रभावकारी विधिहरूको प्रयोग गरिएको छ । उक्त विधिहरू निम्नानुसार रहेका छन् ।

## ३.१ अध्ययन क्षेत्रको औचित्य

सभ्यता र विकासको बाटोमा लम्किरहेको हाम्रो समाजमा बालविवाहका कारण निकै नै उथलपुथल मच्चिन  पुगेको छ तर यसको गहिरो अध्ययन हुन सकेको छैन । यस्ता घटनाहरू अशिक्षित तथा ग्रामिण परिवारमा मात्र सीमित नरही शिक्षित एवं सहरी क्षेत्रमा देख्न सकिने अवस्था छ । प्रस्तुत यस स्नातकोत्तर शोधपत्रका लागि बाके जिल्लाको नेपालगंज नगरपालिका भित्र पर्ने वेलासपुर टोलको चिडीमार समुदायलाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ । नेपालमै दुर्लभ मान्न सकिने चिडीमार जाति नेपालगंज नगरपालिकाको वेलासपुर टोलमा बसोवास गर्दै आएका छन् । वेलासपुर टोल 'शिक्षा, सञ्चार र स्वास्थ्य जस्ता विकासका विविध पक्षमा अगाडि रहेको मध्यपश्चिमकै प्रमुख औद्योगिक शहर नेपालगंजको सेरोफेरोमा रहँदा रहँदै पनि यस जातिमा पुर्खौं पुर्खा देखि बालविवाह हुदै आइरहेको छ । तर यस प्रथाको समाजशास्त्रीय अध्ययन अनुसन्धान आजसमम भएको छैन र शोधकर्ता सोही टोलको स्थानीय वासिन्दा भएकाले र यस विषयमा अनुसन्धान गर्न इच्छुक भएकाले यस क्षेत्रको सामाजिक पृष्ठभूमिमा बालविवाह विषयको शोध गर्न उचित कार्य रूप दिइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान विधि अपनाइएको छ । चिडीमार समुदायको विवाह पद्धति, बालविवाहको अवस्था जस्ताको तस्तै वर्णन गर्न

वर्णनात्मक ढाँचा र बालविवाहका कारण र प्रभावको वारेमा अन्वेषण गर्न अन्वेषणात्मक अनुसन्धान विधि अपनाइएको छ ।

## ३.३ समग्रताको नमूना छनोट प्रक्रिया

सम्पूर्ण चिडीमारहरूको सांस्कृतिक, आर्थिक तथा सामाजिक अवस्थामा समानता भएकाले नमूना छनोटबाट नै अध्ययन गर्दा उचित हुने विश्वास राखिएको छ । जसका लागी सम्भावना रहित नमुना छनोटको उद्देश्यपूर्ण नमुना छनोट विधि अनुसार जम्मा घर संख्या मध्ये ५० प्रतिशतलाई नमुनाको रूपमा लिइएको छ जस अन्तर्गत जम्मा १५९ संख्याबाट ५० प्रतिशत लिदा हुन आउने ७० घर नमुनामा समावेश छन् ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत शोधपत्रका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितीय तथ्याङ्कको सङ्कलन गरिएको छ । जसअन्तर्गत स्वयं अध्ययनक्षेत्रमा गई प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ  भने विभिन्न संघ संस्था, पुस्तक, लेख, पत्रपत्रिका इन्टरनेट लगायत स्थानीय संस्था, पत्रपत्रिका आदि द्धीतीय स्रोत बाट सम्बन्धित पक्षको सूचना सङ्कलन गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाहरू

तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाहरू निम्न बमोजिम छन् :

### ३.५.१ चिडीमार जातिको स्थानीय संस्थाबाट सूचना

चिडीमार समुदायको स्थानीय संस्था सामुदायिक विकास केन्द्रबाट बालविवाह घटनाका आधिकारिक आंकडाहरू लिई तिनीहरूलाई सूचित गर्दै अध्ययनका लागि नमूना छनोट गरिएको छ ।

### ३.५.२ मुख्य सूचनादाता सँगको  अन्तर्वार्ता

चिडीमार जातिको उत्पति, विशेषता, सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्ष, विवाह पद्धति, बालविवाहका बारेमा वुढापाका तथा जान्नेसुन्ने व्याक्तिसँग विभिन्न

उद्देश्यमूलक जानकारी प्राप्त गर्न मौखिक तथा खुल्ला प्रश्नहरू मार्फत अन्तर्वार्ता लिई प्राप्त जवाफ लाई डायरीमा टिपोट गर्दै तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ प्रश्नावली विधि

तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली विधि एक भरपर्दो माध्यम हो । यस विधिबाट बालविवाहको बारेमा विस्तृत जानकारी लिन नमुनामा परेका ७० जनामध्ये नयाँ विवाहित बालबालिका र केही वर्ष पहिले बालविवाह भएका वर्तमान अभिभावक तथा अझ पुराना अर्थात् उमेर खाइसकेका बुढापाकाका लागि छुट्टाछुट्टै प्रश्नावली तयार पारी सोधिएको थियो । जसबाट बृद्ध बृद्धाको पाला देखि हालसम्मको बालबिबहाको परम्परा बुझ्न गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.५.४ अवलोकन विधि

बालविवाहका कारण र असरका वारेमा उपलब्ध तथ्यहरूलाई प्रमाणित गर्न बालविवाहका कारण, प्रभाव र असर सम्बन्धी विविध सामाजिक गतिविधिहरूलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष अवलोकन गरेर तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस क्रममा वाल विवाहित व्यक्तिहरूको जीवनशैली, स्वास्थ्य, शिक्षा, पेसा, पारिवारिक सम्बन्ध, आचरण व्यवहारको वारेमा सत्यतथ्य अबलोकन गरिएको छ ।

### ३.५.५ वैयक्तिक अध्ययन

यस अध्ययनमा नमूना सर्वेक्षण विधिलाई नै प्रमुख विधिको अवलम्वन गरिने भएकाले नमूनाको आकार भित्र परेको घटनाको व्यापक विश्लेषण गर्ने प्रयास गरिएको छ । यस पद्धतिमा खास गरेर गुणात्मक पक्षका तथ्यहरूको अध्ययन गरिएको छ । यस विधिबाट तथ्य सङ्कलन गर्न सामाजिक इकाइहरू जस्तो व्यक्ति, परिवार आदिको गहन र सुक्ष्म अध्ययन गरिएको छ । बालविवाहलाई समग्र इकाइ मानी तीन जना सदस्यको वैयक्तिक अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

संकलित तथ्याङ्कहरूलाई व्यवस्थित गर्न तथ्याङ्कहरूको प्रकृतिअनुसार तालिकीकरण र बर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा परिमाणात्मक

तथ्याङ्कहरूलाई आबश्यकताअनुसार तालिका र प्रतिशतमा राखिएको छ । गुणात्मक तथ्याङ्कहरूलाई उद्देश्यअनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्कलाई व्याख्या गर्ने क्रममा आवश्यक फोटो, नक्सा आदि लाई पनि उपयोग गरी शोधपत्रमा समावेश गरिएको छ ।

## ३.७ अध्ययनका सीमाहरू

हरेक विषयको अध्ययनमा त्यसलाई प्रभाव पार्ने सीमाहरू रहेका हुन्छन् । यस अध्ययनका सीमाहरू यस प्रकार रहेका छन् ।

१. यो अध्ययन खासगरी स्नातकोत्तर आंशिक आवश्यकता पूरा गर्न गरिएको छ । जो आफैमा अध्ययनको सीमा हो ।

२. विभिन्न जनजाति, स्थान र स्थानीय संस्कृतिमा हुने बालविवाहको प्रकृति कारण र प्रभाव एउटै नहुने भएकाले यो सानो क्षेत्रको अध्ययनले सम्पूर्ण नेपालको बालविवाहको अवस्थालाई प्रतिनिधित्व गर्न सक्दैन ।

३. यस समूहका महिला पुरुष तथा बालबालिका श्रमिक काम गर्न घर बाहिर जाने भएकाले अन्तरक्रिया तथा भेटघाट हुन कठिन हुन्छ ।

# परिच्छेद - चार
## भौगोलिक परिचय

### ४.१ बाँके जिल्ला

बाँके जिल्ला नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्दछ । तराइका २० जिल्लामध्ये एक बाँके जिल्लाको सदरमुकाम नेपालगंज भेरी अञ्चलको समेत सदरमुकाम रूपमा रहेको छ । जुन मध्यपश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रकै प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्र एवं प्रमुख नाकाको रूपमा परिचित छ । वि.सं १९१४ मा भारतमा भएको सिपाही बिद्रोहको समस्या सामाधान गर्न तत्कालीन प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले इष्ट ईण्डिया कम्पनिलाई सहयोग गरे वापत वि.सं १९१७ मा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नेपाललाई फिर्ता आएकाले उपोरोक्त बाँके लगायतका जिल्लाहरूलाई नँया मुलुकका रूपमा चिनिन्छ ।

यस जिल्लाको नाम बाँके रहनुमा विभिन्न जनश्रुति, धार्मिक, एबं पौराणिक आख्यानहरू रहेको पाइन्छ । परापूर्व कालमा तराइ क्षेत्रमा औलो, कालाजारजस्ता रोगहरूको प्रकोपले गर्दा यस क्षेत्रमा बसोबास गर्ने अधिकांश मानिसहरूको मृत्यु हुन गई थोरै मानिसहरू मात्र यस क्षेत्रमा बाँकी रहेकाले बाँकी मानिसले बसोबास गरेको ठाँउ भनिदै जाँदा पछि अपभ्रंश भइ यस ठाँउको नाम बाँके रहन गएको हो । यसैगरी अर्को एक पौराणिक भनाइ अनुसार सत्ययुगमा सतिदेबीको जिब्रो पतन भइ त्यस ठाँउमा वाक्यश्वरी (हाल बागेश्वरी) रहेको स्थान लाई छोटकरीमा वाक्य भनिदै जाँदा पछि बाँकेमा परिणत भएको भनाइ पनि रहेको छ । अर्को एक जनश्रुति अनुसार परापूर्वकालमा यहाँका मानिसहरूले घाम, पानी, हुरी, बतास आदिबाट सुरक्षित रहन वरिपरि घुमाएर बाँके खालका घर निर्माण गर्ने गर्थे रे । अधिकांश बाँके घरहरू रहेको बस्तीलाई बाँकी बस्ती भनिदै जाँदा पनि यस जिल्लाको नाम नै बाँके रहन गएको हो । यस जिल्लाको क्षेत्रफल २३३७ वर्ग कि.मि रहेको छ ।

यो जिल्ला २७ डीग्री उत्तर देखी २८ डीग्री २०' अक्षांस र ८१ डीग्री पूर्व देखि ८२ डीग्री ८' पूर्वी देशान्तर मा फैलिएको छ । यस जिल्लाको भूभागमध्ये केही अंश चुरे क्षेत्रले ओगटेको छ भने अधिकांश भु-भाग तराइले ओगटेको छ । चुरे क्षेत्र समुद्र सतहदेखी ६१०-

१२३६ मिटर सम्म अग्लो छ भने जिल्लाको बाँकी भुभाग समुद्र सतह देखि १२७-६१० मिटर सम्मको उचाइमा रहेको छ । चुरे श्रृण्खला अन्तर्गत हात्तीसार, कन्याडाँडा, लिकनालेख, देउराली, गाइलेक, आदि पर्दछन् । चुरे क्षेत्रमा चिसापानी, महादेवपुरी, कचनापुर खास कुस्मा र बैजापुर गा.बि स का केही भाग पर्दछन् भने बाँकी सबै भू-भाग तराइ क्षेत्रमा नै पर्दछन् । यहाँको हावा पानी उष्णदेखि समशीतोष्ण रहेको छ । औसत बार्षिक तापक्रम अधिकतम ३४.९५ डिग्री से. र न्यूनतम तापक्रम १२.९९ डिग्री सेल्सियस रहेको छ । राप्ती, मान र डुडुवा यहाँका मुख्य नदिहरू हुन भने रानी तलाउ, बाटर पार्क मुख्य तालहरू हुन । यसैगरी महेन्द्र पार्क, रानी तलाउ, बोटिङ बिहार, बाटर पार्क आदि मुख्य पर्यटकीय स्थलहरू हुन । बाँके जिल्लाका मुख्य बजारक्षेत्रहरूमा नेपालगंज, कोहलपुर, खजुरा, नरैनापुर, कुसुम, शमशेरगंज, चिसापानी, बनकटवा र राँझा, हुन । बाँके जिल्लालाई राजनैतिक हिसाबले ४ निर्बाचन क्षेत्रमा बाँडिएको छ भने यहाँ १ नगरपालिका, १३ इलाका र ४६ गा.बि.स छन् । वि.सं २०६८ सालको जनगणना अनुसार बाँके जिल्लाको कुल जनसंख्या ४,९३,०१७ र घर संख्या ९६३३० रहेको छ ।

## ४.२ नेपालगञ्ज नगरपालिका

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने भेरी अञ्चल भित्र बाँके जिल्ला र बाँके जिल्लाभित्र नेपालगञ्ज नगरपालिका पर्दछ । बाँके जिल्ला तराई क्षेत्रमा पर्दछ । नेपालगंज नगरपालिका मध्यपश्चिमाञ्चलको केन्द्रिय नगरको रूपमा रहेको छ अर्थात विशेषगरि कर्णाली, सेती र भेरी अञ्चलको व्यापारिक केन्द्रको रूपमा प्रसिद्ध छ । नेपालगंजको दक्षिणी भाग भारतको सिमाना रूपेडीहयासँग जोडिएको छ । यस नगरपालिकाको क्षेत्रफल १३.१४ वर्ग कि.मी. रहेको छ । नेपालगञ्ज नगरपालिका भित्र १७ वटा वार्ड हरू पर्दछन् । प्रस्तुत अध्ययन क्षेत्र अर्थात वेलासपुर टोल वार्ड नं. १६ अन्तर्गत पर्दछ । यहाँ बाहुन, क्षेत्री, ठकुरी, देशी, थारू, मुसलमान, नेवार, मारवाडी, चिडीमार, गोडारीया, कुर्मी, साथै अन्य जातिहरूको बसोवास पाइन्छ । भाषाहरूमा नेपाली, थारू, अवधि, हिन्दी भाषा बढी प्रचलनमा पाइन्छ । नेपालगञ्ज नेपालको सबैभन्दा गर्मी हुने ठाउँ हो । यहाँ गर्मीमा ४० डिग्री भन्दा बढी तापक्रम रहन्छ भने हिउँद महिनामा गर्मीको हिसाबले बढी चिसो हुने गर्दछ । त्यसैले यहाँको हावापानीमा विषमता पाइन्छ । नेपालगञ्ज नगरपालिका भित्र हिन्दुहरूको मुख्य मन्दिर वागेश्वरी रहेको छ भने यहाँ मुस्लिमहरूको समुदाय पनि धेरै भएकाले मुस्लिम मस्जिदहरू पनि अवस्थित छन् । नेपालगञ्ज शिक्षा,

स्वास्थ्य, सञ्चार र औद्योगिक हिसाबले मध्यपश्चिमाञ्चलकै प्रमुख शहर हो । यहाँ मध्यपश्चिमाञ्चलकै ठुलो भेरी अस्पताल रहेको छ भने त्रि.वि. अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस रहेको छ । सञ्चारका हिसाबले पनि एफ.एम. स्टेशन टेलिभिजन स्टेशन खुल्नुका साथै पत्रपत्रिकाहरू निस्कने गर्दछन् । दर्जनौ शिक्षण संस्था, अस्पताल, एयरपोर्ट तथा सुविधाका अन्य विविध सेवाहरू उपलब्ध छन् । यहाँ विविध अवसरमा व्यापारिक मेला, औद्योगिक मेला सांस्कृतिक मेला लाग्ने गर्दछन् । यस्ता मेलामा बर्दिया, कैलाली, सुर्खेत तथा दाङबाट जनसमुदायको ओइरो लाग्ने गर्दछ ।

## ४.३ वागेश्वरी मन्दिर

नेपालगञ्ज नगरपालिका भित्र वागेश्वरी टोलमा प्रसिद्ध देवीपिठ वागेश्वरी मन्दिर रहेको छ । यो वागेश्वरी मन्दिर सम्पूर्ण हिन्दु धर्मावलम्बीहरूका लागि ज्यादै प्रसिद्ध छ । यस मन्दिरमा विभिन्न ठाउँबाट तीर्थयात्रीहरू दर्शन गर्न आउनुको साथै स्थानीय नेपालगञ्ज बासीहरू इष्ट देवीको रूपमा पुज्दछन् । यस मन्दिरमा विशेष गरी बडादशैं, होली, लक्ष्मीपूजा, माघे संक्रान्ती चैत्र दशै, नववर्ष (वैशाख १ गते) तीज, पञ्चमी आदि जस्ता पर्वमा ज्यादै भिड हुने गर्दछ । यस मन्दिर भित्र सत्यदेवीको पिठ खसेर वागेश्वरी देवी उत्पत्ति भएको हो भन्ने धार्मिक विश्वास रहेको पाइन्छ । यस मन्दिरमा आएर विवाह, वव्रवन्ध, छेवा जस्ता शुभ कार्य गरिने चलन पनि छ ।

## ४.४ दारुल उलुम फैजुनबी मस्दीज

२०५८ सालको जनगणना अनुसार बाँके जिल्लामा सबैभन्दा धेरै जनसंख्या हिन्दु धर्माबलम्बीहरूको छ भने त्यस पछिको दोस्रो ठुलो धार्मिक समुदायका रूपमा मुस्लिम समुदाय रहेको छ । जम्मा जनसंख्या मध्ये १८.९९ प्रतिशत संख्या मुस्लिम समुदायको रहेको छ । यहाँका मुस्लिम धर्मावलम्बी समुदाय हरूको प्रसिद्ध धार्मिक स्थल दारुल उलुम फैजुनबी जामा मस्जीद रहेको छ । नेपालगन्ज नगरपालिकामा पर्ने विपि चौक नजिक रहेको यस मस्दीजलाई सबै भन्दा ठुलो र पुरानो मस्जिदका रूपमा लिईन्छ ।

उक्त मस्जिदमा सदियौ देखी मुस्लिमहरूले नमाज पढ्दै आएका छन् । मुस्लिमहरूको ठुलो पर्व ईद र बकरईदका दिन सो मस्जिदमा नेपालगन्ज क्षेत्रका करिब ८ हजार

मुसलवानहरूल एकै साथ सामुहिक  नमाज पढ्ने गर्दछन् । सो मस्जिदको निर्माण कति सालमा भयो भन्ने एकिन तथ्याङ्क र प्रमाण अहिलेसम्म फेला परेको छैन ।

## ४.५ बौद्ध धर्म संघ गुम्बा

बाँके जिल्लामा  हिन्दु तथा मुस्लिम धर्म पछि तेस्रो स्थानमा बौद्ध धर्मको बाहुल्यता रहेको छ । कुल जनसंख्याको ०.२ प्रतिशत बौद्ध धर्म मान्नेहरूको संख्या रहेको छ । बुद्ध धर्म मान्नेहरूमा विशेष गरी गुरुङ, थकाली ,तामाङ, मगर, राई जातजाति रहेका छन् । बौद्ध धर्म संघ गुम्बा यस क्षेत्रका बौद्ध धर्मावलम्बीहरूको प्रख्यात गुम्बा हो । यो गुम्बा नेपालगंज नगरपलिकाको वाड नं ५ बुद्धनगर मा रहेको छ । यस गुम्बामा बुद्ध धर्म मान्ने हरू विशेष श्रद्धाका साथ जाने गर्दछन् । यस क्षेत्रका अन्य गुम्बाहरू भन्दा ठुलो तथा पुरानो गुम्बाको रूपमा प्रचलित यस गुम्बाको स्थापना वि.सं २०४२ सालमा भएको हो । यहाँ विशेष गरी बुद्ध जयन्ती तथा ल्होसारमा धेरै श्रद्धालुहरूको घुँइचो लाग्ने गर्दछ ।

## ४.६ बेलासपुर टोल

बेलासपुर टोल नेपालगञ्ज नगरपालिकाको वडा नं. १६ मा पर्दछ । यो टोल मुख्य शहर नेपालगञ्ज देखि ०.५ किलोमिटर टाढा पर्दछ । यसको सिमानामा पश्चिममा इन्द्रपुर गा.वि.स. को १, २ र उत्तर, पूर्व तथा दक्षिणमा सोही गा.वि.स. को १३ वार्ड पर्दछ । यो सुविधा सम्पन्न क्षेत्र भएकाले यहाँ पहाडिया, देशी, मधेसी थारू तथा धेरै जातजातिको बसोवास रहेको पाइन्छ । जसमध्ये सबैभन्दा धेरै संख्या चाडीमार जातिको रहेको छ । यो टोल अन्य समतल भूमि भन्दा केही गहिरो भूमिमा अवस्थित छ । जसले गर्दा यो टोल प्राय वर्षायाममा डुबानमा पर्दछ । यस टोलमा बसोवास गर्ने विविध जातिमध्ये अन्य जातिहरू शिक्षा, आर्थिक पक्षमा अगाडि छन् भने चिडीमार, कुर्मी, गोडारिया, रैदार, टेली आदि सम्पूर्ण हिसाबले पिछडिएका छन् ।  यस टोलमा बसोवास गर्ने मुख्य जातजातिहरूको विवरण यस प्रकार छ ।

तालिका नं. २ : अध्ययन क्षेत्रमा बसोवास गर्ने जातजातिको विवरण

| क्र.सं. | जातजाति/समुदाय | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | चिडीमार | १३३ | २८.७८ |
| २. | ब्राम्हण | ६३ | १३.६३ |
| ३. | मुस्लिम | ६२ | १३.४१ |
| ४. | क्षेत्री | ४१ | ८.८७ |
| ५. | बाँनिया | २९ | ६.२७ |
| ६. | गुप्ता | २४ | ५.१९ |
| ७. | दुवार | २२ | ४.७६ |
| ८. | कुर्मी | २२ | ४.७६ |
| ९. | रैदार | ११ | २.३८ |
| १०. | नौ | ११ | २.३८ |
| ११. | यादव | ८ | १.७३ |
| १२. | भुजुवा | ८ | १.७३ |
| १३. | थारू | ८ | १.७५ |
| १४. | टेली | ८ | १.७३ |
| १५. | गोडारिया | ६ | १.२९ |
| १६. | अन्य | ६ | १.२९ |
|  | जम्मा | ४६२ | १०० |

स्रोत : क्षेत्रीय तथ्याङ्क कार्यालय विभाग बाँके, २००१

## ४.७ चिडीमार जाति र सामाजिक, सांस्कृतिक अवस्था

चिडीमार जाति नेपालको तराई र इन्डियनको उत्तर प्रदेशमा बसोवास गरेको पाउन सकिन्छ। यो जातिको जनसंख्या नेपालमा अत्यन्त कम रहेको छ। बाँके जिल्ला बाहेक अन्य स्थानमा यस जातिको बसोवास भएको देखिदैन । बाँकेको बेलासपुर टोल (अध्ययन क्षेत्र) कर्मोना गाउँ र शमशेरगञ्जमा चिडीमार जातिको बस्ती छ। बाँके जिल्लामा चिडीमारको जम्मा जनसंख्या २,३०२ रहेको छ। जसमध्ये चिडीमार सामाजिक विकास केन्द्रले २०६८ मा गरेको जन गणनाअनुसार बेलासपुर टोलमा मात्र १५९ घर संख्या तथा ९६९ जनसंख्या

रहेको छ । यिनीहरू यहाँ भारतको बहराइचबाट बसाइसराइ गरेर आएका हुन् । चिडीमारहरू आफुलाई बेहलिया ठाकुर थर लेख्न र भन्न रुचाउँछन् । भारत र नेपालमा रहेका चिडीमारको भाषा,रहनसहन तथा संस्कृति एकै प्रकारको छ ।

मझौला कद, कालो वर्ण चिडीमारको शारीरिक विशेषता हो भने यीनीहरूको मातृभाषा अवधि हो । साधारणतया यीनीहरूको मुख्य पहिरन पुरुषको वनेन टिसर्ट, धोती हो भने महिलाको धोती, कमिज हो । तर आजभोली पुरुषहरू सर्ट, टिसर्ट पाइन्ट तथा महिलाहरू सारी, कुर्तासुरुवाल लगाउने गर्दछन् । यीनीहरू हिन्दु धर्म मान्दछन् । चाडपर्व मध्ये दशै, तिहार, होली र कृष्णाष्टमीलाई विशेष उल्लासका साथ मनाउँदछन् । यीनीहरू विविध अवसरमा आफ्नो जातीय संस्कृति  वोकेको नाचगान तथा बाजागाजा वजाएर रमाइलो गर्ने गर्दछन् ।

चिडीमार जाति पिछडिएको जाति हो । यस जातिलाई दलित अन्तर्गत राखिएको छ । यीनीहरूको परम्परागत पेसा चरा मार्नु हो । यहि पेसाका आधारमा चिडीमार जाति नामाकरण भएको हो भन्ने भनाइ छ । जसअनुसार चीडी+मार= चिडीमार अर्थात चीडीको अर्थ चरा र मारको अर्थ मार्नु रहेको छ । चिडीमार जातिका बुढा पाका अनुसार पहिले बेलासपुरमा जंगल थियो । यीनीहरू यँही चरा मारेर जीविकोपार्जन गर्दथे । चरा मार्न बर्दिया सम्म पनि पुग्ने गर्दथे । जंगलको फँडानी क्रम बढ्दै गएपछि पेसा दुर्लभ हुन थाल्यो । हाल यीनीहरूको यही पेसा भनेर किटान गर्ने अवस्था छैन । धेरैजसोले विभिन्न काममा मजदुरी, ज्यालादारी तथा कृषिको काम गर्दछन् भने कसैकसैले रिक्सा चलाउने, व्यापार गर्ने गर्दछन् । यस समुदायमा स-साना एक अर्कासँग जोडिएका घरहरू देखिन्छन् । धेरै जसो घरहरू खर तथा बाँसको बारमा माटो तथा गोबरले पोतिएका र टायलको छाना भएका छन् भने केही केही मात्र इट्टा र सिमेन्टले बनेका पक्की घरहरू बनाएका छन् । यस जातिले विविध संस्कार आफ्नै नितान्त परम्परागत चलन अनुसार गर्ने गर्दछन् । यीनीहरू पश्चिमीकरण तथा आधुनिकीकरणबाट निकै टाढा छन् । परम्परागत धारणा र मान्यतामा विश्वास गर्दछन् । गरिबी र अशिक्षा यस जातिको प्रमुख समस्या हो

# परिच्छेद - पाँच

## विवाह

### ५.१ विवाहको परिचय

विवाह शब्द वि उपसर्ग पूर्वक 'वह' प्रापर्ण भन्ने धातुबाट सिद्ध हुन्छ । विशेषण उदययै यस विग्रहअनुसार विवाह शब्दको अर्थ विशेष किसिमले वहन गर्नु तथा पुऱ्याउनु दुवै हुन आउँछ । पुरुषले स्त्रीको समग्र जीवनका सम्पूर्ण आवश्यकताहरूको वहन गर्नु, जिम्मा लिनु र अन्ततः उसलाई आफ्नो अर्धाङ्गको रूपमा स्वीकार गरी सतधर्म कर्माचारण गर्दै ब्रह्मको नजिक पुऱ्याउनु वा प्राप्त गराउनु भन्ने विवाह शब्दको अभिप्राय देखिन्छ । सामाजिक व्यवस्थालाई निरन्तरता दिनका लागि समाजका विभिन्न एकाइ मध्ये विवाह त्यस्तो सामाजिक संस्था हो, जसले सृष्टिको निरन्तरतामा महत्वपूर्ण योगदान दिदै आएको छ । सामान्य अर्थमा विवाहलाई हेर्दा विवाहबाट मानिसले यौन सन्तुष्टि प्राप्त गर्न, बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई निरन्तरता दिन सक्छ । विवाहका बारेमा पूर्वीय साहित्यले संस्कारमुलक अनुष्ठान मानेको छ भने पाश्चात्य साहित्यले करारमुलक सम्झौता मानेर सोही अनुसार नै परिभाषा दिएका छन् । पूर्वीय साहित्य अनुसार विवाह व्यक्तिगत नाता सम्बन्ध जोड्नु मात्र भन्दा पनि पारिवारिक सम्बन्ध जोड्ने प्रक्रिया हो भनी व्याख्या गरेको पाइन्छ भने पश्चिमी साहित्यमा विवाह परिवारका लागि भन्दा पनि व्यक्तिका लागि भनी विवाहलाई व्यक्तिगत सम्बन्धमा बढी महत्व दिएको पाइन्छ । (थापा २०६१ : २ )

विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले विवाहका बारेमा विभिन्न धारणा राखेको पाइन्छ । जस अनुसार Horton and Hunt ले विवाहलाई एउटा सामाजिक मान्यता प्राप्त संस्थाका रूपमा लिएका छन् । विवाहबाटै परिवारको सिर्जना हुने कुरा उनी बताउँछन् ।

(C.R. Ember / M. Ember) का अनुसार विवाह सामाजिक स्वीकृत आर्थिक र यौनजन्य संगठन हो । जसभित्र रहेर लोग्ने र स्वास्नीले आफ्नो अधिकार क्षेत्र अन्तर्गत बसेर विभिन्न कार्य गर्न सक्दछन् । जसमा दम्पत्ती बीच यौन सम्बन्ध हुनाका साथै खास अधिकार र कर्तव्य पनि जोडिएको हुन्छ । यसकारण विवाहलाई एउटा सामाजिक संस्था मान्न

सकिन्छ जहाँ लोग्ने स्वास्नीको वा महिला र पुरुषलाई यौन सम्बन्ध राख्न, बालबच्चा जन्माउन र हुर्काउने कार्यलाई समाजले स्वीकृत दिएको हुन्छ । विवाह सांस्कृतिक सम्बन्धको विषय हो । विवाह पद्धति समाज, संस्कृति र प्रचलन अनुसार फरक फरक किसिमका हुन सक्छन् । विवाह भइसकेपछि समाजमा दम्पत्तीहरूलाई खास अधिकार निर्दिष्ट दायित्व निर्धारण गरिन्छ । यो पनि समाज र संस्कृति अनुसार फरक फरक हुन्छ ।

## ५.२ विवाहका आधारभूत कार्यहरू

विवाह एक आधारभूत सामाजिक संस्था हो । सामाजिक व्यवस्थालाई निरन्तरता दिनका लागि समाजमा विभिन्न एकाइहरू रहेका हुन्छन् । यी मध्ये विवाह त्यस्तो एउटा सामाजिक संस्था हो जसले सृष्टिको निरन्तरतामा महत्वपूर्ण योगदान दिन सक्छ । परिवार तथा नाता सम्बन्ध जस्ता आधारभूत सामाजिक संस्थाहरूको विकास विवाहबाटै हुन्छ । अझ प्रारम्भको अनियन्त्रित र असंगठित समाजलाई एउटा निर्दिष्ट दिशाबाट अगाडि बढाउने कार्य विवाहबाटै भयो । प्रत्येक समाजमा पाइने सर्वव्यापक संस्था विवाहको समाज विकासमा निकै ठूलो महत्व रहेको छ । यिनै पृष्ठभूमिमा सामाजिक संस्था र प्रक्रियाको समाज शास्त्रिय विष्लेषणका अनुसार विवाहका आधारभूत कार्यहरूलाई निम्न अनुसार दिन सकिन्छ ।

- विवाहबाट मानिसले मनोवैज्ञानिक रूपमा यौन सन्तुष्टि प्राप्त गर्नका साथै बालबच्चाको जन्म र समाज विकासको प्रक्रियालाई प्राथमिक रूपमा निरन्तरता दिन सक्छ । समाजको विश्रृङ्खलित र अनियन्त्रित यौन सम्बन्धलाई विवाहबाटै नियन्त्रण हस्तान्तरित हुदै अगाडि बढेको छ । आज पश्चिमा देशहरूमा विवाह नगर्ने मानिस र विवाह गरेपनि बालबच्चा नजन्माउने प्रचलनको विकासले ति समाजमा जनसंख्या कम हुने जस्तो समस्या देखिएको छ ।

- विवाहबाट नाता सम्बन्ध र परिवारको विकास भएको हुन्छ । यस्ता समाजका आधारभूत सामाजिक संस्थाहरूबाट समाज बढी संगठित र सहयोगी बन्दछ ।

- विवाहबाट नै जन्मने बालबच्चालाई सामाजिकीकरणको प्रक्रिया अगाडि बढाउन सकिन्छ ।
- विवाहबाट नै हिन्दु सामाजिक संस्कार अनुसार एउटा मानिस पूर्ण बन्न सक्छ ।
- विवाहले सामाजिक सुरक्षा प्रदान गर्दछ ।
- विवाहबाट समाजमा जन्मिने बालबच्चाले सामाजिक वैधता प्राप्त गर्दछ । यसैबाट बालबच्चाले आफ्ना बावु आमाबाट प्राप्त गर्नुपर्ने अधिकार प्राप्त गर्दछ ।
- विवाहले यौन सम्बन्ध प्रतिस्थापन गराउनका साथै आर्थिक तथा अन्य सामाजिक कार्य गर्न लोग्ने स्वास्नीका बीच आपसमा सहयोग बढाउँछ ।
- विवाहबाट सामाजिक एकतामा बल मिल्दछ ।
- विवाहले सामाजिक रूपमा महिला र पुरुष बीच कार्य विभाजन गर्दछ । यसबाट सामाजिक दायित्व र कर्तव्यको बोध हुन्छ ।
- विवाहले व्यक्तिको नैराश्यपूर्ण जीवन र एक्लोपनलाई रचनात्मक काममा लगाउन मनोवैज्ञानिक बल दिन्छ ।
- विवाहबाट भिन्न भिन्न व्यक्ति समुदाय बिच विकसित सम्बन्धले सामाजिक सांस्कृतिक लेनदेन, विश्वास बढ्नुका साथै सामाजिक सम्बन्धको दायरा फराकिलो बन्दछ ।
- अन्तरजातीय विवाह प्रचलनले जातीय एकतालाई बलियो बनाउन सक्छ ।

(आर्चाय, बलराम, २०६२)

## ५.३ चिडीमार जातिमा विवाह पद्धति

विवाह संस्कृति सँग सम्बन्धीत छ । त्यसैले हरेक जाति जनजातिमा विवाह पद्धति एकै नासको हुदैन । विवाह विधी खान पीन, रहन, सहन मान्यता फरक फरक हुन्छन् ।

यसैगरी चिडीमार समुदायको पनि विशेष तरिका शैली बोकेको छुट्टै प्रकारको विवाह पद्धति छ । यस समुदायमा बालविवाह गर्ने परम्परा छ । विवाह गर्ने कतिपय केटा-केटी बीच चीनजान समेत नभएको अवस्था हुन्छ । अभिभावकको सम्झौता र निर्णयमा सानै उमेरका सन्तानको विवाह हुने गर्दछ । अन्तरजातीय विवाहलाई सामाजिक रूपमा मान्यता दिइदैन । केही वर्ष अगाडिसम्म अन्तरजातीय विवाह गरेमा समुदायले कडा सजाय दिने गर्दथ्यो । तर हिजोआज अन्तरजातीय विवाह फाट्ट फुट्ट भइ रहन थालेपछि यसलाई समुदायमा रोक्न नसकिने ठानी सजाय व्यवस्था हट्दै गइरहेको छ । तर यस्तो विवाह गर्नेलाई हाल पनि राम्रो दुष्टिले हेरीदैँन ।  यसैगरी प्रेम विवाह पनि चल्तीमा छैन तर सानैमा विवाह भएको जीवनसाथी सँग झगडा, तनाव या मननपरेको स्थीतिमा सजातीय तथा अन्तरजातीय भागी विवाह गर्ने गरेको पाइन्छ । एकै जनाले एक भन्दा बढि श्रीमती राख्ने गरेको पाइदैन ।  यस जातिको विवाह मुख्यतया बिहे, गौना र थौना गरी तीन चरणमा सम्पन्न हुन्छ । ती  तीन चरणले लामो समय लिन्छ । विवाह गर्ने केटा भन्दा केटी १-४ वर्ष सम्म कान्छीलाई छान्ने गर्दछन् । यस जातिमा १७-१८ वर्ष भित्र सबै जसोको विवाह भइसकेको हुन्छ ।

### ५.३.१ मगनी

एक अर्काको छोरा, छोरी लिने दिने कुरा मिलेपछि कुरा पक्का गर्न केटापक्षबाट कपडा, श्रृङ्गार सामान, औंठी तथा केही पैसा उपहार स्वरूप केटीको तर्फ पठाउँछन् । छरछिमेकमा मिठाइ दिएर खुसियाली बाँडछन् तत्पश्चात केटा वा केटी एक पक्षकाले पण्डित संग विवाहको साइत जुराइमाग्दछन् । पण्डित ले लगन, बुका मिर्छुवा, चुल्हा धोइ, तेल तथा विवाहको साइत कागजमा लेखेर  केटा केटी दुबै तर्फकालाई उपलब्ध गराउँछन् र सोही साइत अनुरूप विवाहका सबै प्रक्रियाहरू केटा र केटीको घरमा हुने गर्दछन् ।

### ५.३.२ लगन

मगनी भइसकेपछि पंडितबाट लगनको शुभ साइत तोकिएको हुन्छ । लगन बाँधेमा विवाहको लागि शुभ कार्य भएको मानिन्छ । लगनको अघिल्लो दिन केटा पक्षबाट बिजोर संख्यामा ५, ७ वा ११ जनाको संख्यामा पुरुष मात्र केटीको घरमा कम्तीमा ५ किलो माछा र वतासा मिठाइ ल्याएर साँझमा आउँछन् । केटीको घरमा सोही माछा पकाएर भोज गर्दछन् । रमाइलो गर्दछन् । उनिहरू त्यसदिन टाढाबाट आएका भए त्यहाँ बस्दछन् भने नजिकका भए आ-आफ्नो घर जान्छन् । उक्त बतासा मिठाइ केटी पक्षकाले छरछिमेकमा सगुन स्वरूप

बाँड्दछन् । भोलीपल्ट विहान लगन बाँध्ने दिन पण्डित आएर चामल, तोरी, फलामको औंठी, पहेंलो बेसार लगाएको कपडामा बाँधेर केटीको दायाँ हातमा बाँधिदिन्छन् । उक्त लगन विवाहको दिनसम्म केटीको हातमा बाँधिराख्नु पर्दछ । जसले गर्दा विवाहको लगन तथा साइत विवाहको दिन सम्म कायम रहिरहने विश्वास गरिन्छ ।

### ५.३.३ बुका

तेल लगाइदिने महिला वा पुरुषबाट विवाह गर्ने तयारीमा रहेका केटा र केटीलाई निश्चित दिनसम्म तेल लगाउने कार्यलाई बुका भनिन्छ । बुका गर्ने दिनको सुरुवात पण्डित बाट निर्धारण गरिएको शुभ साइतबाट हुन्छ । सोही दिनबाट केटा र केटीको घरमा विजोर दिन ५, ७, ९ वा ११ दिन सम्म लगातार नौनीया (तेल लगाउने पुरुष वा महिला) बाट केटा र केटीलाई आफैले तोरी भुटेर पिसेर निकालेको तेल घसीदिने कार्य हुन्छ । जति दिन सम्म तेल लगायो त्यही अनुसार नौनीयाले पैसा लिने गर्दछन् । कति दिनसम्म तेल लगाउने भन्ने कुरा उक्त घरको आर्थिक स्थीतिमा भर पर्दछ । तेल लगाउने कार्य विजोर दिन पारेर रोकिन्छ । यसरी तेल लगाउने कार्यलाई बिजोर दिन पारेर रोक्दा शुभ हुने मानिन्छ ।

### ५.३.४ मिर्छुवा

बुका गरेपछि पण्डितले तोकेको एकै दिनमा केटा र केटीको आ-आफ्नो घरमा मिर्छुवा गर्दछन् । जस अन्तर्गत आफैले बनाएको माटाको भाँडोमा चामल, पानी मिठाइ, बेसार, दुध, घिउ, गुँड, सुपारी, पैसा र बलिरहेको आगोको कोइला राखेर समुदायको पूजा गर्ने प्रमुख थान, मठ, मन्दिरमा आफ्नै भाषाको परम्परागत गीत गाउँदै पूजा गर्न जान्छन् । पूजा गरिसकेपछि चामल र भेली मिठाइ मीसाएर प्रसादको रूपमा वरिपरि रहेको सबैलाई बाँड्दछन् पुन गीत गाउँदै घरमा आउँछन् उक्त रातभर सबै आफन्त जम्मा भएर नाच्दै गाउँदै रातभर जाग्राम बस्दछन् । भोलिपल्ट खाना खाएर आ-आफ्नो घर लाग्दछन् ।

### ५.३.५ चुल्हा धोइ

मिर्छुवा गरेपछि पण्डितले दिएको मितिमा केटा तथा केटी दुबैको घरमा चुल्हा धोइ हुन्छ । मासको दाल अघिल्लो दिनमा भिजाएर राखिएको हन्छ । यस दिन परिवार तथा आफन्त भित्रकै ५, ७, ९, वा ११ जना महिला मात्र मिलेर उक्त भिजाएको दाल धुन्छन् । भक्ति गीत, गाँउदै सुकाउँछन् र पीठो पीसेर राखिदिन्छन् यसलाई चुल्हा धोइ भनिन्छ ।

जुन पिठो विवाहको महत्वपूर्ण बन्दछ । विवाहको दिन उक्त मासको पिठोको बारा बनाएर केटाले केटी र केटीले केटा तर्फकालाई ख्वाउँछन् ।

### ५.३.६ तेल

चुल्हा धोइ गरेको एक हप्ता पछि तेल गरिन्छ । तेलको कार्य पनि पण्डितले दिएको मितिमा केटा र केटीको आ-आफ्नो घरमा हुने गर्दछ । यस दिन उक्त परिवार तथा छिमेकका १०/१२ जना महिला गएर बेसार, धुप, घीउ, पुरी लगी काली माइको मन्दिरमा गएर पूजा गर्दछन् । वरिपरि भएका सबैलाई प्रसादको रूपमा पुरी बाँड्दछन् । मन्दिरबाट घर फर्केपछि घरमा पुनः पण्डितबाट पूजा गर्दछन् । त्यसपछि केटीको फुपु वा भाउजुबाट केटीलाई तथा केटाको फुफाजु वा भिनाजुबाट केटालाई तेल मालिस गराउँदछन् ।

### ५.३.७ विवाह

विवाहको दिन केटीलाई फुपु वा भाउजुले नुहाइदिएर पहेंलो कपडा लगाइदिन्छन् । खुट्टामा रंग तथा हातमा मेहन्दी लगाएर सजाउँछन् । अन्य गहनाको प्रयोग हुदैन । यसैगरी केटाको घरमा पनि केटालाई नुहाइदिएर फुपा तथा भिनाजुले कपडा तथा जामाजोडा लगाइदिन्छन् । यसैगरी फलाम या चाँदीको बुट्टा खोपेर बनाएको कङ्गन लगाएर सजाइदिन्छन् त्यसपछि भिनाजु वा फुपाले दुलाहालाई बोकेर ७ चोटी कुवा घुमाउँछन् । महिलाहरू गित गाउँदै नाच्दै साथमा जान्छन् । त्यसपछि घरमा ल्याएर विवाह मण्डपमा राख्दछन् उताबाट दुलही ल्याएर जन्ती आइपुग्दछन् । दुलाहा र दुलहीलाई मण्डपमा राखी पण्डितबाट विवाह सुरुहुन्छ केटाको परिवार,आफन्तले दुलहीको पाउ धोएर उपहार स्वरूप भाँडा,वर्तन दिन्छन् । जसलाई पाउ पुज्ने भनिन्छ तत्पश्चात् सिन्दुर हाल्ने घडीमा दुलहीको सबै आफन्तले सिन्दुर हालेको हेर्नुहँदैन अतः उनीहरू पन्छिन्छन् । अनी सिन्दुर हाल्ने कार्य हुन्छ । दुलाहा र दुलही मण्डप घुम्दछन् त्यसपछि एउटा भाँडोमा दही र सिक्का पैंसा राखिन्छ । दुलहा र दुलहीमध्ये कसले पहिले भेट्टाउँछ भन्ने प्रतिस्प्रर्धा गराउछन् । यसो गर्दागर्दै विहान भइसकेको हुन्छ । बिहान जन्ती तथा केटाका आफन्त साथीभाइलाई भोजभतेर खुवाँउछन् जसमा मासु आफ्नो खुशीले खुवाउछन् भने दही र मासको बारा अनिवार्य हुन्छ । दुलहीलाई केटातर्फको विवाहको रातो कपडा, गहना लगाइ श्रृङ्गारेर दुलहीका तर्फकाले माइतीमा फिर्ता ल्याउँछन् विदाइ भएकै उक्त साँझ वा एक हप्तापछि इच्छा अनुसार दिन तोकेर केटी पक्षकाले केटापक्षकालाई माडो गाँज्न बोलाउँछन् । जस अन्तर्गत उक्त दिन केटी पक्षकाले यति जना

सम्म आउनु भन्ने खबर गरे अनुरूप त्यति जना मात्र माछा ल्याएर आउँछन् । माछालाई शुभ मानिन्छ । अतः माछा प्रचलित हुन्छ । सोही माछा खानाको परिकारमा समाावेश हुन्छ । उक्त साँझ भेटघाट भोजन गरेर रमाइलो गर्दछन् । केटा पक्षकाले ल्याएको माछाको मात्रा अनुसार आफुले सक्ने जति पैसा केटी पक्षकाले उपहार स्वरूप प्रदान गर्दछन् । यसलाई मााडो गाँज्ने भन्दछन् । अन्त्यमा दुबै पक्षका टीका लगाएर विदावारी हुन्छन् । विवाह पश्चात पनि दुलाहा दुलही आ-आफ्नो घरमा पहिलेकै तरह अनुसार रहन्छन् । पूर्ण रूपमा विवाह संस्कार सकिएको हुदैन ।

### ५.३.८ गौना

विवाह गरेको केही वर्षमा गौना लिने दिने कार्य हुन्छ । यस समुदायमा अत्यन्त सानो उमेरमा विवाह गर्ने भएकाले केटा केटी अलि ठुला भएपछि गौना लिने दिने चलन हुन्छ । विवाह भएको १, ५ वा ७ वर्षमा गौना लिने दिने गर्दछन् विवाह पश्चात् गौना कहिले गर्ने भन्ने कुरा केटीको उमेरमा भरपर्छ

ठुली केटीको विवाह भएको भए छिटो तथा सानै केटीको विवाह भएको भए गौना ढिलो गरिन्छ । विवाहमा साथी भाइ तथा अन्य छरछिमेकी लाई पनि बोलाइएको हुन्छ भने गौनामा नातेदार मात्र बोलाइएको हुन्छ । केटीपक्षकाले गौना दिन चाहे पछि केटापक्षकोमा खबर गर्दछन् । गौनागर्ने दिन कम्तीमा ५ केजी माछा र मिठाइ ल्याएर केटापक्षबाट १०/१२ जना दुलहा सहित साँझतिर केटीकोमा आउँछन् । केटीलाई लुगा गहना श्रृङ्गार ल्याइदिएका हुन्छन् । खानाको परिकारमा सोही माछा समाबेश गरिएको हुन्छ । उक्त साँझ खानपिन रमाइलो हुन्छ । भोलीपल्ट साँझ केटाले ल्याइदिएको कपडा, गहना लगाइदिइ श्रृङ्गार गरेर दुलहीलाई मात्र लगेर केटा पक्षका फर्कन्छन् । त्यसदिन केटाकोमा खानपिन नाचगाँन सहितको पार्टी आयोजना हुन्छ । दलहीलाई सासुको विशेष रेखदेखमा ३ दिनसम्म राखिन्छ । केटा र केटीसँगै बस्न मिल्दैन । दुलहीलाई मिठाइको परिकार गुलगुला बनाउन लगाउँछन् । उक्त मिठाइ चढाएर कुल देवताको पूजा गर्दछन् । आफन्तलाई उक्त मिठाइ बाँड्दछन् । केटातर्फका आफन्तले दुलहीको मुख हेरेकोमा उपहार प्रदान गर्दछन् । ३ दिनपछि केटी तर्फका कोही एक जना गएर केटीलाई माइतीमा ल्याउँदछन् । विवाहमा माइतिले दाइजो स्वरूप केही नदिएको भए यस घडिमा प्रदान गर्दछन् । गौना पश्चात् पनि केटा र केटी आ-आफ्नो घरमा पहिलेकै तरहअनुसार रहन थाल्दछन् ।

### ५.३.९ गौना

गौना लिने दिने काम भइसकेपछि केटीलाई घरमा ल्याउने मितिको निर्धारण केटापक्षको हुन्छ । यसरि केटीलाई सदाको लागी घर भित्रयाउने कार्यलाई थौना भनिन्छ । गौना भएको ३ वा ६ महिना वा १ वर्षमा थौना गरिन्छ । गौनाको समय निर्धारण केटी पक्षकाले गर्दछन् थौना माग्ने समय निर्धारण केटा पक्षकाले गर्दछन् । थौना लिने दिन तय भइसकेपछि उक्त दिन केटा तर्फका परिवारबाट २/३ जनाको संख्यामा केटीको घरमा आउँछन् । एक दिन बसेपछि भोलिपल्ट केटीलाई लिएर फर्कन्छन् । केटीको माइतीले रूपैंया, कपडा आदि क्षमता अनुसार दिएर पठाउँछन् । यसरी थौना सम्पन्न हुन्छ । यस दिनबाट केटी स्थाइ रूपमा केटाको परिवारमा सामेल हुन्छिन् । केटा र केटीको बैवाहिक जीवान सुरु हुन्छ । थौना भएको १०/१५ दिनसम्म बसेपछि केटीका माइतीबाट केटीलाई लिन आउँछन् ।

### ५.३.१० चाला

माइतीमा रहेको दुलहीलाई केही महिना पछि आएर दुलाहाले घर लैजान्छन् । यसलाई चाला भनिन्छ । यस पछि मात्र केटा-केटी चाहे अनुसार माइती ससुराल स्वेच्छाले आवत-जावत गर्न सक्दछन् । यसरी चिडीमार जातिमा विवाह कार्य सम्पन्न हुन्छ ।

## ५.४ बालविवाह सम्बन्धि कानुनी प्रावधान

बालविवाह, बचावट, सुरक्षा उचित संरक्षणको लागि संयुक्त राष्ट्रसंघको महासंघबाट पारित बालबालिका सम्बन्धि महासन्धि १९८९ देखि कार्यान्वयन भएको थियो । जुन महासन्धीलाई विश्वका कतिपय राष्ट्रले अनुमोदन गरिसकेका छन् । यस महासन्धी अनुसार बालबालिका सम्बन्धी सबै प्रकारका भेदभावको अन्त्य, बालबचावट सुरक्षा, राज्यपक्षले टुहुरा, अनाथ, बालबालिकाको संरक्षण लगायत स्वास्थ्य, शिक्षा, मनोरञ्जन, माया, ममता जस्ता अनेकौ अधिकारहरू बालबालिकाका नैसर्गिक अधिकार हुन भनेर किटानका साथ उल्लेख गरिएका छन् । महासन्धिलाई नेपाल सरकारले सन् १९९० मा तत्कालीन अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईद्धारा हस्तान्तरित गरेर अनुमोदन गर्नु यस क्षेत्रमा एउटा सकारात्मक कदमका रूपमा लिनुपर्दछ । यस सन्धिका भावना र मर्मलाई कार्य दिनका लागि नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन २०४८ तर्जुमा गरी लागू पनि गरिसकेको छ ।

कागजका पानामा मात्र सीमित रहनु चाहिँ अर्को दुःखको कुरा हो । यसर्थ यस ऐनले बाल अधिकारको हक अधिकार संरक्षणमा खासै योगदान पुऱ्याउन सकेको छैन भन्न कर लाग्दछ । त्यस्तै २०२० सालमा लागू भएको नेपालको मुलुकी ऐनको विहावारीको महलमा बालविवाहलाई प्रतिबन्ध लगाइएको छ यो नै बालविवाह सम्बन्धि मुल कानुन हो । त्यसको प्रावधान यसप्रकार छ ।

- विहावारी गर्दा स्वास्नी मानिसको उमेर संरक्षकको मन्जुरी भए १६ वर्ष र मन्जुरी नभए १८ र लोग्ने मानिसको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र मन्जुरी नभए २१ वर्ष अन्यथा विहावारी गराउनु हुदैन ।

- स्वास्नी र लोग्ने मानिसको उमेर २० वर्ष भन्दा फरक पर्ने गरी विवाह गराउनु हुदैन । यदि यस्ता विवाह गरे गराएका भए निम्नानुसार दण्ड सजाय हुनेछ ।

- १० वर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गराएको भए विवाह गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई ३ महिनादेखि ३ वर्ष कैद र पाँच सय रूपैया देखि पाँच हजार सम्म जरिवाना हुने छ ।

- १० वर्षदेखि माथि १४ वर्ष नपुगेका स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने सो गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई एक वर्ष कैद र दुई हजार सम्म जरिवाना हुनेछ ।

- १४ वर्ष देखि १८ वर्ष नपुगेका स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने सो गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई तीन महिना कैद र एक हजार सम्म जरिवाना वा दुवै हुनेछ ।

- संरक्षकको मन्जुरी नलिई १६-१८ वर्ष नपुगेको स्वास्नी मानिस र १८-२१ वर्ष नपुगेको लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने सो गराउने मुख्यमध्ये उमेर पुगेकालाई पाँचसय जरिवाना हुनेछ ।

- यस दफामा लेखिएदेखि बाहेक माथि निषेध गरिएका अरु कुनै कुरा गर्ने गराउने मुख्य मध्ये उमेर पुगेकालाई तीन महिना सम्म कैद वा पाँच सय रूपैया सम्म जरिवाना वा दुवै हुनेछ ।

- ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरिदिएको भए माथि उल्लेखित सजाय हुनेछ ।

- विवाह गर्न नहुने जानी जानी विवाहको काम गर्ने पुरोहित, लमी र अरु मुद्यतीहरूलाई उमेर पुगेकालाई माथि उल्लेखित दफा १/२ बमोजिम भए जनही एक महिनासम्म कैद र एक सय जरिवाना र दफा ३ बमोजिम भए पन्धदिन कैद वा तीनसय रूपैयाँसम्म जरिवाना हुनेछ ।

- विवाह भइ नसकेको तर रीत दस्तुर छिनी सम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई तीनसय रूपैयाँ सम्म जरिवाना गरी छिनी सकेको कुरा बदर हुन्छ । - ८

- माथि दफा १/२/३/४ बमोजिम भएको जरिवाना तिरे लिई सो त्यसै स्वास्नी मानिसलाई दिनु पर्छ । जायजेथाबाट सो जरिवाना हुने व्यक्तिको अंशमात्र जायजेथा गरी उपर भएकोबाट सो जरिवानाको अंक जति सो स्वास्नी मानिसलाई दिनुपर्छ । जायजेथाबाट सो जरिवाना उपर हुन नसके उपर नभएको जरिवानाको रूपैयाँ जतिमा ३ महिनासम्म कैद गर्नुपर्छ ।

- लोग्ने स्वास्नी दुवैको मन्जुरी विना विवाह गर्न गरिदिनु हुदैन । विना मन्जुरी जर्बरजस्ती गरे गरिदिए विवाह बदर हुन्छ । त्यस्तो विवाह गरिदिनेलाई दुई वर्ष सम्म कैद हुनेछ ।

यी माथि उल्लेखित मुलुकी ऐनका प्रावधानहरू आज प्रायः मृत अवस्थामा छन् । हुन त यदाकदा बालविवाहका घट्नालाई प्रशासनले दण्ड सजाय दिएका कुरा पनि सुनिन्छन् । तापनि बालविवाह प्रशस्त मात्रामा हुने गरेका छन् । तसर्थ यी कानुनी प्रावधानहरूमा व्यापक परिवर्तन गरेर कडा दण्ड सजायका प्रावधान राखी प्रभावपूर्ण तरिकाले लागू गर्न आवश्यक देखिन्छ ।

बाल अधिकार सम्बन्धी महासन्धी बाहेक महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुलन सम्बन्धी संयुक्त राष्ट्रसंघको सन्धीपत्र (CEDAW) ले पनि बालविवाहलाई

प्रतिबन्ध लगाउन राज्यले आवश्यक कारवाही र कानुनी व्यवस्था गर्ने बारे उल्लेख गरेको छ । महिलाहरूको विवाह र पारिवारिक सम्बन्ध बारेको कुराहरूमा महिला उपरको भेदभाव निर्मुल गर्न विवाहको अधिकार मन्जुरी र स्वतन्त्र रूपले जीवनसाथीको चयन गर्न पाउने अधिकार विवाह गर्ने समान अधिकार तथा जिम्मेवारी पाउने एवं बालविवाहलाई प्रतिबन्ध लगाउन आवश्यक भएको CEDAW को धारा १६ मा लेखिएको छ । यस अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई पनि श्री ५ को सरकारले हस्ताक्षर गरिसकेको छ । यस पछाडि बालविवाह सम्बन्धी नेपाली कानुनमा खासै परिवर्तन भएको छैन ।

# परिच्छेद - छ

## बालविवाह

चिडीमार समुदायमा आर्थिक शैक्षिक तथा सामाजिक हिसाबले सम्पूर्ण घरपरिवारमा एकनासको अवस्था छ । अत : यस समुदायका सम्पूर्ण घर संख्या मध्ये अन्तर्गत  उद्देश्यपूर्ण नमुना छनोट विधि अनुसार ५० प्रतिशत नमुना लिइएको छ । जम्मा १५९ घर संख्या मध्ये ५० प्रतिशत लिदाँ हुन आउने ७० घरबाट एक-एक जना उत्तरदाता लिइएको छ । प्रश्नावली, अन्तर्वार्ता, अवलोकन तथा वैयक्तिक अध्ययनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कको आधारमा बालविवाहको कारण र असरलाई विभिन्न शीर्षक उपशीर्षकहरू मार्फत निम्नानुसार प्रष्ट्याउने प्रयास गरिएको छ ।

यस समुदायको कुल जनसंख्या निम्नानुसार छ ।

**तालिका नं. ३ : चिडीमार समुदायको कुल जनसंख्या**

| क्र.सं. | समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरुष | ५०७ | ५२.६२ |
| २. | महिला | ४६२ | ४७.३८ |
| ५. | जम्मा | ९६९ | १०० |

स्रोत : चिडीमार सामाजिक विकास केन्द्र, २०६८

माथि उल्लेखित तथ्याङ्क चिडीमार समुदायको स्थानीय संस्था सामाजिक विकास केन्द्र बेलासपुरले भर्खरै गरेको गणना हो । यस समुदाय आफ्नो जातिको थोरै जनसंख्या भएकाले लोप हुन लागेको अवस्थाप्रति चिन्तित छ अतः समय समयमा आफ्नो जातिको जनसंख्या विवरण राख्ने गरेको छ । नेपालको पछिल्लो जनगणना वर्ष २०६८ को जनगणना अनुसार यस क्षेत्रका  चिडीमार जातिको सहि जनसंख्या विवरण नभएको उनीहरूको भनाइ छ । कुल जनसंख्यामध्ये नमुनामा परेका समूहको उमेरको आकार र औसत वैवाहिक उमेर यस प्रकार छ ।

**तालिका नं. ४ :  नमुनामा परेका समूहको उमेरको आकार र औसत वैवाहिक उमेर**

| क.स. | लिङ्ग | उमेर समूह | उत्तरदाता संख्या | उत्तरदाता प्रतिशत | औसक वैवाहिक उमेर |
|---|---|---|---|---|---|
| १. | महिला | ०-१८ | १६ | २२.८७ | ७-१६ |
| | | १८-५९ | १७ | २४.२८ | ७-१४ |
| | | ६०+ | २ | २.८५ | ७-९ |
| २. | पुरुष | ०-१८ | १६ | २२.८७ | ९-१७ |
| | | १८-५९ | १७ | २४.२८ | ८-१९ |
| | | ६०+ | २ | २.८५ | ८-११ |
| ३. | जम्मा | – | ७० | १०० | – |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

जम्मा ७० जना उत्तरदाता मध्ये ४५.७१ प्रतिशत १८ वर्ष सम्मका छन् भने २२.८६ प्रतिशत १९-३९ वर्ष सम्मका छन् । त्यसै गरी २५.७२ प्रतिशत ४०-६० वर्ष सम्मका छन् भने ५.७१ प्रतिशत ६० वर्ष भन्दा माथिका छन् । यसरी उमेरको वर्गीकरण देखाउनुको मुख्य उद्देश्य अध्ययन क्षेत्रम तालिका नं. ३ अनुसारको उमेर समूह छन् भन्ने देखाउनु हो ।

## ६.१ लिङ्ग र पदको आधारमा देखिएको वैवाहिक उमेर

लिङ्ग भन्नाले महिला र पुरुष भन्ने जनाउँछ । समाजका विविध पक्षमा महिलाको समान सहभागिता र भूमिका हुदैन । समाजले महिला र पुरुषको पद र भूमिका अलग-अलग निर्धारण गरेको हुन्छ । यस्तै यस समुदायको वैवाहिक उमेरमा महिला र पुरुषको स्थितिमा कस्तो भिन्नता छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ । यसका साथसाथै समयको अन्तराल सँगै महिला र पुरुषको वैवाहिक उमेरमा के कस्तो अन्तर आइरहेको छ भन्ने कुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : लिङ्ग र पदको आधारमा वैवाहिक उमेर**

| क्र.सं. | लिङ्ग तथा पद | उत्तरदाता संख्या | उत्तरदाता प्रतिशत | औसत वैवाहिक उमेर |
|---|---|---|---|---|
| १. | वृद्ध | २ | २.८५ | ८-११ |
| २. | वृद्धा | २ | २.८५ | ७-९ |
| ३. | वयस्क तथा प्रौढ पुरुष | १७ | २४.२८ | ८-१९ |
| ४. | वयस्क तथा प्रौढ महिला | १७ | २४.२८ | ७-१४ |
| ५. | बालक | १६ | २२.८७ | ९-१७ |
| ६. | बालिका | १६ | २२.८७ | ७-१६ |
| ७. | जम्मा | ७० | १०० | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तथ्याङ्क हेर्दा वयस तथा प्रौढ अर्थात  १९ वर्ष देखि माथि ५९ वर्ष सम्मका समूहमा पुरुषको वैवाहिक उमेर ८-१९ वर्ष छ भने महिलाको वैवाहिक उमेर ७-१४ वर्ष छ । त्यस्तै बालक अर्थात १८ वर्ष भन्दा मुनिका उमेर समूहको औसत वैवाहिक उमेर ९-१६ छ भने बालिकाको ७-१६ वर्ष छ । यसैगरी बृद्ध अर्थात ६० वर्षदेखि माथिका उमेर समूहका पुरुषको औसत वैवाहिक उमेर ८-११ छ भने बृद्ध महिलाको ७-९ वर्ष छ । प्राप्त यस तथ्याङ्कलाई विश्लेषण गर्दा वृद्ध वृद्धाको पालादेखि आजको वर्तमान अवस्था सम्म नै पुरुष भन्दा महिलाको वैवाहिक उमेर कम छ । यस जातिमा विवाह गर्न जोडी खोज्दा पुरुष भन्दा महिला कम्तीमा पनि १ देखि ३ वर्ष सम्म कान्छीलाई हेरिने कुरा उत्तरदाता बताउँछन् । समाजमा महिला र पुरुषमा हुने भेदभावबाट हरेक पक्षमा महिला पिल्सिए झै यस वैवाहिक उमेरमा पनि महिला बढी पिडित भएको तथ्य माथिको तथ्याङ्कबाट पुष्टि हुन्छ ।

## ६.२ शिक्षा र बालविवाह

शिक्षाले मानव जीवनका हरेक पक्षमा प्रभाव पार्ने कुरामा दुईमत नहोला शिक्षित र अशिक्षित व्यक्तिको काम, व्यवहार गर्ने शैली र पद्धतिमा नै भिन्नता पाइन्छ । शिक्षा जस्तो गहन विषयको बालविवाहसँगको सम्बन्ध र प्रभाव कस्तो छ भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ६ : शिक्षाको आधारमा वैवाहिक उमेर**

| क.सं. | शिक्षा | उत्तरदाता संख्या | उत्तरदाता प्रतिशत | औसत वैवाहिक उमेर |
|---|---|---|---|---|
| १. | अशिक्षित | ४८ | ६८ | ११.५ |
| २. | शिक्षित | | | |
| ३. | प्राथमिक | ९ | १३ | १२.५ |
| ४. | निम्न माध्यमिक | ९ | १३ | १३.५ |
| ५. | माध्यमिक | ४ | ६ | १७.५ |
| ६. | उच्च शिक्षा | - | - | - |
| ७. | जम्मा | ७० | १०० | १३.७५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा अशिक्षितको संख्या ६८ प्रतिशत छ भने अशिक्षित समूहमा वैवाहिक उमेर ११.५ छ । प्राथमिक शिक्षा लिएकाको संख्या १३ प्रतिशत छ भने यस समूहमा वैवाहिक उमेर १२.५ छ । निम्न माध्यमिकसम्म शिक्षा लिनेको संख्या पनि १३ प्रतिशत छ भने यस समूहमा १३.५ छ । यसैगरी माध्यमिक स्तर सम्म शिक्षा लिनेको संख्या ६ प्रतिशत छ भने यस समूहमा वैवाहिक उमेर १७.५ छ ।

प्राप्त यस तथ्याङ्कबाट के पुष्टि हुन्छ भने यस समुदायमा अशिक्षितको संख्या धेरै छ भने यस समुदायमा बालविवाह धेरै हुने गरेको पाइन्छ । त्यस्तै माध्यमिक शिक्षा लिनेहरूको संख्या थोरै छ भने यस समूहमा वैवाहिक उमेर सबैभन्दा धेरै छ । प्राथमिक तहसम्म शिक्षा लिनेको संख्या थोरै छ भने यस समूहमाभ वैवाहिक उमेर सबैभन्दा कम छ । यसबाट शिक्षाले वैवाहिक उमेरमा महत्वपूर्ण भूमिका खेलेको प्रष्टिन्छ ।

## ६.३ पेसा र बालविवाह

पेसा जीवनको महत्वपूर्ण पाटो हो । उनीहरूले गर्ने गरेको पेसाले सामाजिक जीवनका अन्य विविध पक्षहरूमा प्रभाव पारेको हुन्छ । त्यस्तै अन्य पक्षले पनि उनीहरूको पेसामा प्रभाव पारिरहेको हुन्छ । समाजभित्र जीविकोपार्जनका लागि विभिन्न पेसा अवलम्वन

गर्ने मानिस रहन्छन् । त्यसकारण पेसा र बालविवाहको अर्न्तसम्बन्ध तथा प्रभावलाई हेर्न तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : पेसाको आधारमा बालविवाह**

| क.सं. | पेसा | उत्तरदाता संख्या | उत्तरदाता प्रतिशत | औसत वैवाहिक उमेर |
|---|---|---|---|---|
| १. | कृषि | १७ | २४ | ११.७५ |
| २. | गृहिणी | १० | १४ | ११.५ |
| ३. | श्रमिक | २४ | ३४ | १२.५ |
| ४. | व्यापार | ७ | १० | १३ |
| ५. | अध्ययन | ८ | १२ | १४ |
| ६. | सेवा/जागिर | ४ | ६ | १७.५ |
| ७. | जम्मा | ७० | १०० | १३.७५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा कृषि पेसा अपनाएका २४ प्रतिशत छन् भने यस समूहमा वैवाहिक उमेर ११.७५ छ । त्यस्तै गृहिणी भएर बसेकाको संख्या १४ प्रतिशत छ भने यीनीहरूको वैवाहिक उमेर ११.५ छ । यसैगरी श्रमिक पेसा अपनाउनेको संख्या ३४ प्रतिशत छ भने यस समूहमा वैवाहिक उमेर १२.५ छ । व्यापार गर्नेहरूको संख्या १० प्रतिशत छ भने यिनीहरू माझ वैवाहिक उमेर १३ छ । यसैगरी अध्ययन गरिरहेका १२ प्रतिशत छन् भने यीनीहरूको वैवाहिक उमेर १४ छ । जागिर गरिरहेका ६ प्रतिशत छन् भने यिनीहरूमाझ वैवाहिक उमेर १७.५ छ ।

प्राप्त तथ्याङ्कलाई केलाउँदा गृहिणी, कृषि, श्रमिक, व्यापारी तथा अध्ययन गर्नेहरूमा वैवाहिक उमेर निकै कम छ भने जागिर खाने समूहमा तुलनात्मक रूपमा बढि १७.५ छ । यस समुदायको एकातिर पेसा न्यूनस्तरको छ भने अर्कोतिर बालविवाह उच्च रहेको छ । अतः पेसाको प्रवृत्तिले वैवाहिक उमेरको निर्धारणमा पनि भूमिका खेलेको थाह हुन्छ । आर्थिक अवस्थाले समुदायको संस्कार र शैलीको निर्धारणमा भूमिका खेल्दछ पेसा

अनुसार वैवाहिक उमेर फरक छ । त्यसकारण पेसाले  वैवाहिक उमेरको निर्धारण र व्यक्तिको विवाह भएको उमेरले  पेसा निर्धारणमा पनि भूमिका खेल्दछ ।

## ६.४ बालविवाह र शिशु मृत्यु

छिटो विवाह हुदाँ सन्तानोत्पादन पनि छिटो हुन्छ । आमा शारिरीक र मानसिक रूपमा परिपक्व भइसकेको अवस्थामा बच्चा जन्मँदा शिशुको स्वास्थ्यमा नराम्रो असर पर्दछ । शिशु कम तौलको, अपांग तथा रोगी जन्मिन सक्छ । त्यस्तै बालिका आमाबाट उचित स्याहार सुसार पाउन सक्दैन । यसले गर्दा शिशु तथा वालमृत्यु हुने सम्भावना वढि हुन्छ । शिशुको अध्ययन क्षेत्रमा पाइएको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ : अध्ययन क्षेत्रमा शिशुमृत्युको  विवरण**

| क्र.सं. | शिशुमृत्यु | संख्या | प्रतिशत | उत्तरदाता संख्या |
|---|---|---|---|---|
| १. | गर्भमा हुदाँ | ५ | ७.१४ | ३ |
| २. | जन्मिने बित्तिकै | ८ | ११.४२ | ६ |
| ३. | एक हप्तामा | ५ | ७.१४ | ४ |
| ४. | ६ महिनामा | ३ | ४.२८ | ३ |
| ५. | जम्मा | २१ | ३० | १६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा गर्भमा छदै मृत्यु हुनेको संख्या ७.१४ प्रतिशत छ भने जन्मिने वित्तिकै मृत्यु हुनेको संख्या ११.४२ प्रतिशत छ । यसै गरी एक हप्तामा मृत्यु हुनेको संख्या ७.१४ प्रतिशत छ भने ६ महिनामा मृत्यु हुनेको संख्या सबैभन्दा कम ४.२८ प्रतिशत छ । मृत्यु भएका शिशुहरू बिरामी नभई अचानक मृत्यु भएकाले मृत्युको कारण थाहा नभएको उत्तरदाता बताउँछन् । स्वास्थ्य कमजोरी भएर हुन सक्ने उनीहरूको धारणा छ । यस तथ्यलाई केलाउँदा शिशुको मृत्यु हुने कारणमा आमाको उमेर तथा स्वास्थ्य अवस्थाले प्रभाव पारेको देखिन्छ । अतः अध्ययनक्षेत्रमा  शिशुमृत्यु उच्च देखिनुको कारणमा बालविवाह प्रमुख कारण भएको पाइन्छ ।

## ६.५ बालविवाह र बालमृत्यु

कम उमेरमा सन्तानोत्पादन हुदाँ जसरी शिशु मृत्यु हुन सक्छ त्यसैगरी बालमृत्यु हुने सम्भावना पनि धेरै हुन्छ । शारीरिक रूपमा कमजोर जन्मिएका बच्चालाई विभिन्न रोगले छिटो आक्रमण गर्छ यस्ता वच्चामा रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ जसले मृत्युको मुखमा पुऱ्याँउछ । अध्ययन क्षेत्रमा पाइएको बालमृत्युको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : अध्ययन क्षेत्रमा बालमृत्युको विवरण**

| क्र.सं. | बालमृत्यु | संख्या | प्रतिशत | उत्तरदाता संख्या |
|---|---|---|---|---|
| १. | एक वर्षमा | ३ | ४.२८ | २ |
| २. | डेढ वर्षमा | ३ | ४.२८ | ३ |
| ३. | दुई वर्षमा | २ | २.८५ | २ |
| ४. | अढाई वर्षमा | २ | २.८५ | २ |
| | जम्मा | १० | १४ | ९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा अध्ययन क्षेत्रमा १४ प्रतिशत बालमृत्यु रहेको पाइएको छ । जसमा एक वर्ष र डेढ वर्षमा मृत्यु हुने बराबर अर्थात ४.८५ प्रतिशत छन् भने दुई वर्ष र अढाई वर्षमा मृत्यु हुने बराबर अर्थात २.८५ प्रतिशत छन् । मृत्यु हुने बच्चाहरू धेरैजसो निमोनियाका कारणले मृत्यु भएको केही उत्तरदाता बताउँछन् भने कतिपय बच्चाहरू रोग लागेको थाहा नै नभई मृत्यु भएको केही उत्तरदाता बताउँछन् । यस कुरालाई विश्लेषण गर्दा कम उमेरको आमाबाट सन्तान जन्मिदाँ कमजोर स्वास्थ्य भई मृत्यु भएको थाहा हुन्छ । अतः अध्ययन क्षेत्रमा बालविवाहका कारण बालमृत्यु पनि देखिन्छ ।

## ६.६ बालविवाह र मातृमृत्यु

कम उमेरमा  शारीरिक सम्बन्ध राख्दा विशेष गरी महिलाको स्वास्थ्यमा घातक हुन्छ । त्यस्तै छिटै गर्भाधारण हुदाँ आमाको स्वास्थ्यमा पनि विभिन्न असर पर्ने गर्दछ । शारीरिक रूपमा राम्ररी विकास नभइसकेको अवस्थामा गर्भाधारण हुदाँ प्रजनन स्वास्थ्यमा

खराब अवस्था आइपर्दछ भने कतिपय आमाको सन्तान जन्माउने क्रममा मृत्यु हुनसक्ने सम्भावना हुन्छ । अध्ययन क्षेत्रमा पाइएको मातृमृत्युको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० : अध्ययन क्षेत्रमा मातृमृत्युको विवरण**

| क्र. सं | मृत्यु भएको आमाको उमेर | मृत्यु भएको साल | मृत्यु अवस्था | मृत्यु संख्या | मृत्यु प्रतिशत |
|---|---|---|---|---|---|
| १. | १४ वर्षमा | २०५३ | प्रसवकालको अवस्थामा | १ | १.४२ |
| २. | १५ वर्षमा | २०५८ | शिशु जन्माएको १ घण्टामा | १ | १.४२ |
| ३. | १६ वर्षमा | २०६५ | शिशु जन्माएको ९ दिनमा | १ | १.४२ |
| ४. | जम्मा | – | – | ३ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा मातृमृत्यु घटना ४ प्रतिशत भएको देखिन्छ । जसमा एउटा घटना १४ वर्षको उमेरकी महिलालाई प्रसव कालको व्यथा लाग्दा गाह्रो भएपछि अस्पताल लैजादाँ मृत्यु भइसकेको उत्तरदाता बताउँछन् भने अर्को घटना १५ वर्षकी महिलाको शिशु जन्माएको १ घण्टा पछि सामान्य अवस्थाा देखिएको वेला अचानक मृत्यु भएको उत्तरदाता बताउँछन् भने त्यस्तै अर्को घटना १६ वर्षकी महिलाले शिशु जन्माएको ९ दिनमा घाँटी दुखेको भनेपछि अस्पताल पुऱ्याएको र अस्पतालमै मृत्यु भएको तथा कुनै रोग थाहा नभएको जानकारी डाक्टरले दिएको उत्तरदाता बताउँछन् । यी घटना स्थिति लाई हेर्दा मृत्युको कारण आमाको कम उमेर भएको प्रष्टिन्छ । यस सम्बन्धमा फेला परेको एक घटनाको बैयक्तिक अध्ययन तल प्रस्तुत गरिएको छ ।

**वैयक्तिक अध्ययन १**

**मातृमृत्यु र बालविवाह**

सुरत चिडीमार अहिले २८ वर्षका भए । उनले ५ कक्षा सम्म पढेका छन् । उनको ९ वर्षको उमेरमा ८ वर्षकी बुधनी सँग विवाह भएको थियो सुरतको परिवार समुदायमा तुलनात्मक रूपमा शिक्षित मानिन्छ । उनका बुबा र दाइले सामान्य लेख्न र पढ्न सम्म जानेका छन् । चरामारेर जीवीको पार्जन गर्न समस्या भएपछि सुरतका बुबा श्रमिक काम गर्दै आएका छन् भने दाजु आय आर्जनको लागि भारत जाने आउने गर्दछन् । बुबा र दाइ जान्ने बुझ्ने भए पनि बालविवाह जातीय परम्परा भएकाले आफ्नो बालविवाह गराइएको सुरत बताउछन् । उनको विवाह भएको ५ वर्षमा गौना र १ वर्ष पछि थौना भएको थियो । सुरत १५ वर्ष तथा बुधनि १४ वर्ष पुगेपछि सम्पूर्ण विवाह संस्कार पुरा गरेर दुवैलाई सँगै राखिएको थियो । सुरत रिक्सा ग्यारेजमा काम गर्न जान्थे उनकी श्रीमती घरको काम गरेर बस्थिन । उनीहरूको सम्बन्ध राम्रो सँग अगाडि बढिरहेको थियो । केही वर्ष पछि उनको एक छोराको जन्म भयो । छोरा जन्माएको ९ दिनमा १७ वर्षकी श्रीमतीको सामान्य अवस्थाम एक्कासि मुत्यु भयो । श्रीमतीले घाँटी दुखेको भनेपछि अस्पताल लगिएको र अस्पताल पुऱ्याउनासाथ उनकी श्रीमतीको मृत्यु भयो । कम उमेरमा सुत्केरी भएकाले शारीरिक कमजोरी भएर उनको मुत्यु भएको जानकारी अस्पतालका चिकित्सकले गराए । त्यसपछि उनको ९ दिनको शिशुलाई आमा र भाउजुले हुर्काए । आमा नहुँदा छोरालाई हुर्काउन निकै गाह्रो भयो । अहिले सुरतको छोरा कक्षा २ मा पढिरहेको छ । उनी त्यतिबेला आफुलाई परिवार योजना, अस्थाइ स्थाइ साधन, प्रजनन स्वास्थ्यका वारेमा कुनै ज्ञान नभएको र बालविवाहको कारण आफ्नी श्रीमतीको मुत्यु भएकोमा वेदना पोख्दछन् । उनले पुनः अर्को विवाह नगरी बसेका छन् । अर्को विवाहबारे आफ्नो योजना नभएको धारणा सुरत ब्यक्त गर्दछन् । हाल उनी समुदाय भित्रै किराना पसल चलाएर बसेका छन् ।

## ६.७ बालविवाह र तनावपूर्ण सम्बन्ध तथा सम्बन्धविच्छेद

विवाहको अर्थ र आवश्यकता नबुझ्ने उमेरमा विवाह हुदाँ सबै कुरा बुझ्ने भइसकेको अवस्थामा दुई जना बिच वैचारिक तथा भावनात्मक द्वन्द्व हुँदा कतिपय बीच झै-झगडा, तनाव तथा वैवाहिक सम्बन्धमा दुर्घटना हुन पुग्छ । अध्ययन क्षेत्रमा अध्ययनका क्रममा दुई जनाबीच झगडा, तनाव तथा छोराले आमाबाबुको मात्र कुरा सुन्ने, श्रीमतीसँग नराम्रो व्यवहार गर्ने तथा  महिला घरमा बस्न नसकि  भागेर माइती आउने गरेका थुप्रै घटना पाइए । यहाँ पाइएको तनावपूर्ण सम्बन्धको एक बैयक्तिक अध्ययन यस प्रकार छ।

## वैयक्तिक अध्ययन २

## मानसिक तनाब र बालविवाह

सुनिता वहेलिया चीडीमार १६ बर्ष पुगेकी छन । उनको कारवमा छ महिनाको छोरा छ। कक्षा ३ मा पढिरहेको बेला १० बर्षको उमेरमा उनका आमा बुबाले बेलासपुर टोलकै सिर्जना नगरका १२ बर्षीय श्याम बहेलियासँग विवाह गरीदिएका हुन । विवाह अघि सुनिताले श्यामलाइ कहिल्यै देखिकी थीइनन । उनीलाइ सानैमा विवाह गरेर पराइ घरमा जान मन थिएन तर पनि बुबा आमाको कदम विरुद्ध जान सकिनन र समुदायमा सानैमा विवाह हुने चलन भएकाले आफ्नो विवाह हुन लाग्दा त्यतिखेर उनलाई सामान्य मानिन । विवाह भएको ३ बर्षपछि उनको गौना र १ बर्षपछि थौना भयो । उनी १४ बर्षको उमेरबाट पतिको घर जान थालीन । सुनिताका पतिले ५ कक्षा सम्म पढेका छन । पढ्ने रहर हुँदाहुँदै विवाह लगत्तै केटाको परिवारले पढ्न जान बन्द गर्नुपर्ने माग राखेपछि उनका माइतीले स्कुल जान छुटाइदिए । सुनिताको बुबा आमाले खेतीपातिको मजदुरी काम गर्दछन । माइतिमा सानो परिवारमा हुर्केकी सुनितालाइ विवाह भएर गएपछि ठुलो परिवारमा बस्न मन परेन । उनको घरमा १० जनाको परिवार छ । ठुलो परिवारलाइ खाना पकाउन धन्दा गर्न सुरु सुरुमा उनलाइ निकै गाह्रो भयो । सुनिताका ससुरा तथा पति श्रमिक काममा टाढा टाढा सम्म जाने गर्दछन । सुरुवातमा पतिले राम्रो ब्यवहार गरेपनि पछि उ परिवर्तन हुदै गएको सुनितलाइ आभास भयो । कमाएर ल्याएको एक पैसा पनि आफुलाइ नदिंदा र सासु ससुराले पनि आवश्यकता पुरा नगरीदिंदा उनलाइ समस्या पर्न थाल्यो । आफुलाई मानसिक, तनाव हुनथालेपछि उनी माइती आएर बसीन । अब घरबाट कोही लिन आएमा मात्र घर फर्कने सुनिताको योजना छ । हाल सुनिताका पति कामको शिलशिलामा सुर्खेत गएका छन् । उनका पति काम गर्न बाहिर तिर गइरहने भएकाले उनीलाइ वास्ता नगरेको उनको ठहर छ । आफ्नो श्रीमान्ले माया नगर्ने, झगडा गर्ने बानी सुरुभएको देख्दा अर्को विवाह गर्न सक्ने चिन्ताले उनलाइ पिरोली रहेको छ । काखमा सानो छोरा छ । श्रीमानले अर्के ल्याएपछि आफु के गर्ने, कसरी बाच्ने यही कुराले मनमा अशान्ति भइरहेको व्यक्त गर्छिन । सुनितालाइ विवाह हुदा विवाहको अर्थ र महत्व थाह भएन । अहिले आाएर बुझ्दा बुवा आमाको इच्छाले नभई आफ्नो इच्छाले विवाह हुनुपर्ने महसुस भएको बताउँछिन । शिक्षा, दीक्षा नपाइ, आफ्नो खुट्टामा नउभिंदै तथा आफ्नो इच्छा नहुँदै विवाह गर्नु पर्दा धेरै महिला हरूले हेपाइ दवाव,र तनाब पूर्ण जीवन बिताइरहेका छन् ।

यहाँ पाइएको सम्बन्धविच्छेदको स्थिति तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ११ : सम्बन्धविच्छेदको विवरण**

| क्र.सं | सम्बन्धविच्छेद हुदाँको उमेर | सम्बन्धविच्छेद संख्या | सम्बन्धविच्छेद प्रतिशत |
|---|---|---|---|
| १. | १३ | ३ | ४.२८ |
| २. | १४ | ४ | ५.७१ |
| ३. | १५ | ५ | ७.१४ |
| ४. | १६ | ५ | ७.१४ |
| ५. | १७ | ४ | ५.७१ |
| ६. | १८ | ३ | ४.२८ |
| ७. | जम्मा | २४ | ३४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका हेर्दा अध्ययन क्षेत्रमा सम्बन्धविच्छेद ३४ प्रतिशत भएको तथ्याङ्क फेला परेको छ । तालिका हेर्दा १८ वर्ष भन्दा माथिको उमेरमा सम्बन्ध विच्छेद भएको देखिदैन यसो हुनुमा निम्न कारण देखिन्छ , अल्लारे उमेर कटेपछि व्यक्तिले रितिरिवाज, संस्कार, इज्जत प्रतिष्ठा बुझ्न थाल्छ र त्यही अनुरूप वैवाहिक सम्बन्धलाई सन्तुलनमा राख्न खोज्छ । उत्तरदाताका अनुसार विशेष गरी नयाँ पुस्तामा सम्बन्धविच्छेद तथा दोस्रो विवाह हुने गर्दछ । उनीहरूका अनुसार सानैमा बाबुआमाले विवाह गरिदिन्छन् त्यतिबेला केटा र केटीले एक-अर्काको अनुहार पनि देखेका हुदैनन् । बिहे भएर जब सँगै बस्न थाल्छन् एक अर्कालाई मन पर्दैन अनी केटाले अर्कै भगाएर ल्याउँछ । अनि केटी पनि बाध्य भएर अर्को विवाह गर्छे । कतिपयको सन्दर्भमा बाबुआमाले आफ्नो रोजाईमा विहे गरिदिन्छन् । बिहे पश्चात केटा केटी सँगै बस्न थाल्छन् । सँगै बस्न थालेको २/४ वर्षपछि केटीलाई पनि केटा मन नपरेको थाहा हुन्छ । अनि अर्कैसँग भागेर विवाह गर्छे त्यसपछि उनका पहिलेका श्रीमान पनि दोस्रो विवाह गर्न बाध्य हुन्छन् । यसरी अध्ययन क्षेत्रमा बालविवाहका कारण सम्बन्ध विच्छेद उच्च रहेको देखिन्छ । यसरी अध्ययन क्षेत्रमा पाइएका सम्बन्ध विच्छेदका विभिन्न घटनामध्ये एक घटनाको वैयक्तिक अध्ययन निम्न रूपमा प्रस्तुत गरिएको छ ।

## वैयक्तिक अध्ययन ३

## सम्बन्धविच्छेद र बालविवाह

सुरेखा चीडीमार उक्त समुदायको मध्यम वर्गीय परिवारमा जन्मेकी हुन । उनका बुबा मजदुरी गर्दछन भने आमाले घरमा पसल चलाउँछिन् । उनका बुबा आमा पढेका छैनन् । यद्यपि उनकी आमा गाउँमा जान्ने सुन्ने महिला हुन । उनका दुइ वटा दाइको ११ र १३ तथा भाइको १६ बर्षमा विवाह भइसकेको छ । अहिले सुरेखा १९ वर्षकी भइन् । उनका बुबाआमाले १० वर्षको उमेरमा सोही समुदायका १२ बर्षीय राम चीडीमार सँग विहे गरीदिएका हुन । आफ्नो विहे अगाडी सम्म सुरेखालाइ विवाहको अर्थ र महत्व थाहा थिएन । समुदायमा सानैमा विवाह हुने चलन भएकाले आफ्नो विवाह हुन लागेको मात्र थाहा थियो । विवाह भएको ३ वर्षसम्म उनी माईतीमै बसीन त्यसपछि उनको गौना भयो । गौना भएपछि उनीलाइ स्कुल जानबाट छुटाइदिए यसैगरी १४ बर्षपुगे पछि केटा पक्षकाले उनको थौना लिए । त्यसपछि उनी सदाको लागि पतिका घरमा गइन । उनका पति रीसाहा र झगडालु स्वभावका थिए रातदिन घरको काम सासुससुराको गाली तथा पतिको झगडा सहेर उनको दीनचर्या वित्न थाल्यो । पतिको बानि र घरपरिवारको ब्यहोराबाट दीक्क भएपछि अब फर्केर घरमा नआउने सोचले माइती फर्किन । यति बेला उनि १६ बर्ष पुगेकी थिइन । बुवा आमा सँग अब बिहे गरेको घरमा नजाने अडान राखेर माइतिमा बसिरहेकि थिइन । माइतीमा फर्केको ३ महिना पछि एक दिनको कुरा हो सुरेखाका पति झुण्डेर आत्म हत्या गने लागेको थाहा पाए पछि केटा सुध्रन्छकी भनेर सुरेखालाइ जवरजस्ति घरमा पठाइदिए । त्यसपछिका दिनमा पनि पतिको पिटाइ, सासुससुराको कलह सहदै उनि पतिको घरमा रहन थालिन । आफ्नो घर भन्दा पनि पति नै योग्य नभएको मा उनलाइ अपसोच भएको बताँउछिन । यसैगरि उनले १ बर्ष विताइन । उनको पति नसुध्रेपछि तथ घरपरिवारको व्यबहार उस्तै भएपछि उनी पुनः फेरी माइति भागेर आइन । अव उक्त घरमा पठाए आफू मर्ने धम्की दिएपछि मात्र माइतीले त्यस घर जान दवाव नदिएको सुरेखा बताउँछिन् । अहिले पतिसँग उनको सामाजिक रूपमा सम्बन्धविच्छेद भइसकेको छ । उनीलाइ आजभोली विवाहभन्ने शब्ददेखि नै रीस उठछ । कसैको विवाहको बारेमा सुन्न मन लाग्दैन । आँखामा आँशु झार्दै अव फेरी कहिल्यै विवाह नगर्ने वताउँछिन् । माइतीमा रहेर सीलाइ कटाइको काम गदै १९ औ बसन्त पार गरीरहेकी छिन । उनकी कान्छी बहिनीको विवाह हुन बाँकी छ । सुरेखाको चाँडै विवाह गरिदिदा विविध समस्या भोग्नु परेकाले कान्छी छोरीको विवाह ढिलो गरिदिने सुरेखाकि आमाको विचार छ ।

# परिच्छेद - सात

## बालविवाहका मुख्य कारक तत्वहरूको विश्लेषण

आज पनि बालविवाह विभिन्न समुदायमा दिनदिनै भइरहेको कुरा विभिन्न सञ्चार माध्यमबाट देख्न र सुन्न सकिन्छ । बालविवाह एक यस्तो नराम्रो प्रथा हो जसले वैवाहिक जीवनका सुखद पक्षहरूमा दुःख भरिदिन्छ । यसले व्यक्तिगत, पारिवारिक तथा सामाजिक स्तरमा विभिन्न असर पुऱ्याउँछ । जुन कुरा अध्ययन क्षेत्रमा प्राप्त तथ्य तथा तथ्याङ्कबाट पनि पुष्टि भइसकेको छ । परम्परागत समाजमा जातीय र धार्मिक अन्धता तथा लैङ्गिक भेदभावका कारण सुरु भएको बालविवाह आजको शिक्षित तथा वैज्ञानिक युगमा पनि निरन्तर भइरहने हो त ? के के कारणले गर्दा आज पनि यस कुप्रथाले निरन्तरता पाएको छ त ? इत्यादि चासोका विषयहरूलाई यस परिच्छेदमा समेट्न खोजिएको छ ।

आजको स्थितिमा बालविवाहको एउटै मात्र मुख्य निर्धारक कारक छैन । यसका कैयौ प्रत्यक्ष तथा अप्रत्यक्ष कारक तत्वहरूले बालविवाहलाई निरन्तरता प्रदान गरिरहेछन् । तसर्थ बालविवाह कुनै एउटा कारणले मात्र भएको भनेर मान्न नसकिने अवस्था छ ।

अध्ययन क्षेत्रमा अनुसन्धानका विविध विधि र प्रक्रिया अपनाई प्राप्त विभिन्न आँकडा र तथ्याङ्कलाई मुलभुत रूपमा विश्लेषण गर्दा बालविवाहका कारणहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ७.१ परम्परा

प्राचीन समाजमा थालनी भएका केही नराम्रा चाल, चलन, रीतिरिवाज आजको सभ्य र परिष्कृत समाजमा पनि परम्पराको नाममा विद्यमान छन् । जुन त्यतिखेरको समयमा पनि अनुचित थिए भन्न सकिदैन । तर समाजको संरचना, कार्यविधि परिवर्तनसँगै त्यस्ता परम्परा अनुचित भएको वैज्ञानिक रूपमा प्रमाणित भइसकेको छ तापनि त्यस्ता चालचलन विविध समुदायमा पुर्खाको परम्पराको रूपमा अस्तित्वमा छन् । यी यस्ता समुदायहरू विशेष गरी विकास र परिवर्तनको बाहिरी संसारबाट पुरै अनभिज्ञ रहेका हुन्छन् र परम्परागत शैली र चालचलनलाई सम्पूर्ण रूपले आत्मसाथ गरेका देखिन्छन् ।

अध्ययन क्षेत्रमा बालविवाहलाई सामाजिक परम्पराको रूपमा लिने गरेको तथ्य अध्ययनको क्रममा पाइयो । यस जातिमा पुर्खादेखि नै बालविवाह निरन्तर रूपमा हुदै आएको छ । जसलाई शिक्षित तथा अशिक्षित सबै परिवारले परम्पराको रूपमा अपनाएका छन् । यहाँ सम्मकी समाजमा यदि १५-१६ वर्षसम्म कुनै बालबालिकाको विवाह भएन भने उसको विवाह किन भएन के कमजोरी छन् इत्यादि समुदायमा चासोको विषय बन्छ यहाँ बालविवाहलाई परम्पराको रूपमा मानिन्छ यहाँ छिटो विवाह गरीनु सामान्य मानिन्छ भने ढिलो विवाह हुनु अनौठो कुरा हुन्छ । प्रश्नावलीमा समावेश बालविवाह किन गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा सबैजसो उत्तरदाताले नछुटाएको एउटै उत्तर परम्परा हो भन्ने पाइएको थियो तर यस समुदायमा बालविवाह कहिले देखि कसरी सुरु भयो भन्ने कुरामा स्वयं समुदाय नै अनभिज्ञ छ । यसरी अध्ययन क्षेत्रमा बालविवाह हुने प्रमुख कारण बालविवाह कार्यलाई सामाजिक परम्पराको रूपमा मान्नु रहेको छ ।

## ७.२ गरीबी

अर्थले समाजका अन्य विविध पक्षमा प्रभाव पारिरहेको हुन्छ । आर्थिक पाटो सामाजिक जीवनको एक महत्वपूर्ण पक्ष हो । पेसा उत्तम भए आय आर्जन पनि राम्रो र आय आर्जन राम्रो भए सामाजिक जनजीवनको शैली पनि उच्चस्तरको बन्दछ । अतः आर्थिक पक्षले सामाजिक जनजीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । अध्ययन क्षेत्रमा बालविवाह हुनाको एक कारकतत्व उनीहरूको आर्थिक स्थिति हो । चिडीमार जाति पुर्खादेखि नै गरिबीको चपेटामा रहेको समुदाय हो । यहाँ विवाह संस्कार सम्पन्न गर्न विवाह, गौना,थौना, गरी ३ चरण पुरा गर्नु पर्दछ । ठूलो उमेरमा विवाह गर्दा बढेको केटीलाई घरमा छिट्टै भित्र्याउन पर्ने जरुरी हुन्छ । त्यसकारण विवाह, गौना, थौना छिटो छिटो गर्नुपर्ने हुन्छ । यसो गर्दा एकैचोटी आर्थिक बोझ पर्न जान्छ । तर सानै उमेरमा विवाह गरिदियो भने विवाह, गौना, थौना समय बीच अन्तराल पार्दा बीचको अन्तरालमा पैसा जम्मा गर्ने मौका मिल्छ र आर्थिक बोझ कम पर्छ । यस कारण यस समुदायमा जति सानोमा विवाह भयो गौना थौना त्यति ढिलो गर्न पाइने र पैंसा जम्मा गर्न मिल्ने धारणा राखि साना साना बालबालिकाको विवाह गरी सकिएको हुन्छ यद्यपि विवाह भएको केही वर्ष पछि मात्र गौना थौना गरी केटा केटी लाई सँगै राखिएता पनि त्यति वेला उनी हरू १४ -१७ वर्ष सम्म मात्र पुगेका उदाहरण अध्ययनका क्रममा पाइए । यसैगरी आर्थिक अवस्था उन्नत भएका परिवारमा तुलनात्मक रूपमा ढिलो विवाह तथा गौना, थौना एकैचोटी गरी दुलहीलाई

भित्र्याउने गरेको पाइए यसरी अध्ययन क्षेत्रमा बालविवाहको एक कारक तत्व गरीबी हो । यस सम्बन्धमा अध्ययनको क्रममा पाइएको एक प्रसङ्ग अनुसार जमाना महङ्गीदो छ । दिनदिनै बजार भाउ चर्किंदै गइरहेको छ । केही वर्षपछि बजारमा सामान किन्न सकिन्छ सकिन्न त्यसैले अहिले नै छोराछोरीको विवाह गरिदियो भने विवाह खर्च उठाउन सजिलो हुन्छ हाम्रो कर्तव्य पनि पुरा हुन्छ । त्यसैले छोराछोरी सानै भए पनि विवाह गरिदिइसक्यौं ।

## ७.३ शिक्षा तथा जनचेतनाको अभाव

शिक्षा मानव समाजको अभिन्न अंग हो । शिक्षाले प्राचीन असभ्य समाजलाई सभ्यतातिर ढाल्दै ल्याएको छ । समाजलाई विकसित र परिष्कृत बनाउने प्रमुख माध्यम शिक्षा बनेको छ । धनले र मनले गर्न नसकेको कुरा पनि शिक्षाले गर्न सक्ने कुरामा दुई मत छैन । अतः सम्पूर्ण पक्षमा शिक्षाको गहिरो सम्बन्ध हुन्छ । त्यसैगरी शिक्षाको बालविवाहसँग पनि सम्बन्ध रहेको छ । अध्ययन क्षेत्रमा शिक्षाको अवस्था नाजुक रहेको छ । तालिका नं. ५ का अनुसार कुल जनसंख्यामा ६८ प्रतिशत अशिक्षितको संख्या छ भने बाँकी ३२ प्रतिशतमा धेरैले प्राथमिक तथा थारैले नि.मा.वि. स्तरमै पढाइ टुङ्गयाएको पाइन्छ । यसैगरी यस समुदायमा बालबालिका स्कुल पठाउने चलन सुरु गरेको धेरै भएको छैन । शिक्षित अभिभावक भेट्टाउन सकिदैन । यसरी अशिक्षाका कारण बालविवाह जस्तो कुप्रथाले निरन्तरता पाइरहेको अवस्था छ । यस्तै बालविवाहका बेफाइदाका बारेमा यस समुदायलाई चेतना छैन । बालविवाहबाट निम्तिएका समस्यालाई पनि भाग्य र गरिबीको खेल सम्झिने गरेका छन् । बालविवाह विरुद्ध जनचेतना जगाउने कार्यक्रम हालसम्म कुनै निकायबाट ल्याइएको छैन । बालविवाह अवैधानिक हो भन्ने कुरा सबैलाई थाहा छैन । जसलाई थाहा छ उसलाई बालविवाह किन अवैधानिक हो त, कानुनी नियम, सजाय कस्तो छ त भन्ने कुराको चेतना छैन ।

## ७.४ सीमित जनसंख्या तथा जातीय संरक्षण

जनसंख्याको हिसाबले थोरै सदस्य संख्या भएको विविध जाति तथा समुदायमा बालविवाह हुने गरेका पाइन्छन् । जस्तो थोरै जनसंख्या भएका समुदायहरूमा चेपाङ, कुर्मी, गोडारिया, आदि हुन् यस्ता समुदायमा बालविवाह गर्दा विशेषगरी जातीय रक्त संरक्षण हुन सक्छ भन्ने धारणा हुन्छ । चिडीमार जाति पनि सीमित संख्या भएको समुदाय हो । यो जाति नेपालको बाँके र छिमेकी राष्ट्र भारतको बहराइचमा अत्यन्त कम संख्यामा पाउन

सकिन्छ । अतः सानैमा विवाह गरिदिए आफ्नै जातीय रक्तले निरन्तरता पाउँछ । सानैमा विवाह नगरिदिएमा  ठुलो भएपछि केटा केटीले आफुले मन पराएको जो सँग पनि विवाह गर्ने सम्भावना हुन्छ । जसले गर्दा आफ्नो जाति मासिन सक्छ । त्यसकारण केटा र केटी जान्ने बुझ्ने नहुदै सजातीय विवाह गरिदियो भने रक्त संरक्षण हुन्छ भन्ने मान्यता पाइन्छ । अतः यस कारणले पनि यस समुदायमा बालविवाह गराएको छ ।

## ७.५ अन्तरजातीय विवाहको सामाजिक बहिष्कार तथा योग्य वर र वधुको चिन्ता

यस समुदायमा अन्तरजातीय विवाहलाई पुर्खादेखि नै सामाजिक बहिष्कार गरिएको थियो । अन्तरजातीय विवाह गर्नेलाई कडा रूपमा सजाय हुन्थ्यो । त्यस वापत जरिवाना तिर्नुपर्दथ्यो ।  अध्ययन क्षेत्रमा देखिएको अन्तरजातीय विवाहको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ : विवाहको प्रकार**

| क.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सजातीय | ६१ | ८७.१५ |
| २. | अन्तरजातीय | ९ | १२.८५ |
| ३. | जम्मा | ७० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

यस अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार चिडीमार समुदायमा ८७ प्रतिशत सजातीय विवाह र १२ प्रतिशत अन्तरजातीय विवाह भएको तथ्याङ्क छ । विशेष गरी थारू, तामाङ, क्षेत्री तथा देशी समुदाय सँग अन्तरजातीय विवाह गरेका घटना पाइए अन्तरजातीय विवाह अत्यन्त कम देखिनुको कारण यस समुदायले अन्तरजातीय विवाहलाई स्वीकार नगर्नाले हो । अतः छोराछोरीको उमेर बढेपछि, जान्ने बुझ्ने भएपछि विजातीय विवाह गर्ने सम्भावना रहन्छ । जसले गर्दा समाजमा सम्मान नपाइने, इज्जतमा धक्का लाग्ने डर अभिभावकलाई हुन्छ । पछिल्लो समयमा सजाय दिने चलनमा कमि आए पनि यस्तो विवाह गर्नेलाई समाजमा सम्मानजनक तरिकाले हेरिदैन त्यसैले अभिभावक वर्ग आफ्ना सन्तानको सजातीय विवाह गरिदिन सानै उमेरमै विवाह गरीदिन्छन् । यसैगरी थोरै जनसंख्या भएको जाति भएकाले उमेर पुगेपछि उपयुक्त वर वधुको अभाव होला कि भन्ने चिन्ताले सानैमा

रोजेर विवाह गरीदिने गरेको पाइन्छ । त्यसकारण यी यस्ता कारका तत्वले अध्ययन क्षेत्रमा बालविवाह हुने गरेको छ ।

## ७.६ अन्धविश्वास र धर्म

समाजमा विविध कुप्रथाहरूले निरन्तरता पाउनुमा वैज्ञानिक आधार नभएका परम्परागत धारणा तथा मान्यतालाई समाजले अन्धाधुन्ध विश्वास गरी अपनाउनु पनि एक प्रमुख कारण हो । शिक्षा, विज्ञान र प्रबिधिले चन्द्रमा चुमिसकेको अवस्थामा पनि कतिपय समुदाय अन्धविश्वासको कारण पछाडि परेका छन् । यी यस्ता समुदाय आफ्नो परम्परागत चालचलन र शैलीमा रुमल्लीरहेका हुन्छन् र परिवर्तित बाहिरी संसारबाट निकै टाढा रहेका हुन्छन् । अध्ययन क्षेत्रमा बालविवाह गराउने प्रमुख कारण जनमानसमा रहेको अन्धविश्वास पनि हो । रजस्वला हुनुपूर्व कन्याको विवाह गरिदिए धर्म हुन्छ भन्ने मान्यता अझै पनि छ । विशेषगरी समाजलाई निर्देशन गर्ने, सल्लाह सुझाव दिने उमेर खाएका वर्गमा यस्तो आस्था पाइन्छ । अर्काको घरमा जाने जातलाई माइतीमा धेरै राख्नु हुदैन । उनीहरूको कामको दायरा भनेको प्रायः घरधन्दा तथा खेतीपातीको काम नै हो । त्यसैले छिटै विवाह गरेर पठाइहाल्नु पर्छ भन्ने पुरातन सोचाईले बालविवाह कुप्रथामा मलजल हाल्ने कार्य गरेको छ ।

## ७.७ श्रमको माग

कृषिप्रधान नेपाली समाजमा छोराछोरीहरू श्रमका स्रोत मानिन्छन् । श्रम सहायताकै लागि छोरा छोरी नर्हुकँदै विवाह गरिदिने गर्दछन् । कामकाजमा सघाउकै लागि बेलाबेलामा सानो छोराको अधवैंशे उमेरको महिलासँग विवाह गरिदिएका उदाहरण पनि देखिएका छन् । यसैगरी अध्ययन क्षेत्रमा घरधन्दा, खेतीपातीको काममा मद्दत पाउने उद्देश्यले बालउमेरमै विवाह गरिदिने गरेको तथ्य केही उत्तरदाताबाट पाइयो । यसैगरी गाह्रो साह्रो पर्दा विविध काममा मद्दत पुग्ने हिसाबले छिटै वैवाहिक सम्बन्ध जोडिदिएको कुरा केही उत्तरदाताबाट पाइयो ।

## ७.८ सामाजिक प्रतिष्ठा

परम्परागत मान्यता र धारणामा विश्वास गरेका समुदायमा परम्परागत चालचलनलाई अनुसरण गर्दा सामाजिक प्रतिष्ठा मानिन्छ भने नँया, आधुनिक तथा परिवर्तित चालचलन अपनाँउदा उत्ताउलो र भड्काउलोको दर्जा दिइन्छ । यस समुदायमा बालविवाहलाई सामाजिक परम्परा मान्ने भएकाले सानैमा विवाह गरिदियो भने परिवारको इज्जत हुने विश्वास गर्दछन् । यदि कसैको १५-१६ वर्षसम्म विवाह भएन भने कसैसँग लागेको हुन सक्ने या कुनै कमिकमजोरी हुन सक्ने शंका, उपशंका  गर्दछन् समाजमा कुरा काट्ने विषय बन्दछ । त्यसकारण छोराछोरीको छिटै विवाह गरिदिदा  आमा बावु गर्व ठान्दछन् ।

# परिच्छेद - आठ

## बालविवाहले पारेका प्रभावहरूको विश्लेषण

जुन उमेरमा बालबालिका विवाहको अर्थ, कार्य र जिम्मेवारी बुझ्न सक्दैनन् सोही उमेरमा बालबालिकाको विवाह गरिदिने जाति, समुदाय आज पनि धेरै छन् । जसका पछाडि परम्परा, धार्मिक तथा जातीय अन्धता, गरिबी, अशिक्षा जस्ता कारण देखिन्छन् । बालविवाहले बालबालिकाको हाँस्ने, खेल्ने, घुम्ने, फिर्ने स्वतन्त्रतालाई लुट्छ भने पढ्ने, लेख्ने तथा अगाडि बढ्ने बाटोमा आँच पुऱ्याउँछ । जसले गर्दा बालबालिकाको समग्र व्यक्तित्व विकासमा अवरोध पुग्दछ । बालविवाहकै कारण सम्बन्धविच्छेद, शिशुमृत्यु, मातृमृत्यु जस्ता विविध समस्या देखा पर्दछन् । बालविवाह घटना बाट स्वयं जोडी मात्र नभई तिनीहरूका सन्तान, परिवार, समुदाय, र सिङ्गो समाजलाई कस्तो असर पारिराखेको हुन्छ भन्ने बुझ्नुपर्ने जरुरी हुन्छ । अतः बालविवाहले पार्ने प्रभावका बारेमा यस परिछेच्दमा विश्लेषण गर्न खोजिएको छ ।

अध्ययनका क्रममा फेला परेका बालविवाहका प्रभावलाई निन्नानुसार विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ८.१ शिक्षामा पारेको प्रभाव

शिक्षा जीवनको ज्योति र रंग हो । जसले जीवनमा उज्यालो छर्ने् र रंग भर्ने काम गर्दछ । अतः शिक्षा जीवनको आवश्यकता हो । मानिसको पढ्ने लेख्ने तथा व्यक्तित्व बनाउने मुख्य समय नै बाल्यकाल हो । यस उमेरमा विवाह गर्दा अधिकांशको पढाइ रोकिने गर्दछ भने कसै कसैले मात्र पढ्ने अवसर पाउँदछन् । जसमा पनि छोरीले पढ्न पाउने सम्भावना त शुन्य हुन्छ ।

तालिका नं. ५ का अनुसार अध्ययन क्षेत्रमा ६८ प्रतिशत अशिक्षित छन् भने ३२ प्रतिशत अर्धशिक्षित जसमा आधा प्राथमिक स्तरमै र आधाको नि.मा.वि. स्तरमै विश्राम लागेको तथ्याङ्क तालिकामा देखाइएको छ । ६ प्रतिशत मा.वि. सम्म शिक्षा लिनेमा पुरुष मात्र रहेका छन् भने उच्च शिक्षा हासिल गर्नेको संख्या शुन्य छ । बालबालिकाको शिक्षादिक्षामा असर गर्नै एक महत्वपूर्ण कारक तत्व बालविवाह प्रचलन रहेको छ । विवाह

पश्चात नै बालबालिकाको पढाइमा विश्राम लाग्ने गरेको छ बालबालिकालाई स्कुल पठाउन सुरु गरेको केही समयमै विवाह गराइन्छ अनि स्कुल छुटाइ बालकहरूलाई ज्यालामजदुरी गर्न पठाइन्छ भने बालिकाहरूलाई घरधन्दा सम्हाल्न लगाइन्छ अझ विशेषगरी स्कुल जादै गरेकी बालिकालाई विवाहपश्चात माइती तथा घर दुवै पट्टीबाट स्कुल जान रोक लगाउने उत्तरदाता बताउँछन् । अध्ययन क्षेत्र वरिपरि प्रशस्त स्कुल तथा क्याम्पसहरू रहेका छन् । शैक्षिक संस्था, स्वास्थ्य संस्था, उद्योग, कलकारखानाका हिसाबले अगाडि बढेको मध्य पश्चिमाञ्चल क्षेत्रकै ठुलो शहरको सामिप्यमा पर्दछ । तापनि यस समुदायमा शिक्षाको दियो बलेको छैन । यसरी अध्ययन क्षेत्रमा अशिक्षाको एक कारण बालविवाह हो

## ८.२ स्वास्थ्यमा पारेको प्रभाव

विवाह एक सामाजिक संस्था हो । जसले परिपक्कताको माग गर्दछ तर कच्चा उमेरमै विवाह गर्नाले सफलता हात लाग्दैन । यसबाट विभिन्न दुर्घटना घट्ने सम्भावना हुन्छ । कम उमेरको विवाहका कारण अन्य विवध पक्षमा प्रभाव परेझैं आमा र नयाँ जन्मिने बच्चाको स्वास्थ्यमा असर पर्ने सम्भावना धेरै रहन्छ । शारीरिक रूपमा अपरिपक्व आमाले गर्भाधारण गर्दा उक्त अबधि भर शारिरिक रूपमा कष्टपूर्ण बन्दछ । प्रसवकालको व्यथा सहन नसकि मानसिक सन्तुलनमा गडबढी आउनसक्छ भने कतिपयको ज्यान जान सक्छ । त्यस्तै नयाँ जन्मिने सन्तान पनि कम वजनका, अपांग र अस्वस्थ जन्मिन सक्दछन् । यसै गरी कलिलो उमेरमै दबाबपूर्ण घरगृहस्थीमा प्रवेश गर्दा आफ्नो इच्छा व्यक्त गर्न नसक्ने, डिप्रेशन तथा निराशपूर्ण जीवन बन्न सक्छ ।

अध्ययन क्षेत्रमा पाइएको तथ्य अनुसार स्वास्थ्यमा परेको प्रभावलाई ३ भागमा विभाजन गरिएको छ ।

### ८.२.१ मानसिक स्वास्थ्यमा असर

पढ्ने लेख्ने, विविध ज्ञान लिने र क्षमता अभिवृद्धि गर्ने तथा स्वन्त्रतापूर्वक हाँस्ने, खेल्ने, रमाउने उमेरमा विवाह गरेर घरधन्दाका व्यवहारमा थिचिदा अवश्य पनि बालबालिकाका कलिला मस्तिष्कमा राम्रो प्रभाव पर्दैन । चिन्ता र तनावले डेरा जमाउन सक्दछ । आमाबाबु र परिवारको माया र रेखदेख पाउन पर्ने बेलामा सासु ससुराको रुखो वचन, गाली खाइरहँदा बालिकाको मानसिक स्वास्थ्यमा आघात पुग्न जान्छ । परिवारको

माया र साथ पाइ वृद्धि र विकास हुनु पर्ने बेलामा घरको आर्थिक अवस्थामा टेवा पुऱ्याउन ज्याला मजदुरीमा खटिनुपर्दा बालकको मानसिक अवस्थामा धक्का लाग्न सक्छ । अध्ययनको क्रममा विवाहित बालबालिकालाई अवलोकन गर्दा, प्रत्यक्ष अन्तरक्रिया  यी यस्ता प्रभाव परेको पाइयो । यसै क्रममा केही बालक उत्तरदाता बताउँछन् : स्कुल जान मन लाग्दा लाग्दै पनि परिवारले पढ्न छोडाइदिन्छन् । खेल्न जान मन हुदाँ पनि काम गरिरहनुपर्छ । विहे भएपछि पैसा कमाउन लाग्नुपर्छ र श्रीमतीलाई खर्च पुऱ्याउनु पर्छ भनेर परिवारले सुनाउँदा नरमाइलो लाग्छ । तर बालविवाह हाम्रो समाजको चलन हो हामीले मान्नै पर्छ । यसै गरी बालिका उत्तरदाता बताउँछन् माइतीमा जस्तै घुम्ने, हाँस्ने, खेल्ने मन हुन्छ तर केटाको परिवारले अरुसँग बोल्न पनि दिदैनन् । दवावमा बस्नु पर्छ माइती घरको याद धेरै आउँछ । मन लागेको बेला जान पाइदैन । माइतीबाट काम सिकेर नआएको भनि सासु ससुराको गाली पाइन्छ । यसरी बालबालिकाको कलिला चाहना, सपना र स्वतन्त्रतालाई खोसेर घरगृहस्थीमा हिडाउँदा नैराश्यता बेचैनी बढी मानसिक स्वास्थ्यमा गम्भीर चोट पर्न सक्छ ।

### ८.२.२ शिशु तथा बालमृत्यु

कम उमेरमै वच्चा जन्माउँदा नँया जन्मीने वच्चा अवस्थ, अपाङ्ग जन्मीनुका साथै मृत्युको मुखमा पर्ने सम्भावना बढि हुन्छ । आमा शारीरिक र मानसिक रूपमा विकसित नभइ सकेको अवस्थामा अवश्यपनि सन्तान स्वस्थ वन्ने संभ्भावना अवश्यपनि कम हुन्छ । अध्ययन क्षेत्रमा हुने गरेका शिशु तथा वालमृत्युका घटना तालिका नं. ७ र ८ मा उल्लेख गरिएको छ । जस अनुसार शिशु मृत्यृ ३०% प्रतिशत र बालमृत्यु १४ प्रतिशत भएको तथ्याँक छ । यस सम्बन्धमा उत्तरदाता बताउँछन् मृत शिशु तथा बालक मध्ये केही निमोनियारोग बाट ग्रसित थिए भने धेरै जसोको मुत्यु भएको कारण थाहा भएन रोग लागेको थाह भएको भए उपचार गराउने थियौं यसैगरी अध्ययन क्षेत्रमा अस्पताल, क्लीनीकहरूको सुविधाको अभाव छैन यी तथ्यलाई केलाउँदा अध्ययन क्षेत्रमा बालविवाह प्रचलित भएको हुँदा मृत बालबच्चा शारीरिक रूपमा कमजोर जन्मिएको र यसो हुनुमा आमाको उमेर नपुगी गर्भाधारण भएको कुरा प्रष्टीन्छ ।

### ८.२.३ मातृमृत्यु

सानो उमेरमा विवाह भएकी महिला सानै उमेरमा नै आमा बन्न पुग्छिन् । तर अपरिपक्व शारिरिक अवस्थामा गर्भवती हुँदा विविध स्वास्थ्य समस्या आइपर्नुका साथै कहिलेकाँही उनीहरूको मुत्यु पनि हुन सक्छ । अध्ययन क्षेत्रमा मातुमुत्यु ४ प्रतिशत रहेको कुरा माथि तालिका नं. ९ उल्लेख गरिएको छ । मातृमृत्युका घटना मध्ये सबैको विरामिको लक्षण नदेखिकनै अचानक मुत्यु भएको उत्तरदाता वताउँछन् ती महिलाको १४, १५ र १६ वर्षमा गर्भवति हुँदा मृत्यु भएको कुरा तालिका नं ९ मा देखाइएको छ ।

## ८.३ वैवाहिक सम्बन्धमा पारेको असर

अध्ययन क्षेत्रमा पाइएको तथ्य अनुसार वैवाहिक सम्बन्धमा देखिएको असरलाई दूई भागमा विभाजन गरिएको छ ।

### ८.३.१ झै-झगडा तथा तनाव

उमेर नपुग्दै अर्थात व्यक्तिको इच्छा, आकंक्षा, प्रष्फुटित नहुँदै दोस्रो व्यक्तिको निर्णयमा विवाह भएपछि सँगै जिवन विताउने सम्बन्धित जोडिको वैवाहिक जीवनमा उत्तरचढाव तनाव सीजना हुनु नौलो कुरा होइन । अध्ययन क्षेत्रमा पतिपत्नी बिच बारम्बार झैझगडा, मनमुटाव हुनेगरेका केही घटना पाइयो । विशेष गरी भर्खर भर्खरका जोडीलाई हेर्दा श्रीमतीलाई गाली गर्ने, पिट्ने, कमाएर ल्याएको सबै पैसा अभिभावक लाई सुम्पने, श्रीमतीप्रतिको जिम्वेवारि ननिभाउनाले महिला आफ्नो पतिप्रति रुष्ट हुने गरेको पाइयो भने घरायसी काम धन्दाको सवालमा अभिभावकले कुरा सुनाउने गर्दा, पैसा मागिरहने गर्दा, भागेर माईती गईरहदा पति आफ्नो पत्नीप्रति रुष्ट हुने गरेको पाइयो । यसो हुनुको पछाडि पतिपत्नीको वैवाहिक जीवन लाई बुझ्न सक्ने बेला भइसकेको नहुनु तथा एक अर्का प्रतिको जिम्मेवारि निभाउन नसक्नु देखिन्छ ।

### ८.३.२ सम्बन्धविच्छेद

वैवाहिक जीवनमा वारम्वार तनाव उत्पन्न हुदाँ वैवाहिक सम्बन्धले सम्बन्धविच्छेदको रूप लिन्छ । कलिलो उमेरमा विवाह गराउँदा पछि उनीहरूको उमेर भएपछि अर्कैलाई मनपराएर भगाएर विवाह गर्ने सम्भावना हुन्छ । जसले गर्दा पहिलेको

सँग सम्बन्धविच्छेद हुन पुग्छ । अध्ययन क्षेत्रमा सम्बन्धविच्देका घटनाहरू वारम्वार घट्ने गरेको तथ्य अध्ययनको क्रममा पाईयो । माथि तालिका नं १० का अनुसार अध्ययन क्षेत्रमा ३५ प्रतिशत सम्बन्धविच्छेद हुने गरेको देखाइएको छ । यहाँ झगडा र तनावको स्थितिबाट सम्बन्धविच्छेद भएका घटना निकै कम पाईए भने केटा केटीले आफ्नो रोजाइमा सुटुक्क दोस्रो विवाह गरेपछि अभिभावकले गरिदिएका सँग सम्बन्धविच्छेद भएका घटना धेरै पाइए । तर एकै जना श्रीमानका दुई जना श्रीमती सँगै बसेको देखिएन ।

# परिच्छेद - नौ

## सारांश, निष्कर्ष र सुझाव

### ९.१ सारांश

प्रस्तुत शोध ग्रन्थले चीडिमार समुदायको विवाह संस्कार र बालविवाह प्रथाको वारेमा अध्ययनगरेको छ । यस शोधले चीडिमार समुदायमा हुने विवाह पद्धतिको अध्ययन गर्ने, बालविवाह प्रथाको अवस्था विश्लेषण गर्ने, बालविवाह निरन्तरताका कारण पत्ता लगाउने, ,बालविवाहको असर विश्लेषण गर्ने उद्देश्यहरू राखेको थियो । त्यसैगरी शोधपत्रको समस्याभित्र चिडीमार समुदायमा प्रचलित विवाह पद्धति कस्तो छ ? बालविवाह प्रथाको अवस्था कस्तो छ ?बालविवाहका कारण के के हुन ? र बालविवाहका असर के के छन् ? जस्ता प्रश्नहरू समस्याको रूपमा देखिएका छन् । यस शोधपत्रको अध्ययन अनुसन्धानमा अन्वेषणात्मक र वर्णानात्मक पद्वति अपनाइएको थियो भने प्राथामिक र द्वीतीय श्रोतहरूबाट तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गर्ने प्रयास गरिएको थियो सामान्य परिचय शीर्षकमा नेपालगञ्ज नगरपालिका, मध्यपश्चिमकै प्रसिद्ध वागेश्वरि मन्दिर, अध्ययन क्षेत्र बेलासपुर टोल, तथा चिडीमार जातिको समाजिक साँस्कृतिक अवस्थाको बारेमा चर्चा गरिएको छ । बालविवाह सम्बन्धि कानुनी प्रावधान शीर्षकमा बालविवाह सम्बन्धि नेपाली कानुनी व्यवस्था र प्रक्रीयाको बारेमा विवेचना गरिएको छ । त्यसपछि तथ्याँकको विश्लेषण र व्याख्या सुरु गरिएको छ ।

अध्ययन क्षेत्रमा बालविवाह सत प्रतिशत हुने गर्दछ । सानैमा विवाह गरिन्छ अनि ठुला भएपछि गौना, थौना गरेर सँगै राखिन्छ । गौना, थौना भइसक्दा पनि उनीहरूको उमेरले १८ वर्ष नाघेको हुँदैन । तर यस समुदायमा जन्म दर्ता राख्ने प्रचलन नभएकाले उत्तरदाताको सही उमेर पाउन सकिँदैन । यहाँ बालविवाह गराउने मुख्य कारणहरूमा अशिक्षा, गरीबी, जातीय संरक्षण, धर्म तथा अन्धविश्वास, समाजिक प्रतिष्ठा रहेका छन् । यसै गरि बालविवाहले शिक्षा, स्वास्थ्य तथा वैवाहिक सम्बन्धमा असर पारेको छ । यस अध्ययनका प्रमुख उपल्बधि यस प्रकार रहेका छन् ।

- अध्ययन क्षेत्रमा पुरुष २८.७२ प्रतिशत, महिला २८.५९ प्रतिशत, बालक २४ प्रतिशत, बालिका १८.७९ प्रतिशत छन् ।

- लिङ्गको आधारमा पुरुषको भन्दा महिलाको बैवाहिक उमेर कम छ ।

- अध्ययन क्षेत्रमा ६८ प्रतिशत अशिक्षित छन् भने ३२ प्रतिशत अर्धशिक्षित छन् । अशिक्षित समूहमा औसत बैवाहिक उमेर ११.५ छ भने अर्धशिक्षितमा १४.५ वर्ष छ ।

- यस समुदायमा कृषि पेसा गर्ने २४ प्रतिशत, श्रमिक ३४ प्रतिशत, ब्यापार १० प्रतिशत, र जागिर गर्ने ६ प्रतिशत छन् । जसमध्ये पेसा अनुसार बैवाहिक उमेरमा कृषिमा ११.७५, श्रमिकमा १२.५, ब्यापारमा १३ र जागीरमा १७.७५ छ ।

- अध्ययन क्षेत्रमा शिशुमुत्यु ३० प्रतिशत, बालमृत्यु १४ प्रतिशत, मातृमृत्यु ४ प्रतिशत, र सम्बन्धविच्छेद ३५ प्रतिशत छ ।

- अन्तरजातीय विवाहलाई समुदायमा नराम्रो मानिएता पनि यहाँ १२.८५प्रतिशत अन्तरजातीय तथा ८७.१५ प्रतिशत विवाह सजातीय हुने गरेको छ ।

## ९.२ निष्कर्ष

व्याक्ति विरामी हुनु रोगको कारणले हो र रोग लाग्नु व्याक्ति र वातावरणको अन्तक्रियात्मक व्यावहारको परीणाम हो । बालबालिका राष्ट्रको वहुमुल्य गहना हुन । कुनै पनि देशको भविष्य त्यहाँका बालबालिकाको अवस्थामा निर्भर गर्दछ । त्यसकारण बालबालिकाको शिक्षा,दिक्षा, पालनपोषण राम्रे सँग हुनुपर्दछ । माया, प्ररेणा, अवसर र उत्साह दिनुपर्दछ । स्वतन्त्रता, न्याय, अवसर र क्षमताको विकास गर्न पाउनु उनीहरूको जन्मसीद्ध अधिकार हो । बालविवाहह गरीदिनु बालअधिकारको हनन् हो ।

विवाह यस्तो सामाजिक संस्था हो जसले परिपक्कता, क्षमता र जिम्मेवार वहनको माग गर्दछ तर बालविवाह गरीदिदा वैवाहिक जीवन बोझ बन्न सक्दछ । बेलासपुर टोलमा रहेको चिडीमार समुदायमा भइरहेको बालविवाह प्रथाका बारेमा गरिएको यस अध्ययनका निष्कर्ष निम्न बमोजिम छन् ।

अध्ययन क्षेत्रमा पुर्खादेखि नै बालविवाह प्रचलन चलेको र हाल पनि नवपुस्ताले उक्त प्रथालाई परम्पराको रूपमा निरन्तरता दिएका छन् । बालविवाह गराउने मुख्य कारणमा गरीबी , शिक्षा तथा जनचेतनाको अभाव, परम्परा, जातीय संरक्षण, धर्म तथा अन्धविश्वास, कानुनी नियम सम्बन्धी चेतनाको अभाव आदि हुन । बालविवाह इतिहास पल्टाउँदा धार्मिक जातीय अन्धता र लैगिंक भेदभाव नै यसका मुल जड देखिन्छन् भने वर्तमान परि प्रक्षेमा कारण एक नभइ अनेकौं बिकसित भएको अध्ययन क्षेत्रमा प्राप्त तथ्यबाट पूष्टि हुन्छ । यसबाट विवाहित जोडि बाहेक परिवार तथा समाजमा गम्भीर असर पर्दछ । विशेषगरी वैवाहिक जीवन, शिक्षा, स्वास्थ्य तथा आर्थिक, स्थीतीमा प्रत्यक्ष असर पर्दछ विशेष गरी पुरुषभन्दा महिला बढि पीडित र आक्रान्त हुन पुग्दछन् ।

अध्ययन क्षेत्रमा लिंगको हिसाबले तुलनात्मक रूपमा पुरुषको केही वर्ष भएपनि ढिलो विवाह हुने गरेको छ । यसो हुनुमा लैगिक भेदभाव देखिन्छ । शिक्षाको हिसाबले हेर्दा आशिक्षित समूहमा बैवाहिक उमेर सबैभन्दा कम ११.५ छ । अर्धशिक्षित समूहमा तुलामत्मक रूपले ढिलो विवाह हुने गरेको छ । पेसाको हिसाबले कृषि तथा श्रमिक हरूमाझ बैवाहिक उमेर सबभन्दा कम छ भने ब्यापार तथा जागिर गर्नेहरूमा तुलनात्मक रूपमा बढि छ । यसो हुनुमा अरुसैग कारोबार गर्दा, बाहिर चालचलनको सम्पर्कमा आइरहँदा त्यसको प्रभाव परेको हुन सक्छ । बालविवाहको सबैभन्दा बढि असर बैवाहिक जीवनमा परेको पाइएको छ यस सम्बन्धमा केही समूह झगडा तथा तनावबाट गुज्रनेको भेटिएको छ भने सम्बन्धविच्छेद हुनेका संस्या ३५ प्रतिशत पाइएको छ । यसैगरी शिशुमुत्युको संख्या पनि धेरै अर्थात ३०प्रतिशत छ । यस अध्ययनमा शोधकर्ता सम्बन्धित क्षेत्रमागई सोधपुछ गरेर विभिन्न जानकारी लिइएको थियो । अध्ययनक्षेत्रमा गई अन्तक्रिया, अवलोकन गर्दा यसलाई एउटा सामाजिक विषयको रूपमा लिनुपर्ने आवश्यकता ठानिएको छ । बालविवाह जस्तो सामाजिक समस्यामा अध्ययन, अनुसन्धान गर्न चाहने ब्यक्ति, संस्था तथा सरोकार वाला पक्ष एवं बैवाहिक बन्धनमा  बाँधिन चाहेने पक्षहरू तथा उक्त कार्यमा मेरो यस अध्ययनले सहयोगी भूमिका खेल्नेछ भन्ने विश्वास राखेको छु ।

## ९.३ सुझाव

बालविवाह प्रथाको सुरुवात कसरी भयो भन्ने कुरा लाई केलाउँदा यसका पछाडि धार्मिक र जातीय पृष्ठभूमि गाँसिएको पाइन्छ । समयको अन्तरालसँगै आजको स्थितिमा बालविवाहका कारण एक नभई अनेक छन् । एकातिर परम्परागत मान्यता र चालचलनले समाजमा जरो गाडेर बसेको र अर्कोतिर शिक्षाको क्षेत्रमा पछाडि परेको अवस्थामा चलिरहेको प्रथा समाजबाट सम्पूर्ण रूपमा निर्मुल हुन सजिलो छैन । अत : यस सम्बन्धमा प्रभावकारी अबधारणाको आबश्यक छ ।

आज कतिपय समुदायहरू विकास र परिवर्तनबाट अपरिचित छन् । परम्परागत धारणा र प्रथामा दतचीत्त भएर रुमल्लीएका छन् । विभिन्न नकारात्मक असरका बाबजुत पनि यी यस्ता समुदायहरू परिष्कृत तथा परिवर्तित शैली बाट अनभिज्ञ बनि पुरानै धारणा भित्र जकडीएका छन् यस्ता जन समुदाय आफुले अपनाएका चालचलन बाट भोगेका परिणाम लाई भाग्यको खेल सम्झेर चित्त बुझाँउछन् । अध्ययन क्षेत्र यसकै एउटा उदाहरण हो । सामाजिक जनजीवनमा फड्को मार्न नसकेका यस्ता समुदायमा शिक्षा र चेतनाले मात्र परिवर्तन ल्याउन सम्भव हुन्छ । अतः सर्वप्रथम शिक्षामा जोड दिनु आवश्यक छ । यसैगरी सामाजिक कार्यकर्ता, युवा समूह, गैर सरकारी एवं सरकारी निकायबाट वाल विवाह विरुद्धमा सचेतना जगाउन नियमित रूपमा प्रभावकारी कार्यक्रमहरू ल्याउनु पर्दछ । जसअन्तर्गत बालविवाहका व्याक्तिगत, पारिवारिक, सामाजिक बेफाइदा र यससम्बन्धी कानुनी नीती नियमका बारेमा जानकारी गराउने कार्यक्रम दिनुपर्दछ । यसैगरी समुदायमा प्रत्येक ब्याक्तिलाई आफ्ना आधिकारका बारेमा सचेत र जागरुक गराउनु पर्दछक । बालविवाह सम्बन्धी कानुनी नियम कडा रूपमा लागू हुनुपर्दछ । नेपाली समुदायमा बालविवाहलाई सामाजिक समस्याका रूपमा लिदैनन् । यो सामाजिक समस्या हो भनेर किटान गर्नका लागि जनस्तरमा यस विषयलाई समस्याको रूपमा मानिनु आवश्यक हुन्छ र जनस्तरकै जान्ने बुझ्ने शिक्षित वर्ग बाट नै यस समस्याका विरुद्ध कदम चालीनु पर्दछ । तर यो समस्या हो भनेर जनमानसलाई चिनाउनका लागि सामाजिक कार्यकर्ता, राजनीतिक कार्यकर्ता, बुदिजिवि लगायत सरकारी पक्षबाट ब्यापक रूपमा प्रचार-प्रचार, बालविवाहका परिणामको ब्यापक चर्चा, परिचर्चा र यो समस्याको उपायका बारेमा जनसमुदायलाई सचेत गराउनु पर्दछ । जबसम्म बालविवाहको बारेमा बैज्ञानिक अवधारणा जनता माझ पुग्दैन । तवसम्म जनतामा सचेतना जागरुकता आउन सक्दैन र सामाजिक समस्याका रूपमा

जनमानसले स्वाकार गर्दैनन् अतः जिम्मेवार मानिसहरूले बालविवाहका बारेमा जनता समक्ष पुग्ने र मन छुने खालका सोच, दृष्टिकोण भएका कार्यक्रम लिएर जानुपर्दछ । बालविवाहका अवधारणा ग्रामिण केन्द्रीत हुनुपर्दछ । आधिकांशलाई बालविवाह कानुनि रूपमा मान्यता प्राप्त होइन भन्ने थाहा छ तर कानुनी व्यबस्था तथा बालविवाहको सामाजिक, आर्थिक, शारीरिक तथा मानसिक परिणामहरू थाहा छैन । बालविवाह के कसरी बैधानिक होइन भन्ने थाहा छैन । अतः कानुनी नीती नियमको बारेमा जानकारी गराउने खालका कार्यक्रम दिनुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची

## (क) खस नेपाली भाषामा भएका सन्दर्भग्रन्थ सूची


अधिकारी, रोजिता, २०१२ (इ.सं.) "बहुविवाहले सताएको जुम्ला", ***नागरिक दैनिक,*** ८ मार्च, २०१२ (इ.सं.), काठमाडौँ ।

अर्याल, भोजेन्द्र, २०५९, ***लैङ्गिक अध्ययन,*** समाजशास्त्र प्रकाशन, काठमाडौं ।

आचार्य, बलराम, २०६२, ***सामाजिक सँस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,*** नेशनल बुक सेन्टर, भोटाहिटि, काठमाडौं ।

ओझा, नेत्र, २०६३, ***समाजका ढाँचाहरु,*** एकेडेमिक बुक सेन्टर, टि.यु., कीर्तिपुर ।

गौतम, टीकाराम, २०६१, ***संस्कृतिको सैद्धान्तिक ढाँचा,*** विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।

थापा, हरिबहादुर, २०६५, ***मगर जातिमा विवाह पद्धति : एक मानवशास्त्रीय अध्ययन,*** मानवशास्त्र विद्यावारिधि तहको आंशिक पाठ्यक्रम पूर्तिको लागि प्रस्तुत शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

दाहाल, पेशल र खतिबडा, सोमप्रसाद, २०५९, ***अनुसन्धान पद्धति,*** एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, काठमाडौँ ।

पन्थी, लक्ष्मीकान्त, २०५४, ***ब्रतवन्ध र विवाह संस्कार : एक समाजशास्त्रीय अध्ययन,*** समाजशास्त्र स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम पूर्तिको लागि प्रस्तुत शोधपत्र त्रि.वि., कीर्तिपुर ।

प्रभात, विष्णु, २०५३, "हिन्दु धर्म र नारी", ***मातृत्त्व,*** कल्पवृक्ष प्रकाशन, काठमाडौँ ।

बालिका विभाग, १९९६ (इ.सं.), ***बालविवाह हिजो र आज,*** बालिका विभाग, बाफल, काठमाडौँ ।

बिष्ट, प्रताप, २०११ (इ.सं.), "बालविवाह कायमै", ***कान्तिपुर दैनिक,*** २४ अक्टोबर २०११ (इ.सं.), काठमाडौँ ।

बुढा, ललित बहादुर, २०११ (इ.सं.), “बालविवाह गरकोमा पछुताउँदै अधिकांश जोडी”, ***राजधानी दैनिक***, २, डिसेम्बर २०११ (इ.सं.), काठमाडौँ ।

वैध, तुलसीराम, मानन्धर, त्रिरत्न र जोशी, शंकरलाल, १९९३ (इ.सं.), ***नेपालको सामाजिक इतिहास,*** रत्न पुस्तक भण्डार, भोटाहिटि, काठमाडौँ

शर्मा, देवेन्द्र, २०११ (इ.सं.), ३० जुन, “तेह्र नपुग्दै बिहे चौधमा त सन्तान”, अन्नपूर्णपोष्ट दैनिक, ३० जुन, २०११ (इ.सं.), काठमाडौँ ।

शर्मा शुसीला, २०५९, “धर्म र सामाजिक नियम”, ***अस्मिता,*** रत्नपुस्तक भण्डार भोटाहिटि, काठमाडौं ।

सिविन, २०५९, ***बालविवाह***, सिविन, काठमाडौँ

**(ख) अंग्रेजी भाषामा भएका सन्दर्भग्रन्थ सूची**

Acharya, Meena, 1981, ***The status of women in Nepal***, volume II part, CEDA, Kathmandu.

Ali, Azra-Asghar, 2000, ***The Emergence of Feminism among Indian***, Oxford University Press, London.

Arole, Mabelle 1998, ***Religion and Rights children and women in South Asia***, UNICEF, India.

Bloom, D.E. and Reddy, P.H., 1986, ***Age of women at first marriage, cohabitation and first birth in India,*** Demography, 23, 509-523. National Center for Biotechnology Information, U.S.A.

Chettri Rita, 2002, ***Early Childmarriage in Rural Nepal in Uttar Jhakaiya VDC of Bara District***, An unpublished thesis, submitted to Sociology/Anthroplogy Department, T.U., Kirtipur.

Eugene, M. Lewit, 1992, ***Teenage child bearing***, Princeton University, Princeton.

Regmi, Rajendra Kumar, 2001, ***Safe Motherhood Practice among Chidimar Community, A Study from Nepalgunj,*** An unpublished thesis, submitted to Sociology/Anthroplogy Department, T.U., Kirtipur.

Robert, Jenson and Thoranton, Rebecca, 2003, "Early Marriage in Developing world" in ***Gender and Development***, vol.11. No 2, Pp. 9-19, Taylor and Francis, Ltd., London.

Santhya, K.G. and Jejeebhoy, S.J., 2007. "Early Marriage and HIV Aids", ***Economic and Political Weekly***, vol. 422, April 13-17, New Delhi.

Sunam, Ramesh Kumar, 2002, ***Social Deprivation : A Dimenson of Poverty : A Case Study of Disadvantaged Group Childmar Community of Nepalgunj,*** An unpublished thesis, submitted to Sociology/Anthroplogy Department, T.U., Kirtipur.

Tuladhar, J.M., Fisher, A. and Stoeckel, J., 1982, ***Differential Fertility in Rural Nepal Population Studies,*** vol 36, Department of Demmography National University of Australia.

UNICEF, 2009, ***State of the worlds children***, UNICEF, Kathmandu.

## सन्दर्भ साहित्य सङ्कलन गरिएका स्थानहरू

*युनिसेफ कार्यलय पुलचोक काठमाडौँ*

*सिविन कार्यलय रबिभवन काठमाडौँ*

*इन्सेक कार्यलय स्युचाटार काठमाडौँ*

*बहा पुस्तकालय बत्तिसपुतली काठमाडौँ*

*त्रि.वि पुस्तकालय कीर्तिपुर काठमाडौँ*

*सामुदायिक विकास केन्द्र बेलासपुर नेपालगंज*

## प्रश्नावली (१)

चिडीमार समुदायमा बालविवाह :: एक समाजशास्त्रीय अध्ययन

अभिभावक वर्ग ( १९-५९ वर्ष उमेर समूहका लागि)

१. नाम................ २. थर ...............

३. लिङ्ग .............. ४. उमेर ............

५. धर्म ................

६. हजुरको कति वर्षमा विवाह भएको हो ?

...................................................

७. त्यति सानो उमेरमा विवाह किन भएको हो

......................................................

......................................................

८. हजुरको शिक्षा दिक्षा कति हो ?

अशिक्षित ☐ ५ कक्षा मुनि ☐ १० कक्षा मुनि ☐ उच्च शिक्षा ☐

९. हजुरको पेसा के हो ?

चरा मार्ने ☐ किसान ☐ श्रमिक ☐ व्यापार ☐ जागीर ☐

१०. हजरका सन्तान कति छन् ?

छोराहरूको संख्या ......... छोरीहरूको संख्या ...........

११. जन्मिएका जति सवै सन्तान बाँचेका छन् ?

छन् ☐ छैनन् ☐

छैनन् भने कति सन्तान कसरी खेर गए ?

१.

२.

१२. छोरालाई पढ्न स्कुल पठाउनु भएको छ ?

छ ☐ छैन ☐

छैन भने किन ?

१.

२.

१३. छोरीलाई पढ्न स्कुल पठाउनु भएको छ ?

छ ☐ छैन ☐

छैन भने किन ?

१.

२.

१४. छोरा छोरीको विवाह भएको छ ?

छ ☐ छैन ☐

छ भने यो तालिका भर्नु होस

| **छोराको विवाह भएको उमेर** | **वुहारीको विवाह भएको उमेर** | **छोरीको विवाह भएको उमेर** | **ज्वाँइको विवाह भएको उमेर** |
|---|---|---|---|
| १.<br>२.<br>३.<br>४. | १.<br>२.<br>३.<br>४. | १.<br>२.<br>३.<br>४. | १.<br>२.<br>३.<br>४. |

१५. परिवार नियोजन गरिसक्नुभयो ?

छ ☐ छैन ☐

१६. परिवार नियोजनको भावी योजना छ ?

छ ☐ छैन ☐

१७. हजुर या हजुरको परिवार तथा सन्तान लाई भएका कुनै स्वास्थ्य समस्या बारे बताइदिनुस न ।

..........................................................................................

..........................................................................................

..........................................................................................

१८. हजुरलाई छोराको बालविवाह हुनु राम्रो हो जस्तो लाग्छ ?

लाग्छ ☐ लाग्दैन ☐

लाग्छ भने के कारणले | लाग्दैन भने के कारणले

१. | १.

२. | २.

३. | ३.

१९. हजुरलाई छोरीको बालविवाह हुनु राम्रो हो जस्तो लाग्छ ?

लाग्छ ☐ लाग्दैन ☐

लाग्छ भने के कारणले | लाग्दैन भने के कारणले

१. | १.

२. | २.

३. | ३.

२०. तपाइँको विचारमा कुन सहि हो ?

१. बालविवाह कानुनी मान्यता प्राप्त कार्य हो ☐

२ .बालविवाह गैर कानुनी कार्य हो हो ☐

३. थाहा छैन ☐

२१. बालविवाह प्रथालाई अब अगाडि बढाउनु पर्छ या रोक्नु पर्छ ?

बढाउनु पर्छ ☐ रोक्नु पर्छ ☐

बढाउनु पर्छ भने किन | रोक्नु पर्छ भने किन

१. | १.

२. | २.

२२. तपाँइको समुदायमा बालविवाह रोक्न कुनै निकायबाट केही कार्य भएका छन् ?

छन् ☐ छैनन् ☐

छन् भने के के भएका छन् ?

......................................

.......................................

........................................

२३. तपाँइको समुदायमा अन्तरजातीय विवाह हुने गर्दछ ?

हुन्छ ☐ हुँदैन ☐

२४. तपाँइको समुदायमा प्रेम विवाह हुने गर्दछ ?

हुन्छ ☐ हुँदैन ☐

२५. तपाँइको समुदायमा सम्वन्ध विच्छेदका घटना घट्ने गरेका छन् ?

छन् ☐ छैनन् ☐

२६. तपाँइको समृदायमा पुर्नविवाहका घटना हुने गरेका छन् ?

छन् ☐ छैनन् ☐

२७. चिडीमार समुदायको विवाह संस्कार कति चरणमा कसरी सम्पन्न हुन्छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

## प्रश्नावली (२)

## चिडीमार समुदायमा बालविवाह : एक समाजशास्त्रीय अध्ययन

**बालबालिका लागि**

१. नाम................ २. थर ...............

३. लिङ्ग .............. ४. उमेर .............

५. तपाँइको शीक्षा कति हो ?

५ कक्षा मुनि ☐ १० कक्षा मुनि ☐ अशिक्षित ☐

यदि अशिक्षित वा पढाइ छोडीसकेको भए यसका कारण के के हुन ?

..................................................................................

..................................................................................

६. तपाईको विवाह भएको छ ?

छ ☐ छैन ☐

७. भएको छ भने कति वर्षमा विवाह भएको हो ?

...........................................................

८. तपाईले यति सानो उमेरमा विवाह आफ्नो खुशिले गर्नु भएको हो कि परिवारको चाहनाले हो ?

...............................................................................................

...............................................................................................

९. विहे अगाडि कत्तिको काम गर्नुहुन्थ्यो र विहे पछाडि कत्तिको काम गर्नु परेको छ ?

..............................................................................................

...............................................................................................

१०. विहे पछाडिका दिनमा घुम्न खेल्न कत्तिको पाउनुहुन्छ ?

.............................................................

धेरै ☐ थोरै ☐

११. तपाईको स्वास्थ्यमा कुनै समस्या देखिएका छन् ?

छन् ☐ छैनन् ☐

छन् भने के कस्ता रहेका छन् बताइदिनुस न

.......................................................

.......................................................

१२. तपाईलाई बालविवाह भएको मन पर्छ ?

पर्छ ☐ पर्दैन ☐

<u>पर्छ भने किन</u> ? <u>पर्दैन भने किन</u> ?

.................. ......................

.................. ......................

.................. ......................

धन्यबाद

## प्रश्नावली (३)

### चिडीमार समुदायमा बालविवाह : एक समाजशास्त्रीय अध्ययन

### वृद्धवृद्धाका लागि

१. नाम................ २. थर ...............

३. लिङ्ग .............. ४. उमेर .............

५. हजुरको विवाह कति वर्षमा भएको हो ?

...................................................

४. त्यति सानो उमेरमा विवाह किन भएको हो ?

....................................................................

....................................................................

७. हजुरको शिक्षा कति हो ?

अशिक्षित ☐ ५ कक्षा मुनि ☐ १० कक्षा मुनि ☐

८. के काम गर्नुहुन्छ ?

घरको काम ☐ आश्रित ☐

९. हजुरका सन्तान कति छन् ?

छोराहरू ......... छोरीहरू .........

१०. जन्मिएका जति सबै सन्तान बाँचेका छन् ?

छन् ☐ छैनन् ☐

छैनन् भने कति सन्तान कसरी खेर गए ?

१.

२.

११. आफ्ना छोरा छोरीलाई पढाउनु भयो ?

पढाँए ☐ पढाइन ☐

नपढाएको भए किन ?

१.

२.

१२. परिवार नियोजन गर्नुभाथ्यो ?

गरें ☐ गरिन ☐

१३. हजुरलाई छोरा छोरी को बालविवाह हुनु राम्रो हो जस्तो लाग्छ ?

लाग्छ ☐ लाग्दैन ☐

| लाग्छ भने के कारणले | लाग्दैन भने के कारणले |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

१४. बालविवाह गैर कानुनी हो भन्ने थाह छ ?

१. थाह छ ☐

२.. थाहा छैन ☐

१५. बालविवाह कार्य अगाडि बढाउनु पर्छ या रोक्नु पर्छ ?

बढाउनु पर्छ ☐ रोक्नु पर्छ ☐

१६. तपाँइको पालाामा सम्वन्ध विच्छेदका घटना हुन्थे ?

हुन्थे ☐ हुन्थेनन ☐

१७. तपाइको समुदायको विवाह संस्कार कति चरणमा कसरी सम्पन्न हुन्छ ?

.......................................................................................

.......................................................................................

.......................................................................................

धन्यबाद